# पहिलो परिच्छेद

# शोध परिचय

## १.१ विषय परिचय

नेपालको मध्यपश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत राप्ती अञ्चलमा पर्ने विभिन्न जिल्लाहरूमध्ये दाङ जिल्ला साहित्यिक दृष्टिले महत्वपूर्ण जिल्ला हो । दाङ जिल्लाको साहित्यिक परम्परा त्यति पुरानो नभए तापनि १९ औँ शताब्दीको उत्तरार्धदेखि यसको इतिहास भेट्न सकिन्छ । नेपालमा प्रजातन्त्रको उदयदेखि नै यहाँका साहित्यकारहरूको कलम साहित्यका अनेक विधामा चलेको पाइन्छ । खासगरी कविता विधामा यहाँका स्रष्टाहरूका कविताएवम् सर्वाधिक रचनाहरू पाइन्छन् भने तुलनात्मक रूपले नाट्य विधाको सङ्कलन भने कमै देखिन्छ । तसर्थ दाङ जिल्लामा लेखिएका नाटकको सङ्ख्या के कति छ र विषयवस्तुको प्रकृतिका आधारमा ती नाटकहरू के कस्ता छन् ? ती नाटकहरूको सङ्कलन, वर्गीकरण र विश्लेषणको आवश्यकताको महसुस गरिएको हुँदा प्रस्तुत शोधकार्य त्यही उद्देश्यपूर्तितर्फ लक्ष्यित छ ।

## १.२ समस्याकथन

यस शोधपत्रमा दाङ जिल्लाको साहित्यिक विकासमा योगदान पुऱ्याउने नाटककारहरूको नाट्यकृतिको अध्ययन गरिएको छ । यस शोधपत्रमा निम्न समस्याहरूलाई उठाइएको छ :

(क) दाङ जिल्लाको नाट्य सिर्जनाको पृष्ठभूमि र परम्परा के कस्तो छ ?

(ख) दाङ जिल्लाका नाटककार र तिनका के कस्ता नाट्यकृतिहरू प्रकाशित छन् ?

(ग) दाङ जिल्लाका नाटककारहरूका नाट्यकृतिको मूल प्रवृत्ति कस्तो छ ?

## १.३ शोधकार्यको उद्देश्य

यस शोधकार्यको उद्देश्य दाङ जिल्लाको नाटक परम्परामा देखापरेका नाटककार र तिनका नाट्यकृतिको अध्ययनका क्रममा निम्न लिखित उद्देश्य रहेका छन् :-

(क) दाङ जिल्लाका नाटक र तिनका पृष्ठभूमि र परम्परा पहिल्याउनु ।

(ख) दाङ जिल्लाका नाटककार र तिनका नाट्य कृतिहरुको सर्वेक्षण गर्नु ।

(ग) दाङ जिल्लाको नाटककार र तिनका नाट्यप्रवृत्तिहरुको विश्लेषण गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

नाटक सिर्जनाको स्थितिको अनुसन्धान र अध्ययनबाट दाङ जिल्लामा अन्य विद्याका तुलनामा नाट्यविधाको सर्जक र कृतिहरू सङ्ख्यात्मक रूपमा थोरै देखिन्छन् । नाटक बाहेक अन्य विधामा धेरै अनुसन्धान भएको देखिन्छ । अहिलेसम्म दाङ जिल्लाको नाटक तथा नाटककारको बारेमा भएको अध्ययन अनुसन्धान यस प्रकार देखिन्छन् :

महेश चौधरी वि.सं. २०३९ द्वारा लिखित 'बसाईं' शीर्षकको नाटकमा दयनीय दु:ख भोग्दै आएका थारू किसानहरूको वारे वर्णन गरिएको छ । उक्त नाटकमा देशका विभिन्न ठाउँमा फिरन्ते बनेका थारू जातिको अवस्थालाई मध्यनजर गरेर अन्याय, उत्पीडनको बारेमा वर्णन गरिएको छ । थारू जातिको जीवन चारैतिर अन्धकार छ भन्दै यस नाटकबाट जनचेतना दिन खोजिएको छ ।

शुकदेव शर्मा लामिछानेको 'प्रायश्चित' शीर्षकमा नाटकको २०६०/४/१६ गते 'शुभकामना' शीर्षक अन्तर्गत खुमाकान्त रेग्मीले शुकदेव शर्मा लामिछाने सामाजिक कार्यकर्ताहरूको साथै कर्तव्यबोधका चेतनाले यूक्त सामाजिक विकृति र विसङ्गतिका विरूद्ध कलम चलाउने लेखक भएको कुरा उल्लेख गरेका छन् । यहाँ सामाजिक भावना बोकेका प्रायश्चित एकाङ्की नाटकले पाठक वर्गको मन पगाल्न सकोस् भन्ने शुभकामना व्यक्त गरिएको छ ।

त्यसै गरी गाउँघर साप्ताहिक पूर्णाङ्क ४४९/२०६१ चैत्र २० शनिबार 'फर्केर हेर्दा' शीर्षकमा नारायण प्रसाद शर्माले 'इन्दुमति' नाटक लेखेर सर्वप्रथम २००८ तिर यो नाटक मञ्चन गरिएको थियो भन्ने कुरा उल्लेख गरेका छन् । नारीको शोषण हुनु हुँदैन भन्दै महिला हक हितको लागि यो नाटक मञ्चन भएको बताइएको छ ।

त्यसै गरी वि.स. २०६२ को स्मारिका आश्विन वर्ष १, अङ्क १ को नवयुग नाट्य सांस्कृति समूहमा साहित्यकार उत्तम कृष्ण मजगैंयाले दाङको नाट्य लेखन एवम् मञ्चन परम्परा शीर्षकमा यसको ऐतिहासिकतालाई केलाउँदै मल्ल कालीन डबली नाचहरू धार्मिक अवसरमा देखाइने नाटिकाहरू नाटककै पूर्व रूप हुन् भनेका छन् ।

त्यसै गरी वि.सं. २०६२ को स्मारिका आश्विन वर्ष १, अङ्क १,को नवयुगमा मथुरा प्रसाद श्रेष्ठले 'नाटक प्रदर्शन, विगत र वर्तमान केही अनुभव' शीर्षकमा यसको प्राचीन काललाई केलाउँदै नाटक प्रदर्शन गर्दा आज भोलिको जस्तो साउन्ड सिस्टम, लाइट तथा आधुनिक साधनहरू थिएन । त्यस बेलाका स्थानीय साधनहरू प्रयोग गरेर

नाटक प्रदर्शन गरिन्थ्यो । नाटकहरू प्रायः धार्मिक जस्तैः रामायण, महाभारत, बुद्ध महिमा, कृष्णलीला, शिवलीला, गणेश, लक्ष्मी, सरस्वती, नवदुर्गा सम्बन्धी नाटकहरू समय र परिस्थिति अनुसार तयार पारिन्थ्यो ।

श्यामलाल पाण्डेले वि.सं. २०६६ को 'नेपाली साहित्यमा ज्योत्सना पत्रिकाको योगदान' शीर्षकको शोधपत्रमा ज्योत्सना पत्रिका भित्र प्रकाशित नाटकको अध्ययन एवम् विश्लेषण गरेका छन् ।

किरण गौतमले वि.सं. २०६९ को 'नेपाली साहित्यमा दाङका साहित्यिक पत्रिकाको योगदान' शीर्षकको शोधपत्रमा दाङबाट प्रकाशित भएका पत्रिकाभित्रका प्रतिनिधि नाट्य रचनाहरूको विश्लेषण गरेका छन् ।

राजेन्द्र गौतमले वि.स.. २०६९ को 'नेपाली साहित्यमा छहरा पत्रिकाको योगदान' शीर्षकको शोधपत्रमा दाङको महेन्द्र क्याम्पसबाट प्रकाशित छहरा पत्रिकामा प्रकाशित नाट्य रचनाहरुको विधातात्विक एवम् विषयवस्तु प्रक्षेपणका आधारमा विश्लेषण गरेका छन् ।

यसरी काल क्रमिक रूपमा दाङका नाट्य कृति र नाट्य स्रष्टाहरूका बारेमा अध्ययन गर्दै जाँदा खाली फुटकर समीक्षा, भूमिका मूलक लेखन र शुभकामना दिने क्रममा विभिन्न विद्वान, समालोचक र टिप्पणीकारहरूले दाङबाट प्रकाशित नाटकहरूको बारेमा खाली टिप्पणीमूलक सामग्रीमात्र तयार पारेको तर यस शोधार्थीले सुरू गर्न थालेको 'दाङ जिल्लाका नाटकको अध्ययन' शीर्षकमा कसैको पनि समग्र नाट्य कृतिको अध्ययन नगरिएको हुँदा प्रस्तुत शोधकार्य औचित्यपूर्ण छ भन्ने कुरा पुष्टि हुन्छ ।

## १.५ शोधको औचित्य

नेपाली साहित्यको क्षेत्रमा योगदान पुऱ्याउने दाङ जिल्लाका नाटकको बारेमा यस शोधकार्यमा अध्ययन अनुसन्धान गरिएको छ । यस प्रकारको क्षेत्रीय अध्ययनले सम्बन्धित क्षेत्रको नाटक विधाको परम्परा र विकासलाई प्रकाशनमा ल्याउने हुनाले यसको महत्व रहेको छ । यस शोधपत्रमा दाङ जिल्लाका नाटककार र तिनका नाट्य कृतिहरूलाई अध्ययन र विश्लेषण गर्न प्रस्तुत गरिएकाले यस विषयमा जानकारी लिन चाहने जिज्ञासु पाठकहरूका लागि यो शोधपत्र उपयोगी रहेको छ । यस शोधपत्रको उद्देश्य क्षेत्रीय अध्ययनमा अनुसन्धान परम्पराको विकासमा सहयोग पुऱ्याउनका साथै

समग्र नेपाली साहित्यको इतिहासको खोज अनुसन्धान कार्यमा पनि प्रयाप्त सामग्री उपलब्ध गराउने भएकोले प्रस्तुत शोधपत्रको औचित्य स्वतः स्पष्ट हुन्छ । यसका साथै भविष्यमा शोध गर्न चाहने शोधार्थीहरूलाई गोरेटो प्रदान गर्ने भएकाले प्रस्तुत शोधपत्र उपयोगी हुनेछ ।

## १.६ शोधपत्रको सीमाङ्कन

प्रस्तुत शोधपत्र नेपाल राज्यको राप्ती अञ्चल अन्तर्गत पर्ने दाङ जिल्लाको भौगोलिक मानचित्र भित्र रही यस जिल्लाको सामान्य परिचय, सङ्क्षिप्त साहित्यिक इतिहास र दाङबाट प्रकाशित पत्र पत्रिकाले यस विधाका पृष्ठभूमि र परम्परालाई सङ्क्षिप्त रूपमा प्रस्तुत गरिएको छ । यसका साथै दाङ जिल्लाका नाटकारहरूको परिचय दिँदै तिनका नेपाली भाषामा प्रकाशित नाट्य कृतिहरूको मात्र अध्ययन विश्लेषण प्रस्तुत गरिएको छ ।

## १.७ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधपत्रमा शोध विषयसँग सम्बद्ध हुने आवश्यक सामग्री सङ्कलनका लगि क्षेत्रीय अध्ययन रहेको छ । यस प्राथमिक तथा द्वितीयक स्रोतको उपयोग गर्दै प्रश्नावली र पुस्तकालयीय अध्ययन पद्धति अवलम्बन गरिएको छ । यसै गरी सम्बन्धित विषयका बारेमा पत्रपत्रिकामा गरिएका टिप्पणी र समीक्षालाई सहायक सामग्रीका रूपमा लिइएको छ । आवश्यकता अनुसार सम्बद्ध क्षेत्रका विभिन्न विद्वान्, शोध निर्देशक र संघ संस्थाबारे पनि जानकारी लिइएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई निम्न लिखित परिच्छेदमा मूल शीर्षक र आवश्यकता अनुसार उपशीर्षक राखी व्यवस्थित ढङ्गले तयार पारिएको छ :

पहिलो परिच्छेद : शोध परिचय

दोस्रो परिच्छेद : दाङ जिल्लाको भौगोलिक, सांस्कृतिक परिवेश तथा साहित्यिक पृष्ठभूमि ।

तेस्रो परिच्छेद : नेपाली नाट्य परम्पराको सन्दर्भमा दाङको नाट्य परम्परा ।

चौथो परिच्छेद : दाङका नाटककारका नाट्यकृतिको विवरण तथा विश्लेषण ।

पाँचौं परिच्छेद : दाङका नाटककारका फुटकर नाट्य रचनाको विवरण र विश्लेषण ।

छैटौं परिच्छेद : शोधसार/ निष्कर्ष ।

## दोस्रो परिच्छेद

# दाङ जिल्लाको भौगोलिक, सांस्कृतिक तथा साहित्यिक पृष्ठभूमि

### २.१ दाङ जिल्लाको भौगोलिक/सांस्कृतिक परिचय

नेपालको पाँच विकास क्षेत्रहरू मध्ये मध्य पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत पर्ने राप्ती अञ्चलका पाँच जिल्लाहरू मध्ये दाङ एक हो । दाङ र देउखुरी गरी दुई ठूला उपत्यकाहरू मिलि बनेको यस जिल्लाको कूल क्षेत्रफल २९.५५ वर्ग कि.मी छ ।[१] यो जिल्ला ७५$^{\circ}$ २' देखि ८२$^{\circ}$ ५' पूर्वी देशान्तरसम्म र २७$^{\circ}$ ३७' उत्तरदेखि २८$^{\circ}$ २९' उत्तरी अक्षांशभित्र अवस्थित छ । त्यहाँ करिव २०% पहाड र ८०% भित्री मधेस पर्दछ । भित्री मधेस समुद्री सतहदेखि लगभग २१३ देखि २४४ मि.को उचाइमा छ । यसको कूल क्षेत्रफल २,९५,५०० हेक्टर २७९० वर्ग कि.मि. छ ।[२] यस जिल्लाको भूभाग समुद्र सतहबाट २१३ देखि २४४ मि.को उचाईमा अवस्थित देउखुरी उपत्यका र ६१७ मि. उचाइसम्मको दाङ उपत्यका पूर्व पश्चिम भई फैलिएको छ । सिसहनिया गा.वि.स.को धानपुर २१३ मि. सबैभन्दा कम उचाईमा अवस्थित छ भने सबैभन्दा बढी उचाईमा रहेको स्थान हाँसिपुर गा.वि.स.को अर्खले २०५८ मि. हो । उपत्यका भएको यस जिल्लालाई चारैतिरबाट ठूला साना पहाड तथा डाँडाले घेरेको र बिचमा फाँट रहेको छ । यस पहाडी शृङ्खलाले प्राकृतिक किल्लाको काम गरेको छ । सदरमुकाम घोराही भएको यस जिल्लालाई प्रजातन्त्र पश्चात पाँच गा.वि.स. सहित ३९ गा.वि.स. २ नगरपालिका, १३ इलाका र ५ संसदीय निर्वाचन क्षेत्र कायम गरिएको छ ।[३]

दाङको संस्कृतिलाई झल्काउनका निम्ति एक दर्जन भन्दा बढी जातजातिको महत्वपूर्ण भूमिका रहेको छ । सांस्कृतिक मेरूदण्डका रूपमा यहाँ थारू जाति अग्रगतिमा देखिन्छन् । यहाँ पश्चिमतिरका वनजङ्गलमा आफ्नो समय फिरन्ते भएर बिताएका

१. 'कृषि विकास कार्यक्रम उपलब्धी', आ.व. २०५५/५६, जिल्ला कृषि विकास कार्यालय, दाङ पृ. १ ।

२. ऐजन ।

३. 'दाङ जिल्लाको वस्तुगत विवरण' जिल्ला विकास समितिको कार्यालय त्रिभुवन नगर, घोराही दाङ, २०५२/५३ , पृ. १ ।

राउटेको संस्कृति संरक्षणमा विशेष ध्यान दिनु आवश्यक छ ।[४]

प्राचीन कालदेखि नै दक्षिणतर्फ अवस्थित राप्तीको दाङ देउखुरी उपत्यकामा थारु जातिको बसोबास हुँदै आएको हो भने मध्यकाल भन्दा अगाडिदेखि नै उत्तरतर्फको पहाडी श्रृङ्खलामा मगरहरू र दक्षिणतर्फको पहाडी भूभागमा खस मूलका विभिन्न जात जातिहरू बसोबास गर्दै आएका छन् । यसैको आधारमा दक्षिणका थारूहरूलाई नै राप्ती क्षेत्रमा पहिलेदेखि बसोबास गर्दै आएका पुराना जाति मान्न सकिन्छ । दाङ जिल्लाका बजार क्षेत्रमा बस्ने भारतीय मूलका हिन्दू तथा मुस्लिमहरूका आआफ्नै खालका सांस्कृतिक परम्पराहरू छन् । धार्मिक दृष्टिले हेर्दा राप्ती क्षेत्रमा हिन्दू धर्मावलम्बीहरूकै बाहुल्यता देखिन्छ ।[५] दाङमा मुख्यत छैटीमा छैटी गीत, विवाह कर्ममा मागल र रत्यौली गीत, तीजमा तीज गीत, दशैंमा रैचुमा, मालश्री गीत तथा थारुको वर्कोमार र छोट्कीमार गीत, तिहारमा सैराठ र भैलोका साथै फागुपूर्णिमामा होरी गीत गाइन्छ । यसै गरी दाङमा झुमरा, टप्पा, सिँगारु, वयलडौरी, दोहोरी गीतका साथै थारू भाषिको मैना गीत, अवधी भाषीको चैता, मगर भाषीको झुमै गीत प्रचलित छन् ।[६]

## २.२ दाङ जिल्लाको साहित्यिक इतिहास

नेपाली भाषाको उत्पत्तिसँगै लोक जीवनमा उखान, टुक्का, लोक गीतहरूको जन्म भयो र यिनै लोक सामग्रीबाट सर्वप्रथम कविताको विजारोपण भयो भन्ने अनुमान लगाउन सकिन्छ । यसरी कविता विधाको इतिहासबाट नै नेपाली साहित्यको जग बसेको हो भन्ने कुरा उल्लेख गर्न सकिन्छ । नेपाली साहित्यको कालक्रमिक अध्ययन गर्दा पृथ्वीनारायण शाहका समकालीन कवि सुवानन्द दासले लेखेको वीर रसयुक्त कविता ‘पृथ्वीनारायण शाह’ बाट नै नेपाली लेख्य साहित्यको प्रारम्भ भएको पाईन्छ ।[७] यसैक्रममा दाङ जिल्लाको लेख्य परम्परा पनि कविता विधाबाटै आरम्भ

४. पूर्ववत्, पृष्ठ ४१-४६ ।

५. दाङ जिल्लाको वस्तुगत विवरण, ‘दाङ जि.वि.स.,को कार्यालय, त्रि.न.पा. घोराही) २०५२/५३ , पृ. २-४ ।

६. केशव सुवेदी, रापतीको साहित्यिक रूपरेखा, (काठमाडौं : एकता बुक्स्, २०६५), पृ. ११ ।

७. घटराज भट्टराई र शरदचन्द्र भट्टराई, प्राचीन नेपाली गद्य (काठमाडौं : साझा प्रकाशन, २०४९), पृ. ४४ ।

भएकोपाइन्छ । उत्तम कृष्ण मजगैयाँका अनुसार दाङका इतिहासविद् टेकनाथ गौतमले वि.सं. २०५३/८/४ गतेको नयाँ युगबोधमा भागवत मजगैयाँलाई दाङका प्रथम कविको रूपमा चिनाएका छन् ।[८]यसै गरी व्याकरण, आयुर्वेद र साहित्य तीन विषयमा आचार्य गर्ने दाङका प्रथम व्यक्ति कविराज शालिग्राम गौतमका शाहवंश चरित्र ( १९९२) र रामाश्व मेध काण्ड नामक दुई काव्यहरू प्रकाशित छन् । यिनैलाई दाङका साहित्यकारहरूमा प्रथम पल्ट काव्यग्रन्थ रचना गर्ने श्रेय प्राप्त छ । त्यसपछि नै दाङका साहित्यकारहरूले प्रकाशनतिर केही रुचि लिएको पाइन्छ ।[९] यसै गरी राप्ती क्षेत्रमा सर्वप्रथम दाङबाटै लेख्य साहित्यिक परम्पराको इतिहास भेट्न सकिन्छ । वि.सं. १८९९ तिर रचित दाङको श्रीगाउँमा पाइएको ताम्रपत्रको आधारमा दाङमा सर्वप्रथम उपलब्ध कविता मात्र नभएर राप्ती क्षेत्रको प्रथम कविता हो । शार्दूलविक्रीडित छन्दमा रचिएको प्रस्तुत कविताका आधारमा दाङको श्रीगाउँमा त्यहाँका सिद्धभवन्त नाथदेखि क्रमशः भुवनेश्वरनाथ, रूपनाथ, लोकनाथ हुँदैजुक्तिनाथ सम्मका योगीहरूको परम्पराबारे वर्णन गरिएको छ । यसका रचयिता जुक्तिनाथ हुन भन्ने आधारबाट राप्ती क्षेत्रमा लेख्य साहित्यको थालनी भएको हो ।[१०] वि.सं. २००७ सालभन्दा थोरै अगाडिदेखि काठमाडौँ तथा वनारसमा अध्ययन गर्ने युवाहरूले देवकोटा, लेखनाथ, धरणीधर र बालकृष्ण सम आदिका रचनाहरूको अध्ययन गर्दै जाँदा उनीहरूको प्रभावमा परेर कविता सिर्जनातिर आफूलाई लगाएको पाइन्छ । यस्ता युवाहरूमा पं. चेतनाथ, पं. रामेश्वर थापा, पं. शोभाकर आदि प्रमुख रहेका छन् ।[११]पदम शमशेरको पालामा घोराहीमा एउटा मिडिल स्कुलको स्थापना भयो । त्यसपछि राप्ती अञ्चलमा एक दुई वटा पाठशाला र संस्कृत पाठशालादेखि बाहेक अन्य पाठशाला

८. उत्तम कृष्ण मजगैयाँ (दाङ लेखक संघ, २०५४ फागुन) ।

९. ऐजन ।

१०. केशव सुवेदी, **राप्तीको साहित्यिक रूपरेखा** (काठमाडौं : एकता बुक्स, २०६५) पृ.४४ ।

११. इव देवकोटा, **दाङको साहित्यिक सेरोफेरो** : संक्षिप्त अवलोकन, सञ्चिता, (वर्ष १, अङ्क १, २०५०), पृ. ३०-४० ।

भएको जानकारी पाइँदैन । त्यस स्कुलको स्थापनापछि त्यही विद्यालयमा गोष्ठी तथा कविता पाठ गर्ने परम्परा थालिएको पाइन्छ । कवि गणेश कुमार शर्माका महतौ किन गछौ खेती ?जस्ता रचना त्यस बेलाका हुन् । त्यस बेलाकाअन्य लेखकहरूमा ऋषिराम शर्मा, एकराज शर्मा, राममणि शर्मा, बुद्धिप्रकाश आचार्य आदि हुन् ।[१२]

वि.सं २००७ पछि क्रमशः विद्यालयहरू खुल्दै जान थाले र शिक्षाको क्षेत्रमा क्रमशः विकास हुँदै गएको पाइन्छ । यसले गर्दा साहित्य सिर्जना र त्यसको विकासका लागि उपर्युक्त वातावरणको निर्माणमा धेरै ठूलो मद्धत पुगेको पाइन्छ । अर्कोतिर नेपाली साहित्यको प्रचारप्रसारले साहित्य सिर्जनातिर दङ्गालीहरूलाई पनि प्रेरित गर्न थाल्यो । गीत, कविता, कथा, निबन्ध, नाटक लेखिन थाले र ठाउँ ठाउँमा स्वर्गीय भीमनिधि तिवारी र दाङका साहित्यकार नारायण प्रसाद शर्माका नाटकहरू २००७ पछि मञ्चन गर्न थालिए । यसले साहित्यिक वातावरणमा थप गतिशीलतालाई जन्म दियो । यसपछि विभिन्न पत्र पत्रिकाहरू प्रकाशित हुन थाले । जसले साहित्यिक विकासलाई अगाडि बढाउनुका साथै नयाँ नयाँ प्रतिभाहरू जन्माउनमा भूमिका खेलेको देखिन्छ ।[१३]

यसै क्रममा दङ्गाली साहित्यलाई अगाडि बढाउनका लागि खगराज लोहनी,तोयानाथ धिताल, तीर्थबहादुर डाँगी, नारायण प्रसाद शर्मा, एकराज शर्मा दुर्गाप्रसाद गौतम, शुकदेव लामिछाने, दामोदर बटुवा, भुवनेश्वर आचार्य, गिरिराज शर्मा, दुर्गाप्रसाद मजगैयाँ, भीमकान्त आचार्य, सुशील गौतम, श्रीधर आचार्य, नेत्रलाल शर्मा पौडेल, नारायण कुमार आचार्य, शंकर पौडेल, ठाकुर प्रसाद आचार्य, खगराज न्यौपाने, सूर्यनाथ सापकोटा, गणेश विषम, चन्द्रकला शाह, गणेश शाह, बलदेव मजगैयाँ, स्थानेश्वर गौतम, महेश चौधरी, डिल्ली बहादुर के.सी., नरेशजंग राना, उत्तम कृष्ण मजगैयाँ,कृष्ण सुवेदी, नित्यानन्द शर्मा, छवि किरण वली, मधुसुदन पाण्डे,अशोक

१२. ऐजन ।

१३. अमर गिरी, **दाङको संक्षिप्त साहित्यिक इतिहास,** अर्न्तध्वनि (वर्ष २७, अङ्क १, २०५० वैशाख-असार) पृ. ११-२१ ।

थारु, दामोदर पोखरेल, धर्मराज शर्मा, मञ्जु राणा, यज्ञ बहादुर डाँगी, मोहन वैद्य, कृष्ण सेन 'इच्छुक', हस्त बहादुर के.सी., भागवत शर्मा, राधा प्रसाद शर्मा, शरद देवकोटा, अमर गिरी, मोदीनी प्रसाद केवल, लक्ष्मीनाथ योगी, नारायण सल्यानी, बम बहादुर डि.सी. गोपाल भुषाल, कृष्णराज डि.सी., नारायण नेपाल, गोविन्द आचार्य, सरस्वती पोखरेल, चिन्तामणि योगी आदि जस्ता साहित्यकारहरूको भूमिका पनि दङ्गाली साहित्यिक इतिहासमा महत्वपूर्ण रहेको छ ।[१४]

यी बाहेक पछिल्लो पुस्ताका साहित्यकारहरूमा नेत्र एटम, टीकाराम उदासी, उदय जी. एम., के. एल. पीडित, के.बी. उदय, शेर बहादुर चौधरी, कल्याण गौतम, सुरेश सुमन डाँगी, शालीग्राम कालाथोकी, सुशील पुन 'विरही', तुल्सी चिन्तक भट्टराई, कविता उपाध्याय, सविन प्रियासन जस्ता स्रष्टाहरूको भूमिका पनि दङ्गाली साहित्यको विकासमा महत्वपूर्ण देखिन्छ ।[१५]वि.सं. २०३० पछिका अवधिमा पनि दाङबाट प्रकाशित 'छहरा', 'ऐसेलु', 'युगबोध', 'नयाँ युगबोध', 'खाली चिहान', 'अन्तर्ध्वनि', 'इन्द्रेणी' तथा राजधानीबाट प्रकाशित 'मधुपर्क', 'गरिमा', 'मिर्मिरे', 'समष्टि', 'नव कविता', 'कलम', 'सञ्चिता' आदि विभिन्न पत्र पत्रिकाका माध्यमबाट अनेक कवि लेखकहरूमध्ये अमर गिरी, कृष्ण सेन 'इच्छुक',गोविन्द आचार्य, नित्यानन्द शर्मा, भगीरथ योगी, सूर्यनाथ सापकोटा, लक्ष्मीनाथ योगी, कृष्ण प्रसाद बस्याल आदि रहेका छन् ।[१६]

यसरी दाङको साहित्यिक फाँटमा देखा पर्ने अन्य साहित्यकारहरू (२०३०) सालपछिको विवरण अनुसार रामकृष्ण देवकोटादेखि लिएर करिब ७५ जना साहित्यिक व्यक्तित्वहरूको नाम उल्लेख गरिएको छ । समय र परिवेश अनुसार यी व्यक्तिहरूले च्याउ उम्रेझैं खचाखच साहित्य लेखनतिर निरन्तरता दिएको पाइन्छ । यी मध्ये अधिकांश युवाहरू सिर्जनामा सक्रिय छन् र स्थानीय पत्र पत्रिका तथा आ-आफ्ना

१४. उत्तम कृष्ण मजगैयाँ, **प्रवाह** (लेखक संघ, २०६३ भाद्र : १ :३), पृ. २-१४ ।

१५. ऐजन ।

१६. केशव सुवेदी, पूर्ववत् ।

वैयक्तिक र सामूहिक सङ्ग्रह मार्फत कथा, कविता, गीत, गजल, निबन्ध, नाटक र समीक्षात्मक रचनाहरू प्रस्तुत गर्दै आएका छन् । यसै अवधिमा पुरुषोत्तम खनाल लगायतकाव्यक्तिहरूद्वारा राप्ती साहित्य परिषद् नामक साहित्यिक संस्थाको विजारोपण गरिएको छ । यसै बौद्धिक संस्थाबाट गोविन्द आचार्य, लोकराज पराजुली जस्ता विद्वान् वर्गको समेत यहाँ महत्वपूर्ण भूमिका रहेको छ । यसै अवधिमा दाङदेउखुरीका कृष्णराज चौधरी 'सर्वहारी', छवीलाल कोपिला, धनीराम चौधरी, हिरालाल चौधरी आदि युवाहरू थारूभाषामा साहित्य सृजनातर्फ आकृष्ट भएको देखिन्छ ।[१७] दाङ जिल्लामा शिष्टलेख्य स्तरमा सृजनात्मक गतिविधि थालिएको इतिहास करिब डेढसय वर्ष भइसकेको छ । यस बीचमा शैक्षिक चेतनाको अभावका कारणले पहिलो एक शताब्दीमा साहित्य सिर्जनाको उन्मुखता त्यति देखिँदैन तापनि यस अवधिमा दाङ जिल्लाका शिष्ट लेख्य कविता परम्पराको वीजारोपण गर्नमा सिद्धगादी चरित्रका कवि र कविराज शालिग्रामगौतम जस्ता प्रतिभाहरूको महत्वपूर्ण भूमिका रहेको छ । पछिल्लो अर्धशताब्दीमा यस क्षेत्रमा क्रमशः अनेक स्कुल, कलेजहरूको स्थापना र तिनका माध्यमबाट सुरु भएको शैक्षिक विस्तारको पृष्ठभूमिमा क्रमशः साहित्यिक जागरण पनि प्रारम्भ भयो ।[१८] दाङको साहित्यिक अभियानलाई माथि उठाउन गरिएका विभिन्न प्रयासहरू मध्ये साहित्यिक पत्रपत्रिकाहरू, साहित्यिक संस्था, साहित्यिक कार्यक्रमतथा साहित्यिक पुरस्कारहरूको पनि श्रेय रहन जान्छ ।

परम्परागत रूपमा लोक मानसमा पुस्तौँपुस्तादेखि मौखिक परम्परा अनुसार प्रचलनमा रही जीवित रहेको साहित्य लोक साहित्य हो । यसको प्रत्यक्ष सम्बन्ध लोक जीवनसँग रहेको हुन्छ । त्यही लोकसित वा लोक जीवनसँग जोडिने हुनाले यसले सम्बन्धित क्षेत्रलाई (भूगोल, धर्म, संस्कृति, परम्परा, जाति सामाजिक रहनसहन) शब्द चित्रमा उतारेको पाईन्छ ।

१७. केशव सुवेदी, पूर्ववत् ।

१८. डा. गोविन्द आचार्य, **राप्ती लोक साहित्य** (काठमाडौं : पैरवी प्रकाशन, २०६३), पृ. १४ ।

यसै गरी दाङ जिल्लामा बसोबास गर्नै आदिवासी थारू जातिको लोक साहित्यतर्फ दृष्टि दिँदा योगी नरहरी नाथद्धारा प्रकाशित 'गुरुबालक', 'जन्मौति' शीर्षकको थारू जातिको सृष्टिसम्बन्धि गाथामा यसको सङ्कलन सम्वत १६४४ कार्तिकमा किसान महतौले गरेको भन्ने देखाइएबाट यसलाई नेपालको लोक साहित्यको क्षेत्रमा प्रथम कविता सङ्कलनका रूपमा मान्नु पर्छ ।[१९] यसरी दाङको नाटक मात्र नभएर सिङ्गो नेपालको लोकसाहित्यको इतिहासमा दाङले ठुलो योगदान पुऱ्याएको छ । विभिन्न ठाउँमा घटेका घटनाहरूलाई सारङ्गीका तारहरूमा रेट्दै दैलो दैलोमा गीत गाउँदै फिरन्ते बनेका गाइनेहरूले पनि दङ्गाली साहित्यमा एक स्तम्भ खडा गरेका छन् । रेडियो नेपालको स्थापनाकालदेखि दङ्गाली लोक गायकहरू चन्द्रकला शाह, डा. गोविन्द आचार्य, कोमल वली, सिन्धु मल्ल, नित्यानन्द शर्मा, प्रकाशप्रिय कुसुम्या, गोविन्द विरही कान्छा, दामुमर्सिफुल, पीताम्बर रिजाल, जुद्ध बहादुर के.सी. गीता रेउले, यशोदा के.सी., माधव चौधरी, शालीकराम चौधरी आदि गायक गायिका एवम् सङ्कलकहरू लागि रहेका छन् ।[२०] त्यस्तै ईश्वरी के.सी., निर्मला न्यौपाने, छविकिरण वली, शशीराम वली, भगवतीशर्मा आदिका कार्य पनि दङ्गाली साहित्यको श्रीवृद्धिमा उल्लेखनीय रहेका छन् ।[२१]हाल आएर लोक साहित्यको लोकगीत विधातिर धेरै व्यक्तिहरूको रुचि बढेको छ भने आफूलाई लोक गायकका रूपमा स्थापित गर्न लागि परेको नयाँ पुस्ताका कलाकारहरूको संख्या पनि प्रशस्त बढ्दै गई रहेको छ । यसबाट दाङको मात्र नभएरसिङ्गो राष्ट्रको लोक साहित्यको क्षेत्रमा दाङले महत्वपूर्ण स्थानहासिल गर्ने कुरामा दुई मत छैन ।

यसै गरी दाङ जिल्लामा देखिएका निबन्ध यात्रा संस्मरण, हास्यव्यङ्ग्य, अन्तवार्ता जस्ता कृतिहरूमा वि.सं. (२०४९) सालमा उदय जि.एम. को 'पञ्जावदेखि रोल्पासम्म' यात्रा संस्मरण, (२०५४) उत्तम कृष्ण मजगैयाँको 'सुनको फूल पार्ने पोथी', 'गृहलक्ष्मी भित्र्याएपछि' र 'धरोधर्म हजुर' निबन्ध सङ्ग्रह, (२०५७) डिल्लीराज

१९. डा. गोविन्द आचार्य, पूर्ववत्, पृ. १६ ।

२०. पूर्ववत्, पृ. २० ।

२१. उत्तम कृष्ण मजगैयाँ, पूर्ववत्, पृ. ६ ।

आचार्यको 'माननीय माहात्म्य' व्यङ्ग्य सङ्ग्रह, पद्म प्रसाद अधिकारीको'ढिकपुरदेखि मेचीपुलसम्म' यात्रा संस्मरण (२०५८), नेत्र एटमको 'सिमान्त आकाश : स्रष्टासँगको अन्तर्यात्रा (२०६२), आदि छापिएका छन् ।[२२]

यसै गरी दाङ जिल्लामा प्रकाशित कथा कृतिहरूमा कथा, लघु कथा र तिनका कथाकारहरू यस प्रकार रहेका छन् :- दुर्गाप्रसाद लामिछानेको 'अपराधी को ?' (२०४८), नित्यानन्द शर्माको 'बाँच्ने रहर' (२०४५), शेर बहादुर चौधरीको 'टुक्रिएको जिन्दगी' (२०४८), मेदिनी कुमार केवलको 'पियको बिहे' (२०५०), बलदेव मजगैयाँको 'सङ्कल्प' (२०५३), वासुदेव भण्डारीको 'परिवेश' (२०५५), सूर्यनाथ सापकोटाको 'घायल मुटु' (२०५६), नवीन विभाषको 'आाधाबाटो हिँडेपछि' (२०५६), प्रदिप कुमार के.सी को 'सत्यदेवीको कथा व्यथा' (२०५७), उत्तम कृष्ण मजगैयाँको 'बैँसीतिर' (२०५९), सुदीप गौतमको 'बुद्ध' (२०६०, लघुकथा सङ्ग्रह), के.एल.पीडितको 'सहर पसेपछि' सविन प्रियासनको 'सपना भित्रका सपना' (२०६२), कल्याणराज गौतमको 'मेरो कथा मेरो गीत' सत्य कथा सङ्ग्रह आदि रहेका छन् ।[२३]

यी बाहेक अन्य अनुसन्धान, विवेचना, विश्लेषण, विमर्श, समालोचना, समीक्षा, पुरातत्व विज्ञान, कलाकौशल, धर्म, दर्शन, भाषा, व्याकरण, उखान टुक्का, शब्दकोष, लोक साहित्य, लोक संस्कृति आदि विषयमा पनि कृतिहरू प्रकाशित भएका छन् ।

दाङ एक विविधतापूर्ण जिल्ला हो ।यसैको आधारमा थारु जिल्लाको विभिन्न प्रकारका सांस्कृतिक, भौगोलिक, सामाजिक र साहित्यिक परिचयको इतिहास पाउन सकिन्छ । यहाँ विभिन्न प्रकारका रहनसहनबाट सांस्कृतिक इतिहासको विजारोपण भएको हो भन्न सकिन्छ ।

२२. रत्नकर देवकोटा, 'नेपाली साहित्यको श्रीवृद्धिमा दाङ देउखुरीको योगदान', (**उन्नयन**, २०६३ अङ्क ५९) पृ. ४० ।

२३. पूर्ववत्, पृष्ठ ४१ ।

## तेस्रो परिच्छेद

# नेपाली नाट्य परम्पराको सन्दर्भमा दाङको नाट्यपरम्परा

### ३.१ परिचय

मानवको अनुकरण प्रकृतिसँग नाटकको घनिष्ठ सम्बन्ध रहन्छ । मानवले जन्मजात अनुकरण प्रवृत्ति लिएर आएको छ । अनुकरण र आत्माभिव्यक्तिपूर्ण मनोवृत्तिले नाटकको सूत्रपात भएको हो । अनुकरण नाटकको मूल तत्व हो ।[१]साहित्यको दृश्य विधा नाटक पनि मानवको अनुकरणमूलक प्रकृतिको उपज हो । नट्ले आफ्नो क्षमता र स्थिति अनुरूप वेशभूषा प्रयोग गरेर त्यसको आकृति, भावभङ्गिमा र क्रियाव्यापारको अनुकरणबाट तत्कालीन वातावरण र स्थितिलाई प्रत्यक्ष प्रस्तुत गरेर तत्कालीन मानिसको स्पष्ट र मूर्त स्वरूप व्यक्त गर्छ । नाटकलाई रूपकको संज्ञा पनि दिइएको छ । रूपकको अर्थ कुनै न कुनै व्यक्ति र वस्तुको आरोप हो । नायक नायिकामा सीतार रामजस्ता प्रसिद्ध व्यक्तिको आरोपण हुन्छ । अनुकरण प्रवृत्तिको मुख्य उद्देश्य आनन्द प्राप्त गर्नु हो ।[२] नेपाली समाज सङ्गीत र नृत्यप्रेमी छ । प्राचीन कालदेखि नेपाली समाजमा सारङ्गी र मादल, खैजडी, मुजुरा र विनायो, मुर्चङ्गा र डम्फु, ढ्याङ्ग्रो र झ्याली, नरसिंङ्गा र सनहीको धुनले गहिरो प्रभाव पारेको छ । नेपाली नाटकको उत्पत्तिमा मगर र गुरुङ संस्कृतिमा आधारित घाटु र सोरठीको महत्वपूर्ण भूमिका छ । नेपाली लोक नाटकले लोक जीवनको धर्म संस्कृति र परम्परासँग आफ्नो अस्तित्व गाँसेको छ । नेपालमा जातीय परम्परा र लोक संस्कृतिमा आधारित लोक नाटकहरू प्रचलित छन् ।[३] हरिसिद्धि पुराण अनुसार नेपालीमा सर्वप्रथम वि.सं. ९४१ मा 'हरिसिद्धि' नाटक रचिएको र अभिनय भएको बुझिन्छ ।

१. रामचन्द्र पोखरेल, **नेपाली नाट्य सिद्धान्त र समीक्षा**,( काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, २०६२), पृ. ७ ।

२. ऐजन ।

३. ऐजन ।

यसको कथावस्तु धार्मिक छ र उग्रतारा श्री नील सरस्वतीलाई मूल बनाई सूत्रवीरले नागेन्द्रलाई वध गरेको उपाख्यानलाई लिएर नाटक रचना गरिएको छ। राजा उग्रसेनले उग्रतारा देवीकै आज्ञा सिरोपर गरी यो नाटक निर्माण गरेको हो भन्ने वंशावलीको भनाइछ ।[४] खास गरेर माध्यमिक कालमा आएपछि मात्र नाटक लेखन देखा पर्छ । कालक्रमिक रूपमा नाट्य लेखन माध्यमिक कालीन नेपालमा आएर हरेक भाषाका मिश्रित नाटकहरू लेखेर अभिनय समेत गरिएको भन्ने बुझिन्छ । वर्तमान समयमा आएर राष्ट्रिय अभिलेखालयमा पुराना नाट्य कृतिका करिब डेढ सय जति पाण्डुलिपि रहेको जानकारी पाइन्छ । संस्कृत, मैथिली, नेवारी, हिन्दी आदि भाषामा रचिएका नाटकहरूको पाण्डुलिपिले नेपालमा प्राचीन नाटकको स्थिति राम्रै देखाउँछ।

कालक्रमिक रूपमा नेपाली नाट्य परम्परालाई निम्न प्रकारले विभाजन गर्न सकिन्छ :

### ३.१.१प्राथमिक काल (मोतीराम भट्टपूर्व)

नेपाली भाषामा प्राचीन कालदेखि नै नाटक लेखन परम्परा सुदीर्घ हुँदै आएको छ । लिच्छिवी कालमा नाट्य लेखन भएको थिएन । यस समयभन्दा पछाडि प्रशस्त नाट्य रचना भएको प्रमाण संस्कृत, मैथिली, नेवारी जस्ता मिश्रित नाटकहरू लेखेको चर्चा पाइन्छ। प्राथमिक कालमा पृथ्वी नारायण शाहका दरवारिया पण्डित शक्तिवल्लभ अर्यालद्वारा संस्कृतमा रचित 'हास्यकदम्ब' नाटक र उनीद्वारा अनूदित गरिएको विशाखदत्तको मुद्राराक्षस (१८९२) देखा पर्दछ । यसैको आधारमा यिनै दुई कृतिलाई पाठ्य नाटकका रूपमा माने पनि तत्कालीन समयबोधका दृष्टिले यिनीहरूको महत्व निकै छ।

उपर्युक्त आधारमा मोतीराम भट्टपूर्व नेपाली साहित्यमा नाटकको खोजी गर्दा प्रायः शून्य अवस्थामा 'हास्यकदम्ब' (वि.सं. १८५५) र मुद्राराक्षस (वि.सं.१९९२) ले अन्धकारको कालो पर्दा भित्र पिलपिले बत्तीको काम गरे पनि नेपाली भाषामा

४. प्रेमबहादुर कंसाकार, **हाम्रो नाटक परम्परा**, हिमाली (वर्ष १, अङ्क, १२१९) पृ. १३३ ।

साहित्यिक नाट्य लेखनको थालनी भने माध्यमिक कालमा मोतीराम भट्टबाटै उदय भएको पाइन्छ ।[५]

## ३.१.२ माध्यमिक काल

### (अ) पूर्वमाध्यमिक काल : मोतीराम भट्टको उदय

सर्वतोमुखी प्रतिभाका रूपमा नेपाली नाटकका आरम्भकर्ता मोतीराम भट्ट ( वि.सं. १९२३-१९५३) देखा पर्छन् । 'शाकुन्तल' नाटक (वि.सं १२४४-४८) 'प्रियदर्शिका', (गद्य रचना १९४८), 'पद्मावती' (अपूर्ण), 'काशीराम चन्द्रसेन', (अपूर्ण) 'हुस्न अफरोज आराम दिल' (अपूर्ण), 'गुलसनोवर' आदि नाट्यकृति उनका छन् । श्रीहर्षको प्रियदर्शिकाको नेपाली रूपान्तरण प्रियदर्शिका पनि मोतीरामकै नाट्यकृति हो ।

नेपालमा श्री ५ सुरेन्द्रको पालादेखि विदेशी 'थिएटर' ले प्रवेश पाएको थियो । यही 'थिएटर'ले विलासितापूर्ण सामाजिक वातावरणको स्थापना गरेको थियो । वीर शमशेरको पाला (१९४२-१९४९) मा उर्दू र नेपाली भाषामा अनूदित पूणाङ्की नाटकको जन्म भएको थियो । डम्बर शमशेरकै प्रयासमा नारायणहिटी दरबारमा 'रोयल इम्पेरियल अपेरा हाउस' भन्ने नाचघर बनाइएको थियो ।[६]

### (आ) उत्तर माध्यमिक काल : अटल बहादुरपछि

दोस्रो चरणका चर्चित नाटककार पहलमान सिंह स्वारको वि.सं. १९६२ मा अटल बहादुर नाटक प्रकाशित भएको समयावधिदेखि नै उत्तर माध्यमिक कालको परिचय पाउन सकिन्छ । यस नाटकको वि.सं. १९६५-१९६६ तिर मञ्चन भएको देखिन्छ । त्यस बेला नेपालमा दरवारिया रङ्गमञ्चमा उर्दू-हिन्दी भाषाको प्रयोग भएर नाटकहरू लेखिन थालिएको पाइन्छ । 'वियोगान्तम् ननाटकम्' भनिने पूर्वीय नाट्य

५. दयाराम श्रेष्ठ र मोहनराज शर्मा, पृ. १३३ ।

६. शेष पौडेल र अन्य, पूर्ववत्, पृ. ७९ ।

परम्परामा सेक्सपियरेली नाट्य परम्परालाई अपानाउँदै उनकै 'ह्याम्लेट'को प्रभावमा लेखिएको अटल बहादुर नेपाली नाटकको विकास प्रक्रियामा स्वाँरको नाटक मोतीराम र समको नाट्कलालाई जोड्ने सेतुको रूपमा देखा पर्दछ । यस चरणका नाटकको विवरण दिँदा निम्न नाटकहरू पर्दछन्  जस्तैः 'विष्णुमाया नाटिका' लेखन (१९७५), 'विमलादेवी' लेखन (१९७५), 'रत्नावली' (लेखन १९८०), 'अभिज्ञान शकुन्तला' (लेखन १९८५), पनि देखा पर्दछन् । 'विष्णुमाया नाटिका', 'अभिज्ञान शाकुन्तल' र 'रत्नावली' अनुदित हुन् । यस चरणमा रम प्रसादको 'फूलमा भमरा' र 'भक्त प्रल्हाद' केदार शमशेर थापाद्धारा 'विक्रतोवंशी' (१९८२), 'दुर्गा भक्त तरङ्गिणी' (१९७२), 'वीर ध्रुव चरित्र', 'वीर प्रल्हाद', 'वीर सुदर्शन' नाटक लेखिएका थिए । शम्भु प्रसाद ढुङ्ग्यालको 'रत्नावली' (१९७२), 'शकुन्तला' (१९७३), 'मालती माधव' (१९७६) र 'प्रियदर्शिका' (१९७३) समेत १६ ओटा नाटक र पारसमणि प्रधानद्वारा बुद्धचरित (१९८१) आदि लिखित तथा मञ्चित नाटकहरू रहेका छन् ।[७] दाङ जिल्लामा विशेष गरेर माध्यमिक कालको समयमा धार्मिक जन कल्याणमा आधारित रामलीला, कृष्णलीला तथा भजनमा आधारित नाटकहरू प्रदर्शन गरिन्थ्यो । तत्कालीन समयमा दाङ बेल्भुन्डीतिरका विद्यालयहरूमा गणेश, दुर्गा लगायत विभिन्न देवी देवताको अभिनय एवम् मञ्चन गरिन्थ्यो । यसको उद्देश्य जन मानसलाई अध्यात्म र नैतिक सन्देशको छाप पुऱ्याउनु रहेको थियो ।[८]

### ३.१.३ आधुनिक काल

नेपाली नाटकलाई कालक्रमिक रूपमा माध्यमिक कालबाट पर सारेर नव आयाम दिने मूल उद्देश्य मौलिकता र सामाजिकता हो । विशेष गरेर समाजमा घटेका घटनाहरूलाई छविचित्र कोरे झैँ उतार्नु यसको पहिचान हो । नेपाली नाटकलाई कलात्मकता, मौलिकता, परिष्कार र नयाँ शिल्पदाता सम (१९५९-२०३८) हुन् । उनलाई नेपाली सामाजिक भाव भूमिका एकदमै मौलिक रूपमा आएका आधुनिक

७. पूर्ववत्, पृ. ८० ।

८. मथुरा प्रसादश्रेष्ठबाट शोधार्थीले पाएको जानकारी ।

नाटककार भनिन्छ ।समको 'मुटुको व्यथा' (वि.सं. १९८६) युगान्तकारी सामाजिक नाटक हो । उनका गद्यात्मक र पद्यात्मक गरी करिब सत्रवटा पूर्णाङ्की नाटक प्रकाशित भएका छन् । आधुनिक कालका साहित्यकार वा नाटककारहरूमा भीमनिधि तिवारी, गोपाल प्रसाद रिमाल, विजय मल्ल, गोविन्द बहादुर मल्ल 'गोठाले', मोहनराज शर्मा, ध्रुवचन्द्र गौतम,वासु शशी, मन बहादुर मुखिया, अशेष मल्ल, गोपाल पराजुली, सरुभक्त, शिव अधिकारी आदि अनेक नाटककारहरू कालक्रमिक रूपमा देखापरेका छन् ।

प्रवृत्तिगत दृष्टिकोणले आधुनिक कालका नेपाली नाटकहरूलाई निम्न प्रकारले प्रस्तुत गर्न सकिन्छ :-

**(अ) परिष्कारवादी नाट्यधारा**

परिष्कारवादी नाट्यधाराको विजारोपण गर्ने बालकृष्ण सम (१९५९-२०३८) ले पाश्चात्य शैलीको अनुकरण गरेर परिष्कार, कलात्मक र नयाँ शिल्प प्रदान गरेका छन् । सामाजिक त्रासदी'मुटुको व्याथा' (१९८६), पद्यात्मक पौराणिक कामदी 'प्रहलाद' (१९९५), पद्यात्मक सामाजिक कामदी 'मुकुन्द इन्दिरा' (१९९४) हुन् । यस्तै गरेर पद्यात्मक सामाजिक त्रासदी 'अन्धवेग' (१९९६), गद्यात्मक ऐतिहासिक कामदी 'भानुभक्त' (२०००), पद्यात्मक सामाजिक कामदी 'म' (२००२), पद्यात्मक सामाजिक त्रासदी 'प्रेमपिण्ड' (२००९), पद्यात्मक ऐतिहासिक त्रासदी 'अमरसिंह' (२०१०), गद्यात्मक ऐतिहासिक त्रासदी 'भीमसेनको अन्त्य' (२०१२), गद्यात्मक सामाजिक त्रासदी 'तानसेनको झरी' (२०२७), गद्यात्मक सामाजिक कामदी 'स्वास्नी मान्छे' (२०३३), गद्यात्मक ऐतिहासिक कामदी 'मोतीराम' (२०३३), पौराणिक कामदी 'ऊ मरेकी छैन' (२०३५) र 'अमलेख' (२०४०) जस्ता पूर्णाङ्की नाटक र अनेकौ एकाङ्कीहरू प्रकाशित भएका छन् ।[१०]

९. शेष पौडेल र अन्य पूर्ववत्, पृ. १३९ ।

१०. दयाराम श्रेष्ठ र मोहनराज शर्मा, पूर्ववत्, पृ. १३९ ।

### (आ) यथार्थवादी नाट्यधारा

कुनै पनि वस्तु वा प्रवृत्तिलाई लेखकले कल्पनाको साहारा नलिई वस्तु जस्तो छ त्यस्तै प्रस्तुत गर्ने पद्धति यथार्थवाद हो । जीवनको सत्यता र वास्तविकता यथार्थवादमा निहित छ । यथार्थवादमा लेखकको अनुभूति र कल्पना समावेश गरिदैन । यथार्थवाद वस्तुपरकतामा आधारित हुन्छ । उन्नाइसौँ शताव्दीदेखि यथार्थवादी साहित्यको सिर्जना र विकास भएको हो । यथार्थवादको विस्तारमा फ्रान्सका 'मोपासाँ', नर्वेका 'हेनरी इब्सेन', बेलायतका 'चार्ल्स डिकेन्स'को महत्वपूर्ण भूमिका रहेको छ । यथार्थवादी नाटकमा मानव जीवन तथा तत्कालीन युग जीवन जस्तो छ , नाटकमा जीवनको सुन्दर पक्षको चित्रण मात्र नभएर निकृष्ट र निन्दनीय पक्षको पनि चित्रण गरिन्छ ।

नेपाली नाटकको विकासक्रममा नाटककार गोपालप्रसाद रिमालले यथार्थवादी नाट्य लेखनको आरम्भ गरेका हुन् । नेपाली नाट्य साहित्यमा मसान, यो प्रेम !, भुसको आगो, च्यातिएको पर्दा, जिउँदो लास, कोही किन बर्बाद होस् जस्ता नाटकहरू यथार्थवादी हुन् ।[११]

यथार्थवादी नाटक लेख्ने क्रममा हृदयचन्द्रसिंह प्रधानका नाटकहरू पनि महत्वपूर्ण अङ्गका रूपमा देखिन्छन् । उनका केही एकाङ्की सङ्ग्रहहरू निम्न प्रकारका छन् :

छेउलागेर (२००५), गङ्गालालको चिता (२०११), उनी देवता हुन् (२०१५) र कीर्तिपुरको युद्धमा (२०१६), नै प्रमुख छन् । हृदयचन्द्रसिंह प्रधान प्रगतितिर उन्मुख यथार्थवादी नाटककार हुन् । उनले सामाजिक जागरण, परिवर्तन र निर्माणका स्थुल यथार्थ अनि आदर्शहरूले समाज सापेक्ष स्वद्देश्य र सन्देश मुखतिर नेपाली एकाङ्कीलाई दिशा निर्देश गराएका छन् ।[१२]

११. रामचन्द्र पोखरेल, नेपाली नाट्य सिद्धान्त र समीक्षा (काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०६२ पृ. ८५)
१२. शेष पौडेल र अन्य पूर्ववत्, पृ.८२ ।

### (इ) प्रगतिवादी नाट्यधारा

प्रगतिवादी साहित्यले सामाजिक विसङ्गति, सामन्तीपूर्ण व्यवहारको लोक विरोध गरेर व्यक्ति र समाजमा समानुपातिक दृष्टिकोण राख्छ । राष्ट्रिय स्वाधीनता प्राप्त गर्नु र जनतन्त्रको स्थापना गर्नु प्रगतिवादको उद्देश्य हो । यो साहित्यले मानवमा मानवीय संवेदना, सौन्दर्यबोध, कर्मव्यक्ति, चेतना र तर्कबुद्धि जागृत गराई अन्याय अत्याचारलाई सहेर बस्नु कायरता हो त्यसैले हरेक मानव विद्रोही हुनु पर्छ तथा परिवर्तनका लागि सक्रिय हुनु पर्छ भन्ने सन्देश मानव जातिलाई दिएको छ । नेपाली साहित्यमा रमेश विकल, दौलत विक्रम विष्ट, आत्मराम ओभा, किरण शाक्य, बमप्रसाद श्रेष्ठ, नैनसिंह योञ्जन, प्रेमदास प्रकाश जस्ता नाटककारहरूलेप्रगतिवादी मान्यतालाई आधार मानेर नाटक लेखेका हुन् ।

### (ई) मनोविश्लेषणात्मक नाट्यधारा

विश्व साहित्यमा बीसौँ शताब्दीको दोस्रो दशकतिर मनोविश्लेषणात्मक मान्यता स्थापित भएको हो । मनोविश्लेषणात्मक सिद्धान्तका जन्मदाता सिग्मण्ड फ्रायड हुन् । सिद्धान्तको टेवा दिने वा विकास गर्ने श्रेय एडलर र थुङकोलाई जान्छ । मनोविश्लेषणले वा मनोविज्ञानले मानवमनको अर्थात अचेतन तहको अध्ययन विश्लेषण गर्छ । मान्छेको मूल इच्छाशक्ति कामेच्छा हो । हरेक मानवमा कामवासनाले महत्वपूर्ण भूमिका खेल्छ । साहित्यले मानवसँग गहिरो नाता गाँस्छ । साहित्यले मानवसँग गाँसेको नातालाई मनोविश्लेषणात्मक सिद्धान्तले अध्ययन विश्लेषण गर्छ । नेपाली साहित्यमा मनोविश्लेषणत्मक मान्यतालाई आधार मानी गोविन्द बहादुर मल्ल गोठाले, विजय मल्लले नाटक लेखेका छन् । भूसको आगो, च्यातिएको पर्दा, दोष कसैको छैन, कोही किन बरवाद होस, जिउँदो लास जस्ता नाटकहरू मनोविश्लेषणात्मक नाटक हुन् ।[१३]

१३. रामचन्द्र पोखरेल, पूर्ववत्, पृ. ५५-८६ ।

### (उ) विसङ्गतिवादी/अस्तित्ववादीधारा

विसङ्गतिवादी चिन्तन बीसौँ शताब्दीको मध्यतिर पश्चिमी जगत्मा देखापरेको विशिष्ट एवम् नवीन चिन्तन हो । साहित्य जीवन जगत्को अनुकरण नभई जीवनको एक प्रस्तुति मात्रै हो भन्ने मान्यता राख्दै विसङ्गतिवादी सर्जकहरूले आफ्ना कृतिहरूमा तर्कहीन, शृङ्खलाहीन एवम् सङ्गतिहीन अभिव्यक्ति गरिरहेका देखिन्छन् । यस धाराका नाटककारहरूमा ध्रुवचन्द्र गौतम, मोहनराज शर्मा र सरुभक्त देखा पर्दछन् । ध्रुवचन्द्र गौतमले (२००) 'त्यो एउटा कुरा' (२००९)'भष्मासुरको नलीहाड' नाटकमा स्वैर कल्पनात्मक वर्तमान युगको विसङ्गतिको अङ्कन र प्रवृत्तिमाथि व्याङ्ग्यप्रहार गर्दै अस्तित्व चेतनालाई व्यक्त गरेका छन् । उनको समानान्तर नाटकमा (मञ्चित २०३९) भने आधुनिक नाटकीय शिल्पहरूको प्रयोग पाइन्छ ।स्वैर कल्पनान्मक, व्याङ्ग्यात्मक नाटक लेखन प्रसिद्ध मोहनराज शर्मा (१९९७) का 'जेमन्त' (मञ्चित २०३९), 'यातनामा छट्पटाइएकाहरू' (मञ्चित २०३९), 'बैकुण्ठ एक्सप्रेस' (२०४०), जस्ता नाटकहरूले मानवीय कुरीतिको पर्दाफास गरेको छ ।[१४]

### (ऊ) समसामयिक नाट्यधारा

यस नाट्यधारा अन्तर्गत अशेष मल्ल (२०११) का तुवाँलोले ढाकेको बस्ती ( मञ्चन २०३१), 'सडकदेखि सडकसम्म' (मञ्चित २०३७), 'नाटकहरूको नाटक' ( मञ्चित २०३८), 'हामी वसन्त खोजिरहेछौँ''समाप्त/असमाप्त' र 'आकाश' जस्ता नाटकहरू यस धाराभित्र पर्दछन् । यसै गरी अर्का नाटककार गोपाल पराजुलीको 'गोलार्द्धका दुई छेउ' (२०३१), 'सडकदेखि सडक' (२०४६) जस्ता नाटकहरू पनि वर्तमान अवस्थाका अन्याय, अत्याचार, कुशासन, कुरीति र कुप्रथाको विरुद्धमा उभिएर जनमानस समक्ष युगीन सन्देश दिन खोजेको पाइन्छ । दाङका विभिन्न स्थानहरूमा जन चेतनामूलक कार्यक्रमको प्रदर्शन गरियो । शिक्षा, स्वास्थ्य, रोजगार र विभिन्न सामाजिक गतिविधिहरूलाई समेटेर तत्कालीन समयमा नाटकहरू सन्देशको रूपमा देखा परे ।

१४. शेष पौडेल र अन्य पूर्ववत्, पृ.८७ ।

## ३.२ दाङको नाट्य परम्परा

आधुनिक नेपाली साहित्यमा प्रचलित नाटक अङ्ग्रेजी शब्दको 'ड्रामा' को रूपान्तर वा पर्यायवाची शब्द हो । संस्कृत साहित्यमा ड्रामाको पर्याय रूपक हो । जसलाई रूपकको भेद पनि भनिन्छ । नेपाली साहित्यमा दृश्य काव्यका लागि नाटक शब्द नै प्रयोग भएको पाइन्छ भने कतैकतै खेल वा लीला (विशेष गरेर धार्मिक नाटक कथा रामलीला, कृष्णलीला) जस्ता शब्दको पनि प्रयोग भएको देखिन्छ । रङ्गमञ्चमा कुनै पनि पूर्व कथा कार्य वा विषयवस्तुको अभिनयद्वारा प्रदर्शन नै नाटक हो । रङ्गमञ्चमा पात्र, दर्शक र निर्देशक जस्ता धेरै जनाको आवश्यकता पर्दछ । पात्रहरूको अभिनयले रङ्गमञ्चमा छुट्टै मोड लिएको हुन्छ । सिनेमा वा टेलिश्रृङ्खला जस्ता पर्दाका दर्शकहरूलाई बेग्लै प्रकारको आनन्द हुन्छ । त्यसैले नाटकको महत्व बढेको हो ।[१५]यसै गरी दाङको नाट्य परम्परालाई पल्टाउँदै जाँदा रामलीला र कृष्णलीलाबाट यसको इतिहास भेट्न सकिन्छ।खास गरी दाङ जिल्लाको नाटक परम्परा सम्बन्धमा सीमित विवरण पाउन सकिन्छ ।त्यस बेलाका स्रष्टाहरूमा बनारस पढेर आएका एकराज शर्मा र नारायण गुरु आदि मानिन्थे । दाङ घोराही, मानपुर, कोइलावासमा वैष्य सम्प्रदायका गुप्ताहरूको बाहुल्यता बढेकाले भारतीय संस्कृतिको प्रभावमा यिनीहरूले पनि दसैंको नवदुर्गाको पक्षमा धार्मिक नाटक रामलीला गरेर देखाउँथे । दाङको शैक्षिक केन्द्र बेलझुण्डीतिर पनि धार्मिक नाटक रामलीला देखाउँथे । जनता विद्यापिठ बिजौरीमा गणेश पूजाको अवसर पारेर धार्मिक एवम् संस्कृत भाषाका नाटकहरू मञ्चन गरिन्थ्यो ।[१६] वि.सं. २००४ सालमा दाङ घोराहीमा पद्‌मोदय पब्लिक मिडिल स्कुलको स्थापना कालदेखि नै विभिन्न साहित्यिक गोष्ठी गर्ने अभियानको थालानीसँगै दाङको नाट्य इतिहास पाउन सकिन्छ । दाङको पहिलो नाटक 'अभिमन्यूको मञ्चन' शिक्षक र विद्यार्थी दुवै मिलेर गरेका थिए ।

वि.सं. २००८ सालमा नारायण प्रसाद शर्माद्वारा रचिएको 'इन्दुमति' नाटक

१५. उत्तम कृष्ण मजगैयाँ, नवयुग नाट्य संस्कृति समूह दाङ, स्मारिका (वर्ष १, अङ्क १, २०६२) पृ. १ ।

१६. नित्यानन्द शर्मासँगको प्रत्यक्ष कुराकानीको क्रममा शोधार्थीले पाएको जानकारी अनुसार ।

तीन चार पटक मञ्चन भएको थियो ।यसै गरी विभिन्न शैक्षिक संस्थाहरूमा नाटकहरू प्रदर्शने वि.सं. २०२१ सालमा शर्माद्वारा लिखित 'पच्चिस विगाहा' नाटक लोकप्रिय भएको थियो । भीमनिधि तिवारीको भरतपुर स्कुलमा साहित्यिक कार्यक्रमसँगै उनले लेखेको 'सहनशीला सुशीला' नामको नाटक मञ्चन भएको थियो । यी नाटकहरू सामाजिक जागरण ल्याउने र राजनैतिक परिवेश तथा जनचेतनामूलक शिक्षा प्रसारण गर्ने उद्देश्यले गरिन्थे ।[१७]

दाङको विभिन्न विद्यालयहरूमा शिक्षक तथा विद्यार्थीहरूको सक्रियतामा बेलाबेलामा नाटक मञ्चन गरिएको पाइन्छ । तात्कालीन छात्र राम प्रसाद ज्ञवाली, लोकमणि आचार्य, दामोदर सुवेदी, भरत आचार्य, टिकाराम रेग्मी, विष्णु अधिकारी र देवी पोखेलहरूले वि.सं. २०१९ मा 'गंगालालको चिता', २०१६ मा टिकाराम रेग्मीको सक्रियतामा 'सत्य हरिश्चन्द्र' नामक नाटकको प्रदर्शन गरिएको थियो । वि.सं. २०१९ मा रेग्मीबाट लिखित 'परिवर्तन' नामक नाटकमा जातिय भेदको 'विषय वासना'नामक पूर्णाङ्की नाटकबिजौरी स्कुलमा खेलिएको थियो । त्यस अवसरमा देखाइएको भक्तिराम ज्ञवाली द्वारा प्रस्तुत एक प्रहसनको गीत यस प्रकार रहेको थियो :-

'तिलक लगाउने बाजे भट्टिमा जान थाले
धर्म कर्म डाँडामा राखी बोतल च्याप्न थाले
देउताको गर्छन पूजा कपडा च्यातीधुजा
पञ्चवलीको धाक लगाई आफ्नै मुखमा बुजा'

यसै गरी गिरिराज शर्माद्वारा लिखित 'अनि ऊ फर्कन्छ' नामक एकाङ्की नाटक वि.सं. २०२५ सालतिर सिद्धरत्न मा.वि नारायणपुरको वार्षिकोत्सवको अवसरमा मञ्चन भएको थियो । यस नाटकको उद्देश्य आफ्नो रगत र पसिना स्वदेशमै पोख्नु पर्नै सुन्दर सन्देश बोकेको थियो । वि.सं. २०२९ सालमा गङ्गा साधारण मा.वि रामपुरको बार्षिकोत्सवमा नाटककार नित्यानन्द शर्माद्वारा लिखित 'शिक्षाको देन' नामक एकाङ्की

१७. नारायण प्रसाद शर्मासँगको प्रत्यक्ष कुराकानीको क्रममा शोधार्थीले पाएको जानकारी अनुसार ।

मञ्चन गरिएको थियो । यसबाट “आफ्ना वालवालिकाको शिक्षमा ध्यान नदिने अभिभावक वर्गको नाश होस्” भन्ने मूल नारा सन्देशयूक्त बनेको छ ।[१८]

उल्लिखित नाटकहरूलाई पछ्याउँदै वि.सं. २०५४ तिर कर्णप्रिय प्रकृति धितालको अर्को ‘नयाँ जीवन’ नामक नाटक समेत दर्ता गराइएको थियो । यस्तै विभिन्न कला मण्डल तथा संघ संस्थाहरू हुँदै नवयुग नाट्य समूह र दाङको सडक नाटक वि.सं. २०५६ भदौ २६ गते पूनः कर्णप्रिय प्रकृति धितालको अध्यक्षतामा गठन गरिएको थियो । यसरी नाट्य परम्पराका इतिहास त्यति बृहत् रूपले देखा परेको पाइदैन ।

**निष्कर्ष**

दाङ जिल्लाको नाट्य परम्पराको इतिहासतिर जाँदा वि.सं. २००४ देखि २०३९ सालतिर फर्कनु पर्छ । आरम्भमा प्रदर्शनका लागि भारतीय नाटकलाई नेपाली भाषामा रूपान्तरण गरेर वा नेपाली लेखकका प्रकाशित नाटकहरूलाई रङ्गमञ्चमा देखाउने गरेको पाइन्छ । यहाँका केही उत्साही युवाहरूले आफ्नो उद्देश्य पूर्तिका लागि पछि आफै पनि मञ्चन गरेको पाइन्छ । यी नाटकहरूले धार्मिक जनकल्याणप्रति विश्वास, शैक्षिक जागरण,  नारीवादी भावना, अन्धविश्वासप्रति तीव्र विरोध, शोषक वर्गमाथि तीव्र व्यङ्ग्य, सामाजिक सुधार, स्वदेशप्रतिको माया ममता, जातीय विभेद र वैवाहिक सम्बन्धबारे जनचेतनामूलक सन्देश बोकेको थिए । वर्तमान अवस्थामा भने सिनेमाको बढ्दो प्रभावले नाटकको साधन र स्रोत जुटाउनतिर समाज उदासिन छ ।

१८. उत्तम कृष्ण मजगैयाँ, पूर्ववत्, पृ. ३ ।

# चौथो परिच्छेद

# दाङका नाटककारका नाट्य कृतिको विवरण र विश्लेषण

नाट्य सिर्जनामा दाङ जिल्लाको गति तीव्र हुँदै आएको छ । यहाँ विभिन्न साहित्यिक विधाहरू निरन्तर रूपले सिर्जना हुँदै आएका छन् । यस्ता साहित्यिक विधाहरूमा कविता विधा, लेख, निबन्ध, समालोचना, यात्रा संस्मरण, कथा लगायत नाटक रहेका छन् ।

उल्लिखित विधाहरूको आधारमा स्रष्टाका नाट्य कृतिहरू कमै देखिन्छन् । खास गरेर दाङ जिल्लामा सुरुवातमा धार्मिक जनकल्याणमा आधारित रामलीला र कृष्णलीला जस्ता नाटकहरू देखाइन्थ्यो। नाटकको इतिहासलाई केलाएर हेर्दा जन मानसमा आध्यात्मकता, नैतिकताको छाप र उपदेशमूलक उद्देश्य रहेको पाइन्छ । सर्वप्रथम वि.सं. २००४ सालतिर 'अभिमन्यू' जस्ता नाटकको नारायण प्रसाद शर्माले भूमिका खेले पनि उक्त नाटकले असफल भएर छुट्टै घटनाको रूप लियो । वास्तवमा वि.सं. २००४ साल पूर्वका नाटकहरू रामायण र महाभारत जस्ता कर्तव्यको बोध जनाउने रूपमा चिनिए तापनि नाटकको यकिन इतिहास भने प्रजातन्त्रको उदय पछाडि देखा पऱ्यो ।

यसरी नाटकहरू अगाडि बढ्दै गए तापनि सङ्ख्यात्मक रूपमा भने अन्य विधाको तुलनामा कमै देखिएका छन् । विभिन्न समय र परिस्थिति अनुसार स्रष्टाहरूले नाटकलाई उद्देश्यमूलक बनाउँदै धार्मिक उद्देश्य, सामाजिक मूल्यमान्यताहरू, शैक्षिक जनचेतना, नैतिक आचरण तथा विभिन्न राजनीतिक परिवेशमाथि व्यङ्ग्यको छाप विभिन्न कोणबाट उल्लेख गरेका छन् । अर्कोतिर विभिन्न विसङ्गतिमाथि पर्दाफास गरेर महिलाहरूका हितमा शोषण विरुद्ध आवाज उठाउने जस्ता कार्यहरू पनि उक्त नाटकहरूमा पाइन्छन् । विभिन्न संघ-संस्थाहरू, नाट्य समूहहरू तथा साहित्यिक पत्र पत्रिकाहरूबाट नाट्य क्षेत्रतिर नवयुवाहरूको गतिशीलता देखिन्छ ।

वर्तमान समयमा भने सिनेमाको बढ्दो प्रभाव र टेलिभिजनको प्रभाव आदिबाट नाटकको भविष्यटुट्न गएर केवल महङ्गो टिकटलागु भएको छ । यसरी विभिन्न समय, अवस्था र परिवेश अनुसार दाङका नाटकको अध्ययन र विश्लेषणको खाँचो पर्ने भएकाले यहाँ नाट्य कृतिहरूको सर्वेक्षण गर्दै नाट्य तत्वको आधारमा निम्नानुसार विश्लेषण गरिएको छ :-

**नाट्य कृतिहरूको विश्लेषण**

| क्र. सं. | नाटककार | नाट्यकृति | प्रकाशित नाटकको प्रकार | प्रकाशन | प्रकाशक |
|---|---|---|---|---|---|
| १. | शुकदेव शर्मा लामिछाने | 'प्रायश्चित' | 'एकाङ्की नाटक' | २०६० वैशाख | गौतम छापाखाना, तुल्सीपुर-दाङ |
| २. | डिल्ली बस्नेत 'संगीत' | 'ज्युँदो लाश' | 'एकाङ्की नाटक' | २०६३ वैशाख | उत्साह गजलकुन्ज पत्रिका |

**४.१ नाटककार शुकदेव लामिछाने**

शुकदेव शर्मा लामिछानेको जन्म वि.स १९९२ जेठ १५ गते खलङ्गा गा.वि.सं.-५ सल्यानमा भएको हो । पिता गेदलाल लामिछाने र माता तुलसा लामिछानेका छोरा शुकदेव लामिछाने बाल्यकालदेखि नै साहित्यिक लेखनतर्फ रुचि राख्दथे । शिक्षाको क्षेत्र एस.एल.सी. मात्र सीमित भए तापनि यिनको दक्षता भने खारिएको छ । अध्यात्मवादी विचारधाराको चिन्तन गर्ने लामिछानेले तत्कालीन समाजकारुढिवादी, अन्याय मनन र चिन्तन गर्थे । विशेष गरेर शुकदेव लामिछाने कविको रूपमा चिनिए तापनि यिनको नाट्य विधामा पनि हात चलेको पाइन्छ । उनी कृषि पेशा  र समाज सेवामा संलग्न छन् ।  लाग्नु नै यिनको विशेषता रहेको देखिन्छ । शुकदेव लामिछाने हाल दाङको तुल्सीपुर नगरपालिका वडा नं. ५ मा बस्दै आएका छन् ।

**शुकदेव लामिछानेका प्रकाशित निम्नानुसारका कृतिहरू प्रकाशित छन् :-**

१. देशको माया (कविता सङ्ग्रह)

२. आमाको माया (कविता सङ्ग्रह)

३. प्रायश्चित (एकाङ्की नाटक)

४. बसिबियाँलो (कविता सङ्ग्रह)

लामिछानेको प्रायश्चित (एकाङ्की नाटक) लोकप्रिय रहेको छ । यो नाटकमा असत्यमाथि सत्यको विजय देखाउने प्रयास गरिएको छ ।

### ४.१.२ नाटककार शुकदेव शर्मा लामिछानेको 'प्रायश्चित' एकाङ्की नाटकको अध्ययन

शुकदेव शर्मा लामिछानेद्वारा रचिएको 'प्रायश्चित' एकाङ्की नाटक महत्वपूर्ण मानिन्छ । यस नाटकमा समाजमा हुँदै गरेका व्यवहार र शैलीलाई जस्ताको तस्तै चित्रण गर्ने प्रयास गरिएको छ । विशेषतः प्रजातन्त्रको पुनर्वहाली पछि गठित गा.वि.स.हरूको काम कारवाहीहरूलाई औँल्याउँदै पुराना मानिसको व्यवहारलाई यहाँ परिचित गराउन खोजिएको छ । अतः यस नाटकको प्रमुख विषय भनेको यथार्थवाद हो । यसमा आंशिक रूपमा यौन मनोविश्लेषणात्मकता पनि पाउन सकिन्छ । शर्माको यस नाटकको माध्यमबाट पात्रहरू आफूले गरेका भूलहरूका समस्यामा अल्झेका छन् र यथार्थको उद्घाटन पछि उचित संयोजनले गर्दा नाटक उत्कृष्ट देखिन्छ । बिचबिचमा प्रेम कहानीको प्रसङ्ग भएतापनि अन्त्यतिर भने संयोगान्तको रूपमा लिएको छ । उच्च र निम्न वर्गको बिच पनि प्रेम शक्तीशाली हुन्छ भन्ने पाठ यस नाटकबाट पाउन सकिन्छ । यो एकाङ्कीमा जम्मा आठ दृश्य रहेका छन् ।

यस नाटकको पहिलो दृश्यको सुरुवात हरिको घरबाट हुन्छ, जहाँ हरि गाउँले साथीहरूसँग तास खेलिरहेको हुन्छ । हरिको घरमा कृष्ण र अध्यक्ष सबैले सामूहिक कुराहरू गरिरहेका हुन्छन् ।अध्यक्षले हरिलाई गाउँघरतिर विद्यालयको पठन पाठनमा सहयोग गरिदिन आग्रह गरेका हुन्छन् । अध्यक्षको कुरालाई समेट्दै हरिले गा.वि.स.मा पाँच लाख आएको रकमबाट पाठशाला सञ्चालन गर्नेबारे जानकारी दिएको छ । यसरी दुवैको छलफलसँगै नाटक विकसित भएको हुन्छ । अन्त्यमा कृष्णको र अध्यक्षको सल्लाह अनुसार हरिलाई आउँदो दिन बैठक बस्ने जानकारीसँगै यो दृश्य अन्त्य हुन्छ ।

नाटकको दोस्रो दृश्यमा हरिले चुरोट तानेको अवस्था बारे देखाइएको छ । यहाँ राम र हरि बिच वार्तालाप भएको हुन्छ । स्कुल सञ्चालनका लागि आवश्यक रकमबारे

दुवै बिच गहिरो गुनासो भएको छ । विद्यालय सञ्चालनको आवश्यक रकमबारे छलफलसँगै हरि र राम बिचको सम्बन्धमा अनुच्छेद परिवर्तन हुन्छ । यसै दृश्यको बिच भागबाट पुतलीको आगमन हुँदा हरि र राम बिच प्रेम आकर्षण बारे छलफल हुन्छ । पुतलीको यौवनलाई देखेर हरि मख्ख परेको कुरा रामलाई सुनाउँदा रामले सबैथोक धन हो, जहाँ स्वर्गका अप्सरा पनि लालयित हुन्छन् भन्दै कथावस्तु अगाडि बढाउँछ । रामको विचारमा सबैभन्दा ठूलो धन हो, भन्ने भाव प्रस्तुत भएको छ । दोस्रो दृश्यको बिच भागबाट कवि शिरोमणि लेखनाथ पौड्यालको धन महिमा बारे गीत प्रस्फुटन हुन जान्छ । यसरी राम र हरि जस्ता पात्रहरू पुतलीसँग प्रेम प्रणयमा आँट गर्ने उद्देश्य लिएर लहरी गीत गाउँदै पर्दा बाहिर निस्कन्छन् । यो दृश्य हिन्दी उखान, लहरी गीत र प्रेम आकर्षण सहित समाप्त हुन्छ ।

नाटकको तेस्रो दृश्यमा गा.वि.स. बाट सुरु हुन्छ । जहाँ बैठकको तयारी हुन्छ । राजनीतिक बहस अनुसार लालबहादुर, जयराम र कृष्ण आआफ्नो वडाको प्रस्ताव ल्याएर अगाडि बढेका हुन्छन् ।उनको प्रस्तावलाई अध्यक्षले सकारात्मक सोँच लिएर कार्यान्वयनका लागि अगाडि बढ्ने अठोट लिन्छन् । यस दृश्यमा पाँचवटा प्रस्तावहरू पारित भएकोमा अध्यक्षले हरिको गुणगान गाएका छन् । यसरी अध्यक्ष मार्फत प्रस्ताव, ताली र हरिलाई धन्यवाद सहित उक्त नाटकको तेस्रो दृश्य समाप्त हुन्छ ।

नाटकको चौथो दृश्यमा चौबाटोको स्थानलाई लिएको छ । यहाँ अध्यक्ष र गोपाल बिच वार्तालाप भएको छ । बाटो खन्ने उद्घाटन गोपालले धमाधम गर्न थालेका हुन्छन् । यस नाटकको दृश्य एकता अनि साथीभाइ बिच मतैक्यको विचार सहित समाप्त हुन्छ ।

नाटकको पाँचौँ दृश्यमा हरिपुर (स्याल पाखा) लाई मुख्य स्थान बनाइएको छ । स्कुलमा सरस्वती पूजाको दिन पारेर अभिभावहरू, विद्यार्थीहरू र शिक्षकहरू बिच खुसियाली छाएको हुन्छ । कार्यक्रमको बारेमा अध्यक्ष र सचिव बिच भलाकुसारी भएको हुन्छ । सचिवको आशय अनुसार क्रमशः अध्यक्ष, शिक्षा अधिकारी र जिल्ला सभापतिको आसन ग्रहण गरिन्छ । सबैको आसन ग्रहण सकिएपछि सरस्वती तथा राजारानीको फोटोमा अबिर तथा फूल माला चढाइन्छ । शिक्षा अधिकारीद्वारा 'तमसोमा जोतिर्गमय' भन्दै पानसको बत्ती बालि दिने कार्यक्रम समापन गरिन्छ ।

सबैको जोडदार तालीको आवाजसँगै गा.वि.स. का उपाध्यक्षबाट मन्तव्य राखिन्छ । उपाध्यक्षले मन्तव्य मार्फत प्रजातन्त्रको उदयसँगै ४/५ वर्ष भित्रै २ वटा माध्यमिक र ७ वटा प्राथमिक विद्यालय रहेको वयान गरेका छन् । स्कुलको प्रगति गर्न सबै जनताहरूको लगनशीलताको तारिफ पनि गरेका छन् । सचिवको आशय अनुसार पुनः मुख्य अतिथिलाई मन्तव्यको लागि अनुरोध गरिन्छ । शिक्षा अधिकारीले छोटो समयमानै विद्यालयले ठूलो प्रगति गर्नमा जनताहरूको ठुलो हात रहेको बताएका छन् । मन्तव्यकै क्रममा शिक्षा अधिकारी मार्फत प्रा.वि. को स्वीकृती चाँडै दिने अभिलाषाको साथ आफ्नो भनाइ टुङ्ग्याउँछन् । त्यसै गरी जिल्ला सभापतिले आफ्नो मत राखेका हुन्छन् । गा.वि.स. ले शिक्षाको क्षेत्रमा गरेको कार्य जिल्लाकै अग्रगति मान्दै भविष्यप्रति उच्च स्थानको भूमिका दर्साएका छन् । कार्यक्रमकै अन्त्यतिर अध्यक्षबाट आफ्नो मत राखिएको छ । अध्यक्षले पनि माथिका अग्रज साथीहरूले गरेको भावनालाई मध्यनजर गरेका छन् । छोटो समयमा नै विद्यालयको उच्च प्रगति भएको र आफ्नो कार्यकाल भित्रै नवौँ वडामा प्राथमिक विद्यालयको सञ्चालन गरी एउटा कलेजको स्थापना गर्ने बारे भविष्यवाणी अध्यक्षको छ । यसै स्कुल सञ्चालनको गतिविधि र भविष्यप्रतिको सोच साथै यो दृश्यको समाप्त हुन्छ ।

नाटकको छैटौँ दृश्यमा अचानक यौवन र प्रेमसँग सम्बन्ध गाँसिएको हुन्छ । यहाँ राम र हरि बिच संवाद बढ्दै गएको र पुतली घर्तीसँग सम्बन्धित रहन्छ । यौवनको मातमा दुवै जना मदिरा सेवन गर्न साथै गएको र शिक्षिका पुतलीसँग खेलवाड गर्न हरि अग्रसर देखिन्छ । यहाँ विभिन्न बहाना गरेर पुतलीको सतित्व लुट्ने प्रयास गरिएको छ । प्रेम प्रणयमा मस्त रहेको हरिले उसको जवानी देखेर आफू घर न घाट भएको गुनासो रामलाई बताएको छ । यसै आधारबाट नाटकीय कार्य व्यापारले उग्ररूप लिएको छ । निर्दोश पुतलीलाई विभिन्न बहाना गरेर हरिले सतीत्व लुट्ने प्रयास गरेको हुन्छ ।

निर्दयी पात्र बनेको हरिले कुनै पनि कानुनको ख्यालै नगरेर पुतलीलाई जनावरको जस्तो नीच व्यवहार गरे अनुसार नाटकले चरमोत्कर्षको रूप लिन्छ । गाउँघरतिरका मानिसहरू मार्फत हरिले गरेको कुकृत्यबारे गुनासो गरिन्छ । त्यस्तो कार्यलाई घिनलाग्दो भन्दै अध्यक्ष मार्फत गैर कानुनी काम हो, भनिएको छ । यसरी

खराब दुर्व्यसन र बलात्कारको गम्भीर दोषी हरिलाई देखाउँदै नाटकको दृश्य पनि समाप्त हुन्छ ।

नाटकको सातौँ दृश्यमा पुन गा.वि.स.को स्थानलाई लिइएको छ । हरिले गरेको कुकृत्यको विवरण तयार पारेर शिक्षिका पुतलीले गा.वि.स. मा अध्यक्षलाई कागजपत्र जाहेर गरेकी हुन्छे । हरिले गरेको निन्दनीय कार्यको विरोध गर्दै अध्यक्षले एक अवला नारी माथि दिदी, बहिनीको मर्यादा राख्दै चेलीबेटीको इज्जत राख्न पनि सक्नुपर्छ भनेका छन् । आफ्नो विगतको सम्पूर्ण गल्तीलाई स्वीकार गर्दै ऊ आफू खराब सङ्गतका घेरामा परी मादक पदार्थ पिएको र आफ्नो घोर बद्नाम भएको औँल्याइएको छ । आफूलाई निच व्यक्ति ठानेर क्षमायाचनाको लागि स्वयं मौन धारण गर्ने अभिप्राय हरिले लिएको छ । अन्त्यतिर ईश्वरलाई साक्षी राखेर आफ्नै बहिनी जस्तो व्यवहार गर्ने वचन दिनतिर ऊ केन्द्रित छ । नाटकको मूल उद्देश्य बोकेको शीर्षक 'प्रायश्चित' को प्रार्थना हरिले लिएको पुतलीबाट पनि आफ्नै दाजुको रूपमा हेरिएको छ । आफ्नो युवा समयलाई खराब आचरणबाट पन्छाउँदै देश विकासतर्फ अगाडि बढ्ने प्रण अनुरूप यो दृश्य गतिशील देखिन्छ । यसरी अन्त्यतिर दुवै जनाको मिलापत्रको कागज सचिवबाट सुनाइएको छ । हरिले आफ्नो समय देश विकासतिर ध्यान दिने बताउँदै प्रा.वि. स्कुलको सहयोगको लागि पाँच हजार रुपैँया प्रदान गरेको छ । राम जस्ता पात्र मार्फत जाँडरक्सी नखाने प्रतीज्ञा सहित नाटकको दृश्य पनि समाप्त हुन्छ ।

नाटकको आठौँ दृश्य विद्यालयबाट सुरु भएको छ । विद्यालयमा पठन पाठन गर्न व्यस्त पुतलीको मन गहिरो सोचमा हुन्छ । आफूले विगतका दिनमा गरेका कार्य बारे चारैतिर उसको मन फैलन्छ । यसै अवसरमा पुतली घर फर्कदा दुवैको अचानक भेट हुन्छ । दुवै बिच विगतमा भएका कार्य बारे गहन मनन हुन्छ । हरीले आफू सुध्रने मौका पाएको प्रेरणाको रूप नै पुतलीलाई मानेको छ । दुवै बिच गहिरो भलाकुसारी गर्न चौतारामा बस्ने निधो गरेका र एक आपसमा मुखामुख गरेका हुन्छन् । यहाँ कृष्णसँग पुतलीको पुनः भेटसँगै दुवै बिच बढ्दो यौन र सकारात्मक भविष्यको सोचमा नाटकीय कार्य व्यापार वास्तविक प्रेम प्रणयमा रूपान्तरण भएको देखिन्छ । दुवै प्राणी बिच भविष्यप्रतिको गहिरो चिन्तनका साथै अन्तर जातिय प्रेम प्रणयमा बाँधिने कुरा पुतलीले व्यक्त गरेकी हुन्छे । पुतलीले सबै वितेका कहानी अनुरूप नाटकीय कार्य

व्यापारमा आफ्नो भाग्य चित्रण गर्दछे । जीवनभरको वास्तविक सारथी हरिलाई सम्झेर ऊ आफू वैवाहिक बन्धनमा बाँधिन हतार देखिन्छे । हरि समाजप्रेमी, देशप्रेमी र युवाप्रेमी भएको गुणगान गाउँदै ऊ आफू भाग्यमानी भएको ठान्दछे । यसरी उच्च वर्गको हरि र निम्न वर्गको पुतलीको अनुरोधमा दुवै प्राणी आफू सत प्रतिशत सहमत भएको कुरा बताएका छन् ।अन्त्यमा दुवै जनाले वरपीपललाई साक्षी राखेर जीवनभर साथ दिने प्रणका साथ विवाह बन्धनमा बाँधिन्छन् र नाटकको कथावस्तु पनि समाप्त हुन्छ ।

### ४.१.२ चरित्र चित्रण

नाटकका विभिन्न अनिवार्य तत्वहरूमध्ये चरित्र पनि एक हो । चरित्रको अभावमा नाटकको संरचना पूर्ण हुन सक्दैन । नाटकीय कथावस्तुलाई गतिशील र जीवन्त तुल्याउने काम चरित्रको कार्य व्यापारले गर्दछ । प्रस्तुत 'प्रायश्चित' एकाङ्की नाटक सामाजिक विषयवस्तुमा आधारित यथार्थवादी एकाङ्की नाटक हो । यसमा विभिन्न पात्रहरूको प्रयोग गरिएको छ । लामिछानेले जम्मा जम्मी १३ जना पात्रहरू र अन्य नाम नखुलेका ५ जना श्रमिक सदस्यहरू उक्त नाटकमा प्रस्तुत गरेको पाइन्छ । यिनै पात्रहरू मार्फत नाटकीय कार्य व्यापार अगाडि बढाइएको छ । प्रस्तुत नाटकमा डेढ दर्जन पात्रहरू रहेका छन् र ती पात्रहरूमध्ये महत्वपूर्ण भूमिका निर्वाह गर्नेहरूको बारेमा मात्र यहाँ परिचय दिइएको छ । ती पात्रमध्ये प्रमुख, सहायक र गौण गरी तीन प्रकारको भूमिका खेलेको पाइन्छ ।पात्रको विवरण यसरी दिन सकिन्छ :

प्रमुख पात्र : हरिबाबु र पुतली घले

सहायक पात्र : शिवराम थापा क्षेत्री र रामु

गौण पात्र : लाल बहादुर के.सी., कृष्ण शाह, निमकुमार शाह, ब्रम्ह्देव ओझा, कृष्ण नारायण गुरुङ र गोपाल खड्कायीपात्रहरूको मात्र यहाँ चरित्र चित्रण गरिएको छ ।

#### (क) हरिबाबु

उक्त नाटकमा पहिलो दृश्यबाट निरन्तर रूपमा आठौँ दृश्यसम्म आफ्नो भूमिका निर्वाह गर्ने प्रमुख पात्रका रूपमा हरिबाबुलाई लिन सकिन्छ । ऊ गाउँको धनाढ्य

व्यक्तिको र शर्मा खलकको छोरा पनि हो । नाटकीय कार्य व्यापारलाई गतिशील रूपले चलाई राख्ने जुन व्यक्ति उमेरको हिसाबले युवा वर्गको प्रतिनिधित्व गर्दछ । ऊ खाइलाग्दो २६ औँ वसन्त पार गरेको र पुतलीसँग प्रेम गर्न आतुर देखिन्छ । यहाँ उसलाई खानदानी वर्ग तथा स्कुल संस्थाप्रति आस्थावान एक कुशल समाजसेवीको रूपमा पनि हेरिएको छ । नाटकको बिच भागमा आएर कुलतमा फसेको हरिले नाटकलाई अझै प्रभावकारी पनि बनाएको छ । आफूभन्दा तल्लो जात पर्ने पुतली घलेसँग प्रेम गर्न ऊ लालयित देखिन्छ । विभिन्न विसङ्गतितिर ढल्कँदै नारी अस्थित्व माथि दाग लगाउन समेत ऊ अगाडि बढेको छ । गाउँले वर्गहरूको देखाइ र भनाइबाट उसमा चेत आएको छ । आफ्नो अस्मिता लुटिएकी पुतली मार्फत उसका विरुद्ध गा.वि.स.मा निवेदन पेश गरिन्छ । सकरात्मक सोच र विचार राखेर आफू पनि सत्मार्गतिर फर्कन्छ । नाटकको अन्त्यतिर स्कुल संस्थामा सहयोगको अपेक्षा गर्दै र विगतका दुश्कार्यहरूलाई त्याग्दै आफू सज्जन भएको पनि छ । नाटकीय कार्य व्यापारलाई विकसित र सुखान्त बनाउन पुतलीको अनुरोधमा ऊ विवाह बन्धनमा बाँधिएको छ । यसरी हरिबाबु उच्च वर्गको सफल प्रेमी, प्रणयशीलता र केन्द्रीय पात्रका रूपमा रहेको छ ।

### (ख) पुतली घले

उक्त नाटकको छैँटौँ दृश्यबाट अन्तिम दृश्यसम्म आफ्नो निरन्तरता देखाउने नारी पात्रका रूपमा पुतली घले देखा पर्दछे । ऊ विद्यालयकी शिक्षिका तथा घले परिवारकी छोरी पनि हो । उसमा शिक्षाको र नैतिक मर्यादाको राम्रो छाप पनि रहेको छ । उसलाई प्रमुख पात्र वा नायिका पनि भनिन्छ । नाटकीय कार्य व्यापारलाई निरन्तरता दिने पुतली एक चेतनशील युवती पनि हो । नाटकको छैँटौँ दृश्यदेखि हरिबाबु जस्ता पात्रबाट उसको यौवनमाथि खेलवाड गर्ने प्रयास गरिएको छ । नाटकको अन्तिम दृश्यलाई सफलतामा लिन ऊ हरिबाबु जस्ता प्रतिनिधि पात्रसँग जिवनभर वैवाहिक सम्बन्धमा बाँधिन्छे ।

**(ग) रामु**

प्रस्तुत नाटकको सहायक पात्रको रूपमा भूमिका खेल्ने क्रममा रामुको महत्वपूर्ण स्थान रहेको छ । ऊपुरुष पात्रको रूपमा नाटकीय कार्य व्यापारलाई गतिशील बनाउने पात्र हो । नाटकको दोस्रो दृश्यबाट सातौं दृश्यसम्म लगातार आफ्नो भूमिका खेली हरिको साथिको रूपमा ऊ देखा पर्दछ । हरिलाई विभिन्न बहानाहरू गर्न सिकाउँदै नाटकीय कार्यव्यापारलाई निरन्तरता दिने क्रममा रामुको भूमिका उल्लेखनीय छ । नाटकको बीच भागमा जे जस्ता कार्य गरेता पनि अन्त्यतिर सत्मार्गमा आउने प्रण गर्ने रामु एक प्रतिनिधि पात्रका रूपमा देखा पर्दछ । हरिलाई पुतलीसँग विभिन्न प्रेम प्रणयको अभिनय गर्न सिकाउँदै हिँड्ने ऊ नाटकीय कार्यावस्थाको प्रतीक पनि हो । यस नाटकमा आफ्नो अन्तिम अभिनय सकारात्मक सोचतिर लैजाने विचार भएको ऊ चेतनशील पात्रको रूपमा पनि देखा पर्दछ ।

**(घ) शिवराम थापा क्षेत्री**

प्रस्तुत नाटकको सहायक पात्रको रूपमा ै गा.वि.स. अध्यक्षको भूमिका निर्वाह गर्ने शिवराम थापा क्षेत्री हुन् । विद्यालय तथा संस्थाको सञ्चालन गर्न निरन्तर चिन्तन गर्ने एक पुरुष पात्रका रूपमा यिनलाई चिनिन्छ । हरिबाबु जस्ता पात्रलाई शैक्षिक संस्थाप्रति सहयोग गरी उचित सरसल्लाह दिने व्यक्तित्वको रूपमा यिनको अद्वितीय भूमिका छ । यहाँ नाटकीय कार्यव्यापारलाई निरन्तरता दिँदै सामाजिक, शैक्षक र व्यक्तिगत जागरण समेत गराउन यिनको अग्रणी भूमिका छ ।

**(ङ) लालबहादुर के.सी**

यस नाटकको गौण तथा पुरुष पात्रको भूमिका खेलने क्रममा लालबहादुर के.सी को महत्वपूर्ण भूमिका देखिन्छ । यहाँ नाटकीय कार्यव्यापारलाई गतिशील बनाउँदै वडा अध्यक्षको भूमिका खेल्ने पात्रको रूपमा यिनलाई लिइएको छ । नाटकको तेस्रो दृश्यमा देखापर्दै गा.वि.स अध्यक्षसँग बाटोघाटोको माग गर्ने पात्रको रूपमा यिनी

देखिएका छन् । जे भए तापनि एक समाजसेवी र बौद्धिक वर्गको प्रतिनिधित्व गर्दै महत्वपूर्ण भूमिका खेल्दै नाटकलाई थप गतिशील बनाएका छन् ।

**(च) कृष्ण शाह**

यहाँ पुरुष तथा गौण पात्रका रूपमा देखिएका कृष्ण शाह नाटकको पहिलो दृश्यबाट तेस्रोसम्म देखापरेका छन् । यिनीवडा नं ७ का वडा अध्यक्षका रूपमा कार्यरत छन् । यिनको भूमिका थोरै भए तापनि हरिलाई आवश्यक सरसल्लाह दिने व्यक्तिको रूपमा चिनिन्छ । शैक्षिक संस्थातिर गतिशील हुनको लागि गाउँले परिवेशमा बसेको हरिलाई भविष्यप्रति सकारात्मक सोच लिने उपदेश तथा आवश्यक सुझाव पनि दिएका छन् ।

**(छ) निमकुमार शाह**

यस नाटकमा पुरुष पात्रको भूमिका खेल्दै आएका निमकुमार शाह गा.वि.स का सचिव हुन् । यहाँ तेस्रो दृश्यदेखि पाचौं दृश्यसम्म निरन्तर भूमिका खेल्दै आएका निमकुमार शाह एक गौण पात्रको रूपमा देखिन्छन् । गा.वि.स को सम्पूर्ण कार्यक्रम सञ्चालन गर्न यिनको ठूलो भूमिका रहेको छ । विशेष रूपले भन्दा यिनी समाजको प्रतिनिधि कर्ताका रूपमा चिनिन्छन् ।

**(ज) ब्रह्मदेव ओझा**

यस नाटकको पुरुष पात्रको भूमिका खेल्दै आएका ब्रह्मदेव ओझा शिक्षा अधिकारी हुन् । शैक्षिक संस्था सञ्चालन गर्नै प्रेरककर्ताको रूपमा यिनको अग्र भूमिका छ । यिनले गाउँले वर्गको सहयोगको तारिफ गर्दै मतैक्यकोपनि राम्रो समीक्षा गरेका छन् । स्कुल उद्घाटनको समयसँगै गा.वि.स ले आउँदो दिनमा शिक्षा लगायत अन्य क्षेत्रमा पनि प्रगति तिर प्रेरणा दिने यिनको महान् विचार रहेको छ ।आफ्नो मतको अन्त्यतिर गा.वि.स को स्थायी स्वीकृति चाँडै दिलाउने प्रण यिनको रहेको छ ।

**(झ) कृष्ण नारायण गुरुङ**

यस नाटकको पुरुष पात्रको भूमिकामा देखा परेका कृष्ण नारायण गुरुङ जिल्ला सभापति हुन् । नाटकको पाचौँ दृश्यमा यिनको भूमिका रहेको छ । यिनी गौण पात्रको भूमिका खेल्ने व्यक्ति, समाज सुधारक र शैक्षिक संस्थाप्रति दायित्व बोध हुने पात्रको रूपमा चिनिन्छन् । शैक्षिक क्षेत्रतिर आफूले दिने सहयोगका साथ नाटकलाई टुङ्गोतिर लैजान यिनको ठुलो हात रहेको छ ।

**(ञ) गोपाल खड्का**

यस नाटकमा पूरुष पात्रको भूमिका खेल्ने व्यक्तिका रूपमा गोपाल खड्का जिल्ला सदस्य हुन् । नाटकको चौथो दृश्यमा भूमिका खेल्दै आएका गोपाल खड्का गौण पात्रका रूपमा चिनिन्छन् । अध्यक्षको सल्लाहमा बाटो खन्ने अभियानमा उद्घाटन गर्नै प्रेरककर्ता खड्का हुन् । यिनकै प्रेरणाबाट जनमतको महत्व अनि एकताको मार्ग बनेको छ । विशेष गरेर यिनलाई सामाजिक व्यक्तित्व, जिल्लाको सदस्य, संगठनात्मक कर्ता र विकास प्रेमीको रूपमा चिनिन्छ ।

**४.१.३ परिवेश विधान**

परिवेश विधान भनेको देश, काल र वातावरणको चित्रण हो । प्रस्तुत नाटकको परिवेश विधान भनेको गाउँले समाजको परिस्थिति नै हो । यहाँ जातिय र वर्गीय बिचको घटनाक्रम देखाइएको छ । यहाँ विशेषतः सम्पन्न परिवेशको हरिलाई नाटकको प्रारमभदेखि चित्रण गरिएको छ । गाउँका जान्ने बुझ्ने व्यक्ति मार्फत स्कुल तथा संस्थाको सञ्चालनमा सहयोगको अपेक्षा हरिसँग गरिएको छ । सुरुमा सामाजिक कार्यको सहयोगी पात्र बनेको हरि बिच भागमा निम्न स्तरकी पुतली घलेसँग प्रेम प्रणयमा बाँधिएको छ । यसैको आधारमा उच्च र निम्न वर्गको चित्रणबाट नै सम्पूर्ण नाटकीय कार्य व्यापार घुमेको देखिन्छ । यहाँ नाटकको पहिलो दृश्यमा ग्रामीण परिवेश देखाउँदै तेस्रोमा आएर गा.वि.स. मार्फत नाटक गतिशील बनेको छ । विभिन्न प्रकारका स्वस्थ्य, बाटोघाटो, भवन निर्माण जस्ता मागहरूको प्रतिनिधित्व भएको यहाँ

देखिन्छ । यसरी सामान्य गाउँघरका वर पिपल, पानी पँधेरो, मदिरा सेवन र मायाप्रितीका उदाहरणबाट नै ग्रामीण परिवेशको चित्रण गरिएको छ ।

### ४.१.४ उद्देश्य

प्रस्तुत 'प्रायश्चित' नाटकमा ग्रामीण समाजका आवश्यकताहरू मध्यनजर गरेर यसले महत्वपूर्ण उद्देश्य लिएको छ । ग्रामीण समाजमा घट्दै गरेका विभिन्न वर्ग र समुदायको घटनाक्रमहरूको कार्य व्यापारलाई चित्रण गरेर यो नाटक गतिशील बनेको छ । यसैको मध्यनजर गरेर वर्तमान अवस्थामा उच्च जाति र समुदायको चित्रण यहाँ गरिएको छ । तल्लो वर्गको तुलनामा उच्च वर्ग पनि कुलतले गर्दा दिन प्रतिदिन फसेको उदाहरण यहाँ उल्लेख छ । यस्तो कुलततिर नजान विभिन्न वर्ग र समुदायलाई नैतिकताको सन्देश दिनु नै मुख्य विषयवस्तु बनेको छ । त्यसकारण हाम्रो ग्रामीण समाजमा दिन प्रतिदिन बिग्रँदै गएको वर्गलाई समाजप्रेम तथा राष्ट्रप्रेमको सन्देश दिनु यसको मुख्य उद्देश्य बनेको छ । यसबाट विसङ्गतितिर फसेका जुनसुकै वर्गका युवा केटाहरू पनि देश विकासतर्फ जागरुकहुनुपर्ने प्रमुख उद्देश्य रहेको छ । राम्रो समझदारी र मन मिलेमा जुनसुकै वर्गको पनि वैवाहिक सम्बन्ध सफल हुन्छ भन्नेसन्देश यस नाटकबाट प्रस्तुत भएको छ ।

### ४.१.५ अङ्क/दृश्य विधान

प्रस्तुत नाटक जम्मा आठ दृश्यमा विभाजित एकाङ्कीको रूपमा रहेको छ । नाटकको आदि भागमा ग्रामीण परिवेशको चित्रणबाट हरिलाई देखाउँदै आठौँ दृश्यमा समाप्त भएको नाटक एक कुशल, सफल प्रेमीको रूपमा देखा पर्दछ । यसलाई केन्द्रित गरेर हेर्दा अन्त्यतिर नायक नायिकाको मेल भएकाले संयोगान्त नै भन्न सकिन्छ । अङ्कको रूपमा क्रमशः १,४,६,८,९,१२,१५ र १८ पेजमा विस्तार भएको छ । यसमा क्रमशः पहिलो दृश्यमा हरिको घर, दोस्रोमा पनि हरिको घर, तेस्रोमा गा.वि.स., चौँथोमा चौतारो, पाँचौँमा हरिपुर (स्याल पाखा), छैँठौँमा बाटो, सातौँमा गा.वि.स र आठौँमा विद्यालयलाई देखाइएको छ । यसरी प्रस्तुत नाटक (पृष्ठ १ देखि १९) सम्मएक सानो आयामको रूपमा विस्तार भएको छ ।

### ४.१.६द्वन्द्व

द्वन्द्व भनेको नाटकको प्राण हो । अथवा द्वन्द्व विनाको नाटक सम्भव छैन । यसैलाई आधार मानेर प्रस्तुत 'प्रायश्चित' नाटकको बिच भागमा दुवै नायक नायिका बिच द्वन्द्वको चरम उत्कर्ष देखाइएको छ । नाटकको छैँठौँ र सातौँ दृश्यमा द्वन्द्वको अनवरत रूपले नाटक अझै प्रभावकारी भएको छ । द्वन्द्वले उग्ररूप लिँदै गा.वि.स. मा समेत निवेदन पेश गर्न नायिकालाई बाध्य बनाएको छ । यहाँको द्वन्द्वलाई उच र निच वर्ग बिच भएको द्वन्द्व भनिन्छ ।

### ४.१.७भाषाशैली

प्रस्तुत नाटक सामान्य व्यवहारवादी शब्दावलीको प्रयोग र मानवीय जीवनमा घट्न सक्ने घटनाका बारे वास्तविकताको चित्रण गरेर लेखिएको हो । भाषाशैली सरल, स्तरीय, अनुकरणात्मक शब्दावली, हिन्दी उखान, हर्ष तथा बिस्मात, जस्ता मनोभाव प्रस्तुत हुने शब्बदावलीले नाटक प्रभावकारी बनेको छ ।

### ४.१.८संवाद

संवाद नाटकको अभिन्न अङ्ग र नाटकलाई गतिशील तुल्याउने माध्यम हो । प्रस्तुत नाटकमा पात्रहरू बिच सरल, सहज संवाद प्रयोग गरेर नाटकीय कार्य व्यापार अगाडि बढेको छ । प्रस्तुत नाटक हरि र अध्यक्ष बिच भएको संवादसँगै प्रारम्भ हुँदै हरि र पुतली बिच भएको प्रेमालाप संवादमा अन्त्य भएको छ । करिव डेढ दर्जन पात्र भएको यस नाटकमा पाँच जनाको नाम नै राखिएको छैन । बाँकी विभिन्न पद धारणा र समाजसेवीको भूमिकामा रहेका पात्र बिचसंवाद छ । विभिन्न समाज सुधारका क्रियाकलापहरू र संस्थाप्रति दायित्व बोकेको संवादबाट अझै प्रभावकारी र रोमाञ्चकता प्रदान भएको छ ।

## ४.२ नाटककार डिल्ली बस्नेत

डिल्ली बस्नेतको जन्म वि.स. २०३३/०९/१६ गते बिजौरी १, दुधरास दाङमा भएको थियो । उनी पिता शिवबहादुर बस्नेत र माता डिलाकुमारी बस्नेतका सुपुत्र हुन् । उनी सानैदेखि साहित्यिक लेखनतर्फ रुचि लिन्थे । यिनको साहित्यिक नाम 'सङ्गीत' थियो । उनको साहित्यिक लेखनमा विषयवस्तु नै राजनीतिक परिवेशमाथितीव्र आलोचना रहेको छ । शिक्षाको क्षेत्रमा स्नातकोत्तर सम्मको अध्यनमा निरन्तरता दिइरहेका बस्नेत हाल आएर राप्ती विद्या मन्दिर आवासीय उच्च मा.वि. तुल्सीपुर दाङमा शिक्षकको रूपमा कार्यरत रहेका छन् । विभिन्न दार्शनिक, वैचारिक चिन्तनमा गतिशीलता देखाउने बस्नेतलाई मानवताको प्रेरक, देशको कहाली लाग्दो राजनीति परिवेश, समाजका कुप्रथा र युगीन विसङ्गति माथि तिव्र झटारो हान्ने व्यक्तिका रूपमा पनि लिन सकिन्छ । यिनको मुख्य उद्देश्य भनेको मानवीय जीवनको भोगाई र जीउनुको अर्थ रहेको छ ।

डिल्ली बस्नेत 'सङ्गीत'का प्रकाशित कृतिहरू यस प्रकार रहेका छन् :-

१. ज्युँदो लाश नाटक सङ्ग्रह

२. प्रतिबिम्ब लेख सङ्ग्रह

### ४.२.१ 'ज्युँदो लाश' नाटकको अध्ययन

युवा नाटककार डिल्ली बस्नेत 'सङ्गीत'का प्रस्तुत नाटक सामाजिक विसङ्गति विरुद्धको सन्देशमूलक नाट्य कृति हो । जम्मा चार दृश्यमा संरचित यस नाटकमा अभिभावहरूमा रहेको दाइजो प्रथाका कारण निश्चल प्रेमको बलिदान भएको कथा समेटिएको छ ।

आठ ओटा नाटकको मेरुदण्डको रूपमा रहेको प्रस्तुत 'ज्युँदो लाश' नाटकलाई पूर्वीय वा पाश्चात्य शास्त्रीय परिभाषा भित्र राख्न सकिँदैन तापनि सङ्गीतले अङ्गालेका विषयवस्तुका आधारमा सामाजिक यथार्थवादी वा समस्यापरक नाट्य साहित्यका श्रेणीमा मूल्याङ्कन गरिएको छ ।

प्राचीन आध्यात्मिक चिन्तन र मान्यतालाई पन्छाउँदै नाटकको रचना गरिएका पात्रहरूको यथार्थवादीपन र सामाजिक विषयवस्तु समेटिएर प्रस्तुत नाटकको चित्रण

गरिएको छ । विषयवस्तुका दृष्टिले हेर्दा यस सङ्ग्रहका नाटकहरूमा राष्ट्रियता, सामाजिक विकृति, मानवीय प्रेमको भाव, धनको अहङ्कारले समाजमा पर्ने तनाव, युवा विकृति र दाइजोको कालो पर्दालाई समेटिएको देखिन्छ । यसबाट कैयौँ युवा युवतीहरू सामाजिक असमानताका कारणले घर न घाटको भएका र छोरीहरू भएकै कारणले ज्युँदो लाश बनेका छन् । अतः यस नाटकको कथानक स्रोत समकालीन सामाजिक परिवेश हो । आयामका हिसाबले जम्मा चार दृश्यमा विभाजित भएको 'ज्युँदो लाश' सामाजिक यथार्थ बोकेको एकाङ्की नाटक हो ।

प्रस्तुत नाटकको पहिलो दृश्यमा रोगी हरिभक्तको घरमा बाबु छोरी बिच भएको वार्तालाप देखाइएको छ । दुवै बाबु र छोरी बिच भएको कुराकानीबाट उक्त कथावस्तु अगाडि बढेको छ । बाबुको रोगीपनलाई ध्यान दिँदै सन्ध्याले सम्झाएको र 'एक रात बाँचे नौ लाख तारा देख्ने' घटनामा कथावस्तुलाई गतिशील बनाएको देखिन्छ । बिरामी बाबुको उपचारको लागि ऋण ल्याउने भन्दा हरिभक्तले आफ्नो स्वास्थ्यको ख्याल नै नगरेर सन्ध्यालाई बिहे गरिदिने कुरा बताएका छन् । बाबुको कुरालाई अस्वीकार गर्दै सन्ध्याले आफूले सीप सिक्ने कुरा प्रस्तुत गरेकी छ । यसरी बाबु छोरी बिचको गन्थनसँगै गोरेको आगमन हुन्छ ।बाबुको आदेश अनुसार सन्ध्या चिया बनाउन गएकी हुन्छे । चियापानको साथसाथै गोरेले अक्मकाउँदै छोरीको बिहे बारे हरिभक्तलाई सोधेको हुन्छ । गोरेबाट सन्ध्यालाई उचित केटाको छनौट गरिन्छ । सन्ध्याको केटा सन्जोग धनी वर्ग र सम्भ्रान्तशाली भएकोमा हरिभक्तले आफ्नो स्तर नमिल्ने बताउँछन् । यहाँ सन्ध्याको जवानी र रूपको प्रशंसा गर्दै गोरेले हरिभक्तलाई बिहेको निश्चित जानकारी दिएको छ । उता धनप्रसादको कडापन र आफू ऋणी भएको खेद हरिभक्तलाई हुन्छ । यसरी दुवै बिचको गफगाफमा सन्ध्याको बिहेबारे निर्णय गरिन्छ । यसरी सन्ध्याको चियापानसँग गोरे र हरिभक्तको वार्तालापमा नाटकको पहिलो दृश्य समाप्त हुन्छ ।

प्रस्तुत नाटकको दोस्रो दृश्यमा वर्षात्को झरीसँगै धन प्रसादको घर र आडम्बरीपन देखाइएको छ । यहाँ धनप्रसाद र सन्जोगको बाबु छोरा बिचको गफगाफ देखाइन्छ । छोराको बिहे बारे धनप्रसाद बताउँछन् र आफ्नो पढाइ बारे जानकारी दिँदै सन्जोगले बिहे नगर्ने निर्णय गरेको हुन्छ । आफ्नो कुल परम्परालाई मध्यनजर गरेर

गजानन्दकी छोरीसँग बिहे गरिदिने कुरा धनप्रसाद बताउँछन् । यसरी केटी र खान्दानको स्तर तुलना गर्दा गर्दै बाबु धनप्रसादसँग छोरा सन्जोगको द्वन्द्वमा नाटकको दोस्रो दृश्य समाप्त हुन्छ ।

नाटकको तेस्रो दृश्यमा बाहिरी वातावरण आँधी, तुफान र गोरेको हतारीपनलाई देखाइएको हुन्छ । नयाँ कुराको चाँसो लिएर सन्जोगले गोरेसँग भलाकुसारी गरेको हुन्छ । रामायण पढिरहेका हरिभक्तले छोरीको बिहे सुखमय होस् भन्ने धारणा लिन्छन् । भविष्यप्रति राम्रो सोँच लिने आधार बनाउँदै हरिभक्तले सन्जोगलाई आफ्नी छोरी सुम्पेका छन् । यहाँ सम्पन्न वर्गको प्रतिनिधित्व गरेको सन्जोगले दाइजोको बिरोध गरेर निम्न स्तरकी सन्ध्यालाई सिन्दूर हाल्न तयार भएको छ । यसरी बाबु छोरी बिच भएको सुख दुःखको कहानीसँगै सन्ध्या माइतीबाट बिदा लिन्छे ।

बाटोमा खोलाको किनार र अनौठो जीवको अशुभ ध्वनिका साथसाथै कुकुर भुकेको जोड जोड आवाज निस्कन्छ । सन्ध्याले चुडेलको आवाज भएको बताउँदै गोरे र सन्जोगको यात्रालाई निरन्तरता दिएकी हुन्छे । गाउँकी निम्न वर्गकी मानिने काकाकी छोरी गर्भावस्थामा राम्रो खानपिन नपाएर मरेको कहानी सन्ध्या बताउँछिन् । यसरी यात्राको क्रममा गोरेको घरको सिमाना आउँदा सबैलाई निन्द्रादेवीले छोएको हुन्छ । सन्ध्याको विवाहको लागि अर्को दिनलाई साक्षी राख्दै सबै जना मस्त निन्द्रामा पर्छन् ।

छोरा सन्जोगले बिहे गरेको धनप्रसादले थाहा पाएर रिसले उग्र रूप लिएको छ । धनप्रसादले आर्थिक स्तरलाई आकाश र धर्ती बिच तुलना गर्दै यी दुई बिच फरक भएको अतुलनीय गुनासो पोखेको छ । यसरी धनप्रसाद, गोरे र सन्जोग बिचको लामो छलफलमा धनप्रसादले रिसको राँको बालेको हुन्छ । अन्त्यतिर गाउँलेहरूको सम्झाइ बुझाइबाट धनप्रसादको घरमा सन्ध्यालाई भित्र्याइन्छ । बिहेको केही दिन पछि अध्ययनका लागि बाहिर गएको र सन्ध्यामाथि घरको सम्पूर्ण दायित्व काँधमा आएको हुन्छ । यसरी सन्ध्याको दुखपूर्ण दिनचर्याले अर्को मोड लिन्छ । विवशतार विडम्बनाको भूमरीले सन्ध्या दोजिया अवस्थामा समेत खानपिन बिहिन हुन जान्छे । धनको लोभ

लालचमा फसेको धनप्रसादको लापर्वाहीबाट निर्दोष सन्ध्या एक दिन ईश्वरको सामु उपस्थित हुन बाध्य हुन्छे । यसरी सन्ध्याको दु:खान्त मृत्युसँगै यो दृश्य समाप्त हुन्छ ।

प्रस्तुत नाटकको चौथो दृश्यमा मानसिक रूपमा विछिप्त अवस्थाका सन्जोग र धनप्रसाद बिचको द्वन्द्वले चरमोत्कर्षको रूप लिन्छ । मानसिक असन्तुलनमा पुगेको सन्जोगले एक्कासी मृत आत्मा देख्नु र सोही आत्माले 'धनी वर्गकी छोरीसँग बिहे गर' भन्नु जस्ता अकल्पनीय भ्रमको पर्दा देखा पर्दछ । सन्जोगको विलाप र मृत आत्मासँग दर्दनाक कुरा पोखेको यस दृश्यमा छ । मानसिक सन्तुलन गुमाएको सन्जोगले एक्कासी भौतारिँदै हिँड्नु, हरिभक्तको घरमा जानु, सन्ध्यालाई हकारेर बोलाउनु र अन्त्यतिर आफूले जहर खाएर मर्नु जस्ता विडम्बनाहरू यस दृश्यमा पाइन्छ । हरिभक्तले 'गरिबका चेलीहरू धनीका घरमा जानु अभिशाप रहेछ' भन्ने गुनासो पोखेको हुन्छन् । नाटकको अन्त्यतिर सन्जोगको मानसिक विछिप्तता, सन्ध्यालाई चारैतिर आएको देख्नु, बोलाउन खोज्नु, भ्रम, तनाव र वर्गगत असमानताले सिर्जेको विसङ्गति बिचको तालमेलमा प्रस्तुत नाटकले बिदा लिन्छ ।

### ४.२.२ चरित्र चित्रण

प्रस्तुत 'ज्युँदो लाश' नामक एकाङ्की नाटक सामाजिक विषयवस्तुमा आधारित यथार्थवादी नाटक हो । यस नाटकमा विभिन्न पात्रहरूको प्रयोग गरिएको छ । 'सङ्गीत'ले यस नाटकमा जम्मा जम्मी पाँच जना पात्रहरूको प्रयोग गरिएको छ । यिनै पात्रहरू मार्फत नाटकीय कार्य व्यापार अगाडि बढेको छ । प्रस्तुत नाटकमा सन्ध्या, हरिभक्त, सन्जोग, गोरे र धनप्रसाद रहेका छन् ।

कथानकको गतिलाई हेर्दा केन्द्रीय पात्रका रूपमा हरिभक्त रहेको छ । आरम्भदेखि तेस्रो दृश्यसम्म आफ्नो गतिलाई निरन्तरता दिएतापनि सन्ध्याको भूमिका यहाँ महत्वपूर्ण देखिन्छ । यस नाटकलाई गतिशीलता प्रदान गर्न हरिभक्तको अद्वितीय भूमिका छ । यस नाटकको नायक नायिकामा सन्जोग र सन्ध्या रहेका छन् । यस नाटकको कथानक दुवै जनाको कारणले गर्दा अगाडि बढेको देखिन्छ । यसै गरी गोरे पनि यहाँ सहायक पात्रका रूपमा आएको देखिन्छ । धनप्रसाद यहाँको गौण पात्रको रूपमा देखिन्छ । यसरी नाटकमा प्रमुख, सहायक र गौण गरी तीन किसिमका

पात्रहरूको संयोजनबाट नाटकको कथानक अगाडि बढेको छ । प्रस्तुत नाटकमा पुरुष पात्र धेरै तर नारी पात्र भने एक जना मात्र देखिन्छ । धनप्रसादले धनको आडम्वरदेखाएर गरिब वर्गलाई पशु जस्तै व्यवहार गरेको छ । यिनै नाटकमा आएका विभिन्न पात्रहरूको चरित्रलाई अलग अलग रूपमा यहाँ चर्चा गरिएको छ ।

**(क) सन्ध्या**

सन्ध्या यस नाटकको आरम्भदेखि तेस्रो दृश्यसम्म निरन्तरता दिएकी गतिशील पात्र हो । उसलाई प्रमुख नायिका पनि भनिन्छ । बाबुको र आफन्तको इच्छा अनुसार बिहे बन्धनमा बाँधिएकी सन्ध्या कर्तव्य बोध गर्ने, बाबुलाई सल्लाह सुझाव दिने, गरिब वर्गको प्रतिनिधित्व गर्ने धैर्यशील, पतिपरायण, कुशल गृहणी र गतिशील पात्रका रूपमा देखा पर्दछे । सन्ध्याकै मूल विषयवस्तुलाई केन्द्र बनाएर लेखिएको यस नाटक सामाजिक स्तर मापन गर्न सफल देखिन्छ ।

नारी पात्रको भूमिकामा देखा परेकी सन्ध्याकै वरिपरि नाटकको कथानक घुमेको छ । नाटकमा उल्लेख भएका सम्पूर्ण पात्रहरू सन्ध्याकै कोणमा केन्द्रित छन् । सन्ध्या यस नाटकको अन्तिम अवस्थामा समस्या पात्रको रूपमा देखा परी सन्ध्याले धनी वर्गको लापर्वाहीले आफ्नो ज्यान गुमाउन बाध्य भएकी छे । समग्रमा सन्ध्या नायिकाको भूमिका खेलेकी नारी पात्र, नाटकलाई गतिशील रूपले अगाडि बढाउँदै लैजाने बद्ध पात्रका रूपमा अगाडि बढेकी छ ।

**(ख) हरिभक्त**

प्रस्तुत नाटकको प्रमुख पात्रको रूपमा भूमिका खेलेका हरिभक्त एक वृद्ध, गरिव, रोगी तथा सन्ध्याको बाबुको रूपमा रहने प्रतिनिधि पात्र हो । लिङ्गका आधारमा पुरुष पात्र र गाउँले परिवेशको ऋणी व्यक्तिको रूपमा ऊ देखिन्छ । उसको दिनचर्या नाटकको आरम्भदेखि अन्त्यसम्म दुःखै दुःखमा बितेको हुन्छ । नाटकको कार्य व्यापारलाई निरन्तरता दिन ऊ एक गतिशील, धार्मिक चिन्तन भएको र बद्ध पात्रको रूपमा देखा पर्छ ।

विशेष रूपले भन्दा हरिभक्त एक सामान्य, असहाय तथा दुःखी व्यक्तिको रूपमा धनप्रसाद जस्ता पात्रबाट शोषणको सिकार बनेको प्रतिनिधि पात्र हो । हरिभक्त निम्न

स्तर र सामाजिक मर्यादामा ढल्कने एक सोझो पात्रका रूपमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने पात्र हो ।

**(ग) धनप्रसाद**

प्रस्तुत नाटकमा पुरुष पात्रको भूमिकामा देखा परेको धनप्रसाद समाजको शोषक तथा सामन्त वर्गको प्रतिनिधित्व गर्ने पात्र हुन् । उनमा धनको आडम्बरताले सिमानै नाघेको हुन्छ । ऊ बिलासी, खरो स्वभाव भएको र निर्दयी पात्रको रूपमा देखा पर्दछ । गरिव वर्गको जीवनमाथि खेलबाड गरेर निर्दोष सन्ध्यालाई मृत्युको मुखमा पर्न बाध्य बनाउने राक्षसी प्रवृत्ति भएको पात्रको रूपमा ऊ चिनिन्छ । ऊ गरिव वर्गलाई पुतली जस्तै खेलाउन चाहान्छ ।

**(घ) सन्जोग**

प्रस्तुत नाटकको युवा जोश र जाँगरले भरिएको प्रमुख पात्रका रूपमा सन्जोग देखा पर्दछ । नाटकको तेस्रो दृश्यदेखि भूमिका खेलेको दाइजो बिरोधी र नयाँ विचारधारा भएको पात्रको रूपमा सन्जोग देखा पर्दछ । ऊ आफ्नो जीवन साथी सन्ध्याको वियोगमा छट्पटिएर मानसिक सन्तुलन गुमाउने स्थितिमा समेत पुगेको छ ।

**(ङ) गोरे**

प्रस्तुत नाटकमा युवाको प्रतिनिधित्व गर्ने र सन्जोगको मन जित्ने साथीको रूपमा गोरे देखा पर्दछ । ऊ पहिलो दृश्यको बिच बिच भागबाट देखा पर्दछ । नाटकको अन्त्य अवस्थासम्म उसको गतिशीलता देखिन्छ । यहाँ नाटकमा उल्लेख भए अनुसार केटाकेटीको सम्बन्ध जोड्ने लमीको भूमिकामा ऊ रहेको छ ।

### ४.२.३ परिवेश विधान

परिवेश विधान भनेको देश, काल र वातावरणको चित्रण हो । प्रस्तुत नाटकको परिवेश विधान गाउँले समाजको परिस्थिति नै हो । धनी र गरिव वर्ग बिच असमानताले सिर्जना गरेको विषम परिस्थितिलाई यस नाटकमा प्रस्तुत गरिएको छ । यहाँ विशेष गरेर धनी वर्गको फन्दामा सर्वसाधारण व्यक्तिहरू फसेको उदाहरण प्रस्तुत गरिएको छ । नाटकको पहिलो दृश्यमै गाउँले पाराको बसाइँ, वृद्ध तथा रोगीपन र गरिबको परिवारलाई यहाँ चित्रण गरिएको छ ।

### ४.२.४ उद्देश्य

प्रस्तुत 'ज्युँदो लाश' नाटक समाजमा घट्न सक्ने विषयवस्तु भएकाले यसले महत्वपूर्ण उद्देश्य लिएको छ । धनी र गरिव वर्ग बिच भएको असमानता तथा कार्य व्यापारलाई चित्रण गरेर प्रस्तुत नाटक गतिशील भएको छ । वर्तमान अवस्थामा नेपाली समाजमा बढ्दै गएको दाइजोको कालो पर्दाले चोखो माया अनि विश्वासका रेखाहरू मेटिँदै गएका छन् । आजको एक्काइसौँ शताब्दीमा पनि हाम्रो देशको कुना कन्दरा तथा गाउँ बँसीका जनता चेतना तथा शिक्षाको उज्यालोबाट बञ्चित छन् । अलिकति टाठा बाठा तथा चेतना भएका व्यक्तिहरूले यिनै अशिक्षित जनताहरू माझ गोटी चाल्न थालेका छन् । यस्तै फटाहा दलालले यिनै सोझा, सिधा सादा तथा निमुखा जनताहरूलाई मिठा मोह जालमा सुनौला दुनियाँ देखाएर विदेशी गल्ली गल्छेडामा ल्याएर तथा गलत धन्दामा लगाएर मोटो रकम असुलेका छन् । यसैबाट ग्रामीण समुदाय 'ज्युँदो लाश' बन्दै गएको छ ।धनको कालो पर्दाले दिदी बहिनीहरू रङ्गीन दुनियाँको यात्रा गर्दा घर न घाट भएका छन् र यो हुने क्रम जारी छ । यसैको मध्य नजर गरेर उक्त नाटकलाई उदाहरण बनाउँदै यसबाट हामी नेपाली जनताले कसरी मुक्ति पाउने ? मुक्ति पाउनका लागि नेपाली जनताहरू एक आपसमा गोलबद्ध भएर अगाडि बढे रोग, भोक र अज्ञानताको विरुद्ध चेतनाको दियो बालेमा राष्ट्र र राष्ट्रियताको नाराले सद्भाव गाँस्ने मूल सन्देश यस नाटकले दिन खोजेको छ ।

### ४.२.५ अङ्क /दृश्य विधान

प्रस्तुत एकाङ्की नाटक जम्मा जम्मी चार दृश्यमा विभाजित भएको छ । आदि भागमा ग्रामीण परिवेशको चित्रणसँगै, दोस्रो भागमा पानी परेको, तेस्रोमा हावाहुरी र चौँथो दृश्यमा सन्ध्याको मृत्यु भएर नाटक दुखान्त बनेको छ ।

### ४.२.६ द्वन्द्व

द्वन्द्व भनेको नाटकको प्राण हो अथवा द्वन्द्व विनाको नाटकको सम्भव छैन । प्रस्तुत नाटकमा निम्न वगर उच्चवर्ग बिच द्वन्द्वको तीब्र रूप देखाईएको छ ।यसैबाट धनप्रसादसँग कथानकको शुरूमा ग्रामीण व्यक्तिहरूसँग द्वन्द्व र अन्त्यतिर उनकै

छोरासँग द्वन्द्वको उग्र रूप देखिन्छ । बाबाको इच्छा अनुसार विवाह गर्नै अथवा आफ्नै इच्छा अनुसार विवाह गर्ने भन्ने कुरामा वैचारिक द्वन्द्व देखिन्छ ।

### ४.२.७भाषाशैली

प्रस्तुत नाटक सामान्य व्यावहारिक रसरल सहज भाषको संवाद प्रयोग भएको छ । नाटकको आदि भागमा उखान टुक्काको प्रयोग, अनुकरणात्मक शब्दको प्रयोग देखाउँदै दोस्रो दृश्यमा व्यवहारिक सरल सहज भाषा संवाद स्तरीय र बोधगम्य छ ।

### ४.२.८ संवाद

संवाद नाटकको अभिन्न अङ्ग हो र नाटकलाई गतिशील तुल्याउने माध्यम हो । प्रस्तुत नाटकमा पात्रहरू बिच सरल संवाद प्रयोग गरेर नाटकको कार्य व्यापार अगाडि बढेको छ । प्रस्तुत नाटक सन्ध्या र हरिभक्तको बिच भएको संवादबाट प्रारम्भ हुँदै गोरे, धनप्रसाद र सन्जोगसम्म विस्तार भएर नाटकको अन्त्य हुन्छ । यहाँ सामाजिक मूल्य मान्यताहरूलाई ख्याल गरेर संवादको प्रयोग गरिएको छ । यसबाट युगीन सन्देशबारे पनि भविष्यवाणी समेत गरिएको छ ।

## ४.३ निष्कर्ष

दाङ जिल्ला साहित्यिक हिसाबले उर्वर मानिन्छ । अन्य विधाको तुलनामा नाट्य विधामा स्रष्टाहरूको कलम सीमित रहेको पाइन्छ । कालक्रमिक रूपमा नाटक विधाले धेरै आरोह अवरोह पार गरेको छ । वि.सं. २००४ देखि उदय भएको यस विधाले नैतिक सन्देश, धार्मिक उद्देश्य, आर्थिक पक्ष, अन्धविश्वास विरुद्ध आवाज, शोषणको तिव्र विरोध, देशको राजनीतिप्रति चिन्तन र जनचेतनाको पाठ पढाएको छ । यहाँ विशेष गरेर कृतिगत अध्ययन गरिएको छ ।

दाङ जिल्लाका नाटकको अध्ययन गर्दाविशेष गरी कृतिगत रूपमा दुई ओटा नाटकीय कृतिको अध्ययन गरिन्छ । कालक्रमिक रूपमा यी कृतिबाट व्याख्या गर्दा विभिन्न उद्देश्यमूलक सन्देश रहेको पाइन्छ । विशेषतः सुकदेव शर्मा लामिछानेको 'प्रायश्चित' र डिल्ली बस्नेतको 'ज्युँदो लाश' रहेका छन् ।

'प्रायश्चित' नाटकको आधार यथार्थवादलाई मध्यनजर गरेर देखाएको छ । यस नाटकमा आंशिक रूपमा यौन मनोविश्लेषणात्मकता पाउने घटनाक्रमलाई विस्तार पूर्वक प्रस्तुत गरिएको छ । सामाजिक ग्रामीण परिवेशमा आधारित नाटक भएकाले यसबाट पाठकलाई सन्देश दिन खोजिएको छ । यहाँ सामान्यतय यौन मनोविज्ञानको उद्घाटन गरी युवायुवतीको बिच घट्ने घटनाक्रमलाई विस्तार गरिएको छ । आफूले विचारै नगरेर गरेको गल्तीबाट पात्रहरू पश्चतापको भूमरीमा पुगेका छन् । यहाँ व्यावहारिकताको आवश्यक पर्ने भएकोले पाठकको मन सजिलै पगाल्न सकिने स्थितिको वर्णन पाइन्छ ।

यस्तै नाटककार डिल्ली बस्नेतको ज्युँदो लाश नामक कृतिबाट समाजका कुप्रथा र युगीन विसङ्गतीप्रति व्यङ्ग्य गर्दै मानवीय जीवनको कथा व्यथा समेटिएको छ । समाजमा उच र निच वर्ग बिचको वैवाहिक सम्बन्धले ल्याएको घटनासँगै नाटकको विस्तार भएको छ । गाउँका शोषक सामन्त वर्गको फन्दामा निम्न स्तरका व्यक्तिको दिनचर्या समेटिएको नाटकले अन्याय, अत्याचार, कुरीति, कुप्रथा र अनावश्यक दाइजो प्रथालाई हटाउनु पर्नेसन्देश दिएको छ ।

## परिच्छेद : पाँच

# दाङ जिल्लाका फुटकर नाटकको विवरण तथा अध्ययन

### ५.१ परिचय

दाङ जिल्ला राप्ती अञ्चलका अन्य चार जिल्लाका तुलनामा साहित्यिक दृष्टिले अगाडि रहेको छ । दाङ जिल्ला नाटकको क्षेत्रमा भने अन्य विधाको तुलनामा पछाडि देखिन्छ । यहाँ विभिन्न साहित्यिक पत्र पत्रिकाहरूको आधारमा यसको बारेमा केलाउन सकिन्छ । खास गरी सङ्ख्यात्मक रूपमा नाटक विधा थोरै भएतापनि पूर्णाङ्की र एकाङ्कीमा आधारित रहेको छ । यस परिच्छेदमा एकाङ्कीको रूपमा समीक्षा गर्नु पर्ने हुँदा केही स्रष्टाहरूले टिप्पणी गरेको आाधारमा फुटकर नाटकको सर्वेक्षण गरिएको छ । यहाँका नाटकहरू अप्रकाशित रूपले थुप्रै देखिन्छन् । विषयवस्तुका हिसाबले सामाजिक, राजनैतिक, सांस्कृतिक लेखन समूहका कृति प्रकाशित छन् । पात्रहरू ग्रामीण परिवेशका र सहरिया परिवेशका निम्न वर्गीयदेखि सम्पन्न पूँजीपति वर्गका पात्रको समेत प्रयोग गरिएको छ भने भाषा सरलदेखि जटिल सम्मको छ ।

| क.स. | नाटककार | नाट्यकृति | सम्पादक | प्रकाशक | पत्रिका | प्रकाशन |
|---|---|---|---|---|---|---|
| १. | भागवत शर्मा | छहारी | नारायणप्रसाद शर्मा | राप्ती साहित्यिक परिषद, दाङ | राप्तिदुत (अङ्क १) | २०६१ |
| २. | विज्ञान शर्मा | साँचो जुक्तिको बाटो | ” | ” | ” | ” |
| ३. | दुर्गालाल के.सी. | परिवर्तन यसरी हुन्छ | पुरुषोत्तम खनाल | ” | अन्तर्ध्वनि (वर्ष ४१, अङ्क १) | २०६४ |
| ४. | विष्णुप्रसाद पोखरेल | आफ्नै कथा आफ्नै व्यथा | गिरीराज शर्मा | ” | राप्तिदुत (वर्ष ३१, पूर्णाङ्क ८) | २०६५ |
| ५. | डिल्ली बस्नेत | अंशवण्डा | पुरुषोत्तम खनाल | ” | अन्तर्ध्वनि ( पूर्णाङ्क २८) | २०६७ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६. | शरद अधिकारी | विद्रोह | गिरीराज शर्मा | " | अन्तर्ध्वनि (वर्ष ४२ पूर्णाङ्क २७) | २०६७ |
| ७. | नारायण प्रसाद शर्मा | चोखो मान्छे | दिपकराज आचार्य | नवयुग नाट्य साँस्कृतिक समूह | नवयूग स्मारिका (वर्ष १, अङ्क १) | २०६२ |
| ८. | कर्णप्रीय धिताल | सेतो परेवा | दिपकराज आचार्य | नवयुग नाट्य साँस्कृतिक समूह | " | २०६२ |
| ९. | दिपकराज आचार्य | ओइलाएका फूल | " | " | " | " |
| १०. | कमल गाउँले | मेरो गाउँ | " | " | " | " |
| ११. | मित्रलाल पार्दै | के बुद्ध जन्मदैन ? | " | " | " | " |
| १२. | लोकराज अधिकारी | आवेग | " | " | " | " |
| १३. | लोकराज पराजुली | मन नफाटोस | " | " | " | " |
| १४. | कमलमणि देवकोटा | पत्रकार सम्मेलन | " | " | " | " |
| १५. | अमर सुवेदी | शंका | " | " | " | " |
| १६. | दामोदरप्रसाद सुवेदी | कर्तव्य | " | " | " | " |
| ७ | सीता लम्साल | आमा | " | " | " | " |

### ५.१.१ नाटककार भागवत शर्मा

भागवत शर्माको जन्म इ.सं. १९८५ मा दैलेख जिल्लाको कानीकाध गा.वि.स. गडी गाउँमा भएको हो । संस्कृत साहित्यमा विद्यावारीधी गरेका शर्मा हाल विजौरी क्याम्पस दाङमा प्राध्यापन गर्दै आएका छन् । पूर्वीय नाट्यशास्त्रको शैलीलाई आधार बनाएर लेख्न रुचाउने शर्मा विभिन्न युग सापेक्षका प्रतिनिधि स्रष्टा हुन् । प्राचीन समय र आधुनिक समयलाई मध्यनजर गरेर लेख्न रुचाउने शर्मा वैचारिक चिन्तनका केन्द्रक मानिन्छन् । यिनको नाट्य लेखनमा नैतिकता दर्शन र आध्यात्मिक चित्रण पाइन्छ । फुटकर रूपमा यिनका कृति प्रकाशित भएतापनि सामान्य रूपमा निम्न छन् :-

१. 'आमाको पुकार' (खण्डकाव्य)

२. 'छहारी' एकाङ्की नाटक, (वैशाख २०६१)

#### ५.१.१.१ नाटककार भागवत शर्माको 'छहारी' नाटकको अध्ययन

भागवत शर्माको 'छहारी' नाटक राप्तीदूत, (रजत विशेषाङ्क : २०६०) तिर प्रकाशित कृति हो । यहाँ विगतका दिनहरूमा आनन्ददायक बनेको छहारी वर्तमान अवस्थामा विभिन्न विकृतिबाट भयग्रस्त देखिन्छ ।

'छहारी' भनेको त्यस्तो शब्द शब्द हो, जहाँ विभिन्न प्रकारका आनन्ददायक विचारधाराको प्रस्फुटन भएको हुन्छ । यसलाई आनन्दको चौतारी तथा विसौनी पनि भनिन्छ । नैतिकता, मानवता तथा कर्तव्यपरायणताको छापसँगै यो मार्गदर्शक बनेको समाजलाई चित्रण गरेर लेखिएको प्रस्तुत नाटक सन्देशमूलक बनेको छ । बढ्दो युवा विकृति, रोजगारको कमी तथा विभिन्न समस्याको चपेटामा परेको वर्तमान स्थितिमाथि तीव्र व्यङ्ग्य प्रहार यहाँ गरिएको छ । यसरी विभिन्न प्रतिकूल परिस्थितिमाथि बढ्दै गएतापनि अन्त्यतिर यस नाटकले सकारात्मक मोड लिएकोले शीर्षक सार्थकता बनेको छ ।

सुरुमा देशको गरिमालाई वर्णन गर्दै लेखिएको नाटक अन्त्यतिर भने देशको सुमार्गको चित्रण कोर्दै सुन्दर संसारको कल्पनामा टुङ्गिएको छ । यस बिचमा विगतका दिनहरूको चित्रण गर्दै  जथाभावी रुखहरू काटिनु, जीर्ण चौतारीको अवस्तथा तथा चोरी डकैतीको बढ्दो घटनाबाट वर्तमान अवस्था त्रासमय देखिएको छ । यहाँ विभिन्न

प्रकारका युवाहरूले चोरी लुटपाट गरेको घटनासँगै नाटकको विस्तार भएको छ । कमल, जय, गर्ग र प्रज्ञा जस्ता ठिटौले पात्रको बढ्दो विकृतिलाई मध्यनजर गरेर सम्पूर्ण नाटकीय घटनाको विस्तार भएको छ । यसरी कुलतमा फसेका युवा युवतीले सम्पूर्ण घटनाक्रमलाई बढाएर धरातलमा फसेका छन् । सत् उपदेश र विचार प्रदान गर्ने भइ पुरुषबाट नाटक उचित बाटोमा प्रवेश गरेको छ । छहारी शब्दको प्रतिकात्मक अर्थ बताउँदा कुलत र स्म्याकलाई बुझाएको छ । यस्तो नराम्रो नसाको सेवन गर्ने युवा युवतीहरू नकरात्मकतिर प्रवेश गर्दै विभिन्न दयनीय विसङ्गतीलाई निम्त्याएकोमा वर्तमान समय तनावग्रस्त बन्दै गएको छ । यही कोणबाट नाटकलाई चिनाउँदै समाजका भद्रपुरुषमार्फत सकरात्मक बाटोतिर लाग्नु युगीन सन्देश हो भन्नु नै नाटकको सार्थकता हो। प्रारम्भबाट विभिन्न कुलतका बिघ्नबाधा देखापरेतापनि मध्य भागबाट सुमार्गको चित्रण सङ्केत गर्दै अन्त्यतिर भने नाटकले राम्रो लक्ष्य लिएको देखिन्छ । केटाहरू कुलतमा फस्छन् तर उम्काउन सकिन्छ भन्नु, यसको मूल भाव हो ।

प्रस्तुत नाटकलाई निम्न लिखित आधारबाट चिनाउन सकिन्छ :-

**पात्र**

यस नाटकमा कमल, जय, गर्ग, भद्रमान्छे र प्रज्ञा जस्ता पात्रहरू रहेका छन् । यहाँ कमल, जय र गर्ग कुलतमा फस्ने पात्रको रूपमा रहेका छन् भने भद्र समाजको मूल्य मान्यतामा हिड्ने सत् पात्र हो । नारी पात्रको भूमिका निर्वाह गर्ने प्रज्ञा युवावर्गलाई कुलततिर जान साथ दिने देखिन्छे । भद्रमान्छेको प्रेरणाबाट नाटकले अन्तमा सुमार्गको चित्रण गर्दछ ।

**द्वन्द्व**

यस नाटकमा विगत र वर्तमान समय बिच द्वन्द्वदेखिन्छ ।मध्य भागबाट पूर्ण रूपले विस्तार भएको द्वन्द्व अन्त्यमा गएर सतविचारको विजय गराउन भद्रमान्छेको हात रहेको छ ।

**परिवेश**

यस नाटकको परिवेश सामान्य ग्रामीण क्षेत्रका वर पीपल एवम् चौतारी रहेका छन् । युवायुवतीका कुलत र भद्रव्यक्तिको सतउपदेशबाट परिवेशलाई चित्रण गर्न सकिन्छ ।

**भाषाशैली**

यस नाटकको भाषाशैली सरल, कतैकतै कठीन र अनुकरणात्मक शब्दको प्रयोग भएको छ ।

**उद्देश्य**

यस नाटकको उद्देश्यले विभिन्न कुलतमा फसेका युवा युवतीहरूलाई सत्मार्गमा ल्याउने आधार लिएको छ । विगत र वर्तमानको तुलना गर्दै मानवीय व्यवहार दानवपूर्ण बन्दै गरेको घटनालाई लिएर विस्तार भएको नाटकले सतमार्गको चित्रण गर्नु यसको उद्देश्य रहेको छ ।

### ५.१.२ नाटककार विज्ञान शर्मा

विज्ञान शर्माको जन्म वि.सं. २०३९ साल वैशाख १ गते दाङ जिल्लाको घोराही नगरपालिका वडा नं. ८ वडहरामा भएको हो । पिता नारायणप्रसाद शर्मा र माता माया शर्माको कोखबाट जन्मेका शर्माले पत्रपत्रिका विषयमा विषयगत एम.ए. उर्त्तीण गरेका छन् । उनले पत्रपत्रिका विषयमा स्वर्ण पदक हाँसिल गरेका छन् । विभिन्न संघ-संस्था र अभिनयमा समेत भाग लिएका शर्मा एक अध्ययनशील व्यक्तित्व, पत्रकार, साहित्यप्रमी र नाटककार समेत हुन् ।

#### ५.१.२.१ नाटककार विज्ञान शर्माको 'साँचो मुक्तिको बाटो' नाटकको अध्ययन

विज्ञान शर्माद्वारा रचित साँचो मुक्तिको बाटो राप्ती दूत, (रजत जयन्ती, विशेषाङ्क २०६०, पृष्ठ ३९) मा प्रकाशित युद्ध कालीन परिवेशलाई बोकेको लघु एकाङ्की नाटक हो । यहाँ जययुद्धको चपेटामा परेर स्थानीय जनता प्रभावित हुँदै दुई पक्षीय युद्धमा यथार्थवादी घटना छ ।

‘साँचो मुक्तिको बाटो’ भनेको यस्तो उक्ति हो, जसबाट मानवहरूले विभिन्न आरोह हवरोहलाई त्यागेर शैक्षिक तथा वैचारिक नीतितर्फ लाग्नु बुझिन्छ । पारिवारिक पृष्ठभूमिलाई आधार बनाउँदै देशको वर्तमान परिस्थितिको तुलना गरेकोले नाटक उद्देश्यपूर्ण बनेको छ । प्रारम्भमा नाटकले अशान्ति फैलाएतापनि अन्त्यतिर भने शान्तिपूर्ण हुँदै शीर्षक सार्थकत बनाएको छ ।

सामान्य पारिवारिक वातावरण देखाउँदै प्रारम्भ भएको नाटक शान्तिको लागि कलम समाउने सर्तमा टुङ्गिएको छ । यस बिचमा आमा, छोरा बिचको प्रवेशसँग नाटकीय कार्य व्यापार अगाडि बढ्छ । सङ्कटकालको परिवेशलाई लिएर विभिन्न युद्ध, बलत्कार र अपहरण जस्ता पिडाबाट सर्वसाधरण जनताहरूको जीवन दुःखमय रहेको छ । चारैतिर बन्दुक, सन्त्रास र भयावह स्थितिबाट देशको स्थितिमा आइपर्ने प्रतिकूल अवस्थाबारे वर्णन गरिएको छ । युद्धबाटै अपाङ्ग, बलत्कार र तिरस्कारको व्याथा बोकेको जनताहरूको घटनाक्रमलाई विस्तार गरिएको छ । सर्वसाधरण जनताको कालराहु बनेको युद्धले आमाको काख रित्तो बनाउँदै श्रीमतीको सिउँदो समेत पुछिन बाध्य बनाएको छ । त्यस बेलाको सरकारको नीति र जनताको गतिविधिले सन्त्रासमय भावना बोकेको थियो । नाटकको बिच भागमा विभिन्न प्रकारका युद्ध र कलहको विजारोपण भएतापनि अन्त्यतिर भने शान्ती, भाइचार र मानवताको परिचयसँग नाटक टुङ्गिएको छ । यसरी नेपाल आमाले आफ्ना सन्तानको नीति सुधार भएकोमा खुःसी हुँदै सपनालाई साकार पारेकी हुन्छिन्, जसबाट साँचो मुक्तिको बाटो तयार हुन्छ । यस नाटकलाई निम्नानुसार चिनाउन सकिन्छ :-

**पात्र**

यस नाटकमा छोरा, आमा, केशव, युवक, बूढा, अपाङ्ग र योगी रहेका छन् । छोरा र आमाबाट युद्धको परिचय दिँदै उल्लेख गरिएको नाटकमा अन्य पात्रबाट युद्धको अवधारणा राख्दै अन्त्यतिर भने शान्तिको कामना विस्तार गरिएको छ ।

**परिवेश**

यस नाटकको परिवेश  सङ्कटकालको स्थितिमा आधारित रहेको छ । यहाँ सामान्य ग्रामीण जन जीवनलाई देखाउँदै बाटोघाटो, वनपाखा र पानीपँधेरोलाई पनि चित्रण गरिएको छ ।

**द्वन्द्व**

संकटकालको स्थितिमा युद्धबाट स्थानीय जनता प्रभावित भएर दुईपक्ष बिच द्वन्द्वको विजारोपण देखाइएको छ ।

**भाषाशैली**

यस नाटकमा देशको स्थिति देखाउँदै पारिवारिक पृष्ठभूमिका भाषाशैली प्रस्तुत भएका छन् । व्याकरणात्मक हिसाबले अनुकरणात्मक शब्दहरू र बिच बिचमा निपातको प्रयोग गरिएको छ ।

**उद्देश्य**

माओवादी जनयुद्धतिर बच्चहरूलाई रोकथाम गरी शान्ति बन्दुकबाट आउँदैन भन्ने उद्देश्य लिएर शिक्षाको सन्देश दिन खोजेको छ ।

### ५.१.३ नाटककार दुर्गालाल के.सी

दुर्गालाल के.सी.को जन्म वि.सं. २०४० साल मङ्सिर २७ गते रुकुम जिल्लाको पीपल गा.वि.स.मा भएको हो । पिता धनीराम खत्री र माता अमृता खत्रीका सन्तानका रूपमा रहेका के.सी.ले अङ्ग्रेजी साहित्यमा एम.ए. सम्मको अध्ययन गरेका छन् । पत्रकारिताको क्षेत्रमा प्रवेश गरेका के.सी.ले झण्डै एक दर्जन साहित्यिक पुरस्कारहरू पाएका छन् । यिनका नाटकमा कुसंस्कारको विरोध गर्दै समाजलाई आधुनिकतातिर जान आह्रन गरिएको छ । यिनका प्रकाशित कृतिहरू निम्न रहेका छन :-

१. बोल्न नसक्नुको मज्जा, (२०६७)

२. जहाँ पुगिएला, (२०६८) पत्रिकामा फुटकर

३. परिवर्तन यसरी हुन्छ, (२०६४)

### ५.१.३.१ नाटककार दुर्गालाल के.सी को ‘परिवर्तन यसरी हुन्छ’ नाटकको अध्ययन

यो नाटक दुर्गालाल के.सी.को अन्तर्ध्वनि : (२०६४ :४१ :१ पृ. ६) मा प्रकाशित फुटकर रूपमा रहेको छ । आयामका हिसाबले जम्मा जम्मी पाँच दृश्यमा विभाजित एकाङ्कीको रूपमा यसलाई लिन सकिन्छ ।

'परिवर्तन' यस्तो शब्द हो, जसबाट सम्पूर्ण जनमानसमा अन्धविश्वास हट्दै समान आस्थाको विजारोपण हुनु भन्ने बुझाउँछ । यस नाटकलाई समाजमा घट्ने घटनाक्रमको रेखाङ्कन गर्दै असक्त, विधवा नारीमाथि गरिने निच व्यवहारलाई देखाइएको छ । प्रारम्भमा नाटकले रुढी संस्कारको पक्ष लिएतापनि अन्त्यतिर भने संयोगान्त बनेकोले यसलाई आधुनिक मानिएको छ । यही विकसित घटनाबाट नाटक गतिशील बनेकाले शीर्षक सार्थकता बनेको छ ।

प्रारम्भतिर मोहननारायण जस्ता पात्रहरू छोरीको लागि केटा खोज्दै हिँडेको र अन्त्यमा विभिन्न कुरीति हेरेको घटनासँग नाटक समाप्त भएको छ । यस बिचमा मोहननारायण र श्रीमतीको रुढीग्रस्त अन्धोपन विस्तार भएको छ । विधवा बमकुमारीमाथि साइत गर्दा अशुभ भन्दै अगाडि बढेको नाटकले सामाजिक कुरीतिको चित्रण गरेको छ । यहाँ समाजकै घटनामा आधारित भएकाले पात्रहरूको नीति र नियमलाई छनौट गरी वैचारिक पात्रको समेत उद्घाटन बनेको छ । मध्यभागमा द्वन्द्वको उग्र रूप बन्दै अन्त्यतिर विधवा नारीको पक्षमा नाटक विस्तार भएको छ ।

विशेष गरेर विधवालाई परिवर्तनशील बनाउन पूर्ण विवाहको अधिकार दिन खोजेको नाटक सन्देशमूलक रहेको छ । यसरी नाटकमा समाज विस्तारै परिवर्तनको भूमिकामा देखिएको छ । विधवा हुनु प्राकृतिक नियम हो तर समाजले हेर्ने दृष्टि भ्रमपूर्ण छ भन्नु, यसको आसय देखिन्छ । प्रस्तुत नाटकलाई निम्न आधारबाट चिनाउन सकिन्छ :-

**पात्र**

यस नाटकमा मोहननारायण, श्रीमती, गम्भीर, राधा, मेजर र माइलो रहेका छन् । मोहन नारायण र श्रीमती खलपात्रको रूपमा देखा परेका छन् भने बमकुमारी र गम्भीर परिवर्तन चाहने पात्र हुन । अन्य पात्रहरूले नाटकलाई गतिशील बनाएका छन् ।

**द्वन्द्व**

यस नाटकमा मोहननारायण र बमकुमारी बिच द्वन्द्वको चरमोत्कर्ष देखाइएको छ । परम्परा र अपच स्वभाव लिएको मोहननारायणले असहाय विधवामाथि विभिन्न दोष लगाउँदै नाटकीय कार्य व्यापार विस्तार भएको छ ।

**परिवेश**

यस नाटकको परिवेश सामान्य गाउँले समाजको चित्रणमा आधारित छ । पात्रमा विधवा देखिनु, रित्तो भाँडा र अन्धविश्वासको घटनालाई चित्रण गरिएको छ ।

**भाषाशैली**

यस नाटकको भाषाशैली सरल, सुबोध्य शब्दावली, झर्राशब्द, अनुकरणात्मक शब्द र कतैकतै तिरस्कारबोधक शब्दको पनि प्रयोग गरिएको छ ।

### ५.१.४ नाटककार विष्णु प्रसाद पोखेल

विष्णु प्रसाद पोखेलको जन्म वि.सं. २०२६ साल फाल्गुन ७ गते प्युठान जिल्लाको रसपुरकोट गा.वि.स. चउतारीमा भएको हो । पिता ज्योतिस्वर प्रसाद पोखेल र माता दुर्पदा पोखेलको छोरा बाल्यकालदेखि नै कलाकारीताको क्षेत्रमा प्रवेश गर्ने मौका पाए । स्नातक तहसम्मको शिक्षा हाँसिल गरी आफ्नो स्थानलाई कर्मथलो बनाएका पोखेल मानवताप्रमी बनेका छन् । थुप्रै प्रकाशित र अप्रकाशित कृतिमा कलम चलाएका पोखेलको विभिन्न राष्ट्रिय र अन्तराष्ट्रिय पुरस्कार समेत पाएका छन् । यिनको नाट्यकृतिको विवरण निम्न रहेका छन् :-

१. जीवन यात्रा : २०४८

२. आफ्नै कथा आफ्नै व्याथा : (राप्ती दूत : २०६५)

### ५.१.४.१ नाटककार विष्णु प्रसाद पोखेलको'आफ्नै कथा आफ्नै व्याथा' नाटकको अध्ययन

विष्णुप्रसाद पोखेलको 'आफ्नै कथा आफ्नै व्याथा' शीर्षक राप्ती दूत (२०६५ : ३१ : ८ पृ. ५१) मा प्रकाशित सामाजिक यथार्थवादी एकाङ्की नाटक हो । यहाँ रातको निदरीलाई चित्रण गरेर लेखिएको घटनासँगै देश विकास गर्ने ठाउँमा विनास गर्ने सरकारलाई तीखो व्यङ्ग्य दिँदै अन्त्य भएको छ ।

'आफ्नै कथा आफ्नै व्याथा' भनेको यस्तो बिडम्बना हो, जसबाट हरेक पारिवारिक परिस्थिति पृथक-पृथक हुँदै विभिन्न अन्योलको लागु हुन्छ । यहाँ गरिवीको रेखामुनी बसेका परिवारको दुःखदायी अवस्थाको चित्रण गरिएको छ । पारिवारिक

समस्यामा झेलिँदै बसेका श्रीमान र श्रीमतीको कथा-व्याथा समेट्दै छोरा छोरीको इच्छा आकांक्षालाई राखिएको छ । अस्त व्यस्त भएको सरकारको नीतिमाथि चित्रण गर्दै गरिव वर्गले देखेको दिवासपनाले नाटकलाई गतिशीलता प्रदान गरेको छ । नेपालमा तमाम गरिवीको रेखामा बस्न बाध्य हुने जनताहरूको दिनचर्या वर्णन गर्दै राजनीतिक अवस्थालाई समेत समेटिएकाले शीर्षक सार्थक भएको छ ।

'आफ्नै कथा आफ्नै व्याथा' नाटक एक गरिवको झुपडीबाट विस्तार हुँदै तात्कालीन सरकारको नीतिलाई तीखो व्यङ्ग्य गर्दै अन्त्य भएको छ । यस बिचमा सामान्य परिवारमाथि आइलागेका अनेकौं समस्याहरू, छोराछोरीको वियोग अवस्था, भोकमरीसँग देशको कहालीलाग्दो घटनालाई चित्रण गरिएको छ । राजनैतिक परिवेशलाई समेटिएको नाटकले सरकारका नीतिमाथि आलोचना गरेको छ । यो देशमा गरिवीको रेखामुनी बसेका जनताहरूको लागि कुनै पनि राजनीतिक परिवेश औचित्य हुँदैन भन्नु नाटकको आशय देखिन्छ । देशका कुना काप्चामा बस्ने नेपालीहरूको समस्यालाई ध्यान नदिने सरकारमाथि घोचपेच गर्दै नाटक गतिशील भएको छ । देशको केन्द्र काठमाडौंमा मात्र शिक्षा, स्वास्थ्य, सञ्चार, यातायात र शैक्षिक रोजगार दिएको सरकारको नियतीमाथि तीव्र पर्दाफास गरेको छ । देशमा पिछडिएर बसेको जनताहरूको समस्याप्रति ध्यान नदिने सरकारको नीतिमाथि आलोचना गरिएको छ । यसरी वर्तमान परिस्थितिमा सरकार दोषी बन्दै गरिववर्गको जीवनमाथि खेलबाड गरेको देखिन्छ, भन्नु नाटकको आशय हो । बिचमा नेताको चालबाजी र सरकारले असमान न्याय लिएतापनि अन्त्यमा गरिव वर्गको समस्या समाधान गर्दै नायकले विदा लिएको छ ।

प्रस्तुत नाटकलाई निम्न लिखित आधारबाट चिनाउन सकिन्छ :-

**पात्र**

यस नाटकमा श्रीमान, श्रीमती, छोरा, छोरी, घिमिरेनी, गोठी, राधा र रामे रहेका छन् । श्रीमती र श्रीमान बिचको कथा व्याथालाई चित्रण गरेर प्रारम्भ भएको नाटक विभिन्न भोकमरी र गरिवले छाउँदै मृत्युसम्म भएको घटनामा पात्रहरूको गतिशीलता देखिन्छ ।

**द्वन्द्व**

यस नाटकमा गरिव वर्गका जनता र वर्तमान सरकार बिच द्वन्द्वको विजारोपण भएको छ । गरिवी र भोकमरीबाट त्रसित बनेका नेपाली जनताहरूको दिनचर्यालाई चित्रण गर्दै सरकारको नीतिमाथि विद्रोह गरी द्वन्द्वको चरमोत्कर्ष देखिन्छ ।

**भाषाशैली**

प्रस्तुत नाटकमा सरल भाषाशैली, अनुकरणात्मक शब्द र कतैकतै तिरस्कारबोधक शब्दको प्रयोग गरिएको छ ।

**उद्देश्य**

प्रस्तुत नाटकको उद्देश्य विभिन्न गरिव वर्गका जनताहरूमाथि आइपरेका समस्यालार्य ध्यानमा राख्दै देशका प्रत्येक ठाउँमा विकास गर्ने रहेको छ । देशको केन्द्र काठमाडौं मात्र नभएर प्रत्येक कुना काप्चामा शिक्षा, स्वास्थ्य, रोजगार र गरिवी निवारण जस्ता सबल पक्षमा ध्यान दिनु देखिन्छ ।

### ५.१.५ नाटककार डिल्ली बस्नेत

डिल्ली बस्नेतको जन्म वि.स. २०३३ साल पुष १६ गते बिजौरी १ दुधराक्ष दाङमा भएको हो । पिता शिवबहादुर बस्नेत र माता डिलाकुमारी बस्नेतका सुपुत्रका रूपमा जन्मेका हुन् । डिल्ली बस्नेत सानैदेखि साहित्यिक लेखनतर्फ रुचि लिन्थे । यिनको साहित्यिक नाम 'सङ्गीत' थियो । उनको साहित्यिक लेखनमा विषयवस्तु नै राजनीतिक विषयवस्तुमाथि घोचपेच रहेको छ । शिक्षाको क्षेत्रमा स्नातकोत्तर तहको अध्यनमा गतिशीलता दिएका बस्नेत हाल आएर राप्ती विद्या मन्दिर आवासीय उच्च मा.वि. तुल्सीपुर दाङमा शिक्षकको रूपमा कार्यरत रहेका छन् । विभिन्न दार्शनिक, वैचारिक चिन्तनमा गतिशीलता देखिने बस्नेतलाई मानवताको प्रेरकता, देशको कहाली लाग्दो राजनीति माथि विचारक व्यक्ति, समाजका कुप्रथा र युगीन विसङ्गति माथितीव्र झटारो हान्ने व्यक्तिका रूपमा पनि लिन सकिन्छ । यिनको मुख्य उद्देश्य नै मानवीय जीवनको भोगाई र जीउनुको अर्थ रहेको छ । आफ्नै यात्रामा गतिशील रूपले हिँड्ने व्यक्ति समाज, राष्ट्र र देशलाई समेत यिनका सिर्जनाबाट यथार्थतिर ढल्कने सन्देश दिन खोजिएको छ ।

डिल्ली बस्नेत 'सङ्गीत'का प्रकाशित कृतिहरू यस प्रकार रहेका छन् :-

१. ज्यूँदो लाश नाटक संग्रह

२. प्रतिबिम्ब लेख संग्रह

### ५.१.५.१ नाटककार डिल्ली बस्नेतको 'अंशबण्डा' नाटकको अध्ययन

डिल्ली बस्नेतको 'अंशबण्डा' नाटक अन्तर्ध्वनिः (२०६७ : ४२ : २८) पृ. ४१ मा प्रकाशित फुटकर नाटकको रूपमा रहेको छ । सामाजिक विषयवस्तुबाट प्रारम्भ भएको यस नाटकले देशको वर्तमान स्थितिलाई मध्यनजर गरेको छ । 'अंशबण्डा' भनेको त्यस्तो प्रतिकात्मक शब्द हो,जसबाट विभिन्न पारिवारिक वातावरणको सिर्जना भएको हुन्छ । भाइभाइको बिचको द्वन्द्वबाट विस्तार भएको नाटक शीर्षक समेत सार्थक बनेको छ । संक्रमणकालीन परिवेशबाट सुरु भएको नाटक आमाकै केन्द्रीयतामा परिवारको सम्पूर्ण सन्तानहरू एकमत हुने आधारसँगै अन्त्य भएको छ । यस बिचमा विश्वास, आमा, संकल्प, सन्देश र शान्ती जस्ता पात्रहरू बिच विभिन्न पारिवारिक समस्याहरूको बृहत छलफल रहेको छ । भाइभाइको बिचको सम्पत्तिमा अधिकार मात्र नभएर बहिनी समेतको दाबीमा आमा निरासाजनक देखिएकी हुन्छिन् । नाटकको बिच भागमा घरको छानो थोत्रो भएको, बडा दसैं आएको र सन्तानको वैदेशिक कमाईबारे विस्तार भएको हुन्छ । सबै सन्तानहरू आमाप्रति मुखामुख गर्दै अंशबण्डा गर्ने घटनामा केन्द्रित हुन्छन् ।आफूले घरमा कुनै पनि योगदान नदिएर पुरानै परिस्थितिबाट आमालाई तड्पाउँदा उनी धुरुधुरु भएकी हुन्छिन् । यसरी निच र स्वार्थी भावना लिएका सन्तानका परिस्थितिलाई समेटी तयार पारेको नाटकले प्रतिकात्मक अर्थ लिएको छ । अन्त्यमा आमाको रोदन तथा भनाई सुनाईबाटै नाटकले नयाँ सपना साकार पार्न सबै सन्तानहरू एकमत हुनुपर्छ भन्ने सन्देशका साथ विदा लिएको छ ।

यस नाटकलाई निम्नलिखित आधारमा चिनाउन सकिन्छ :-

**पात्र**

यस नाटकमा आमा, विश्वास, सन्देश, संकल्प र शान्ती रहेका छन् । आमाको घरप्रति माया र सन्तान बिच सम्पत्ति विभाजन गर्ने रीतिका साथ नाटकको विस्तार भएको छ ।

**परिवेश**

यस नाटकको परिवेश सामान्य ग्रामीण समुदायमा आधारित छ । विशेष गरेर सङ्क्रमणकालीन परिवेशबाट विस्तार गर्दै नेपालको सामाजिक संरचनाबारे व्याख्या गरिएको छ ।

**द्वन्द्व**

यहाँ आमा (देश) र छोरा (नेपाली जनता) बिच वर्तमान परिस्थितिलाई लिएर द्वन्द्वको विजारोपण गरिएको छ ।

**भाषाशैली**

प्रस्तुत नाटकको भाषाशैली प्रतिकात्मक रहेको छ । बिच बिचमा उखान टुक्काहरू र झर्रा शब्दहरूबाट नाटक रोमाञ्चक बनेको छ ।

**उद्देश्य**

प्रस्तुत नाटकको उद्देश्य ग्रामीण समाजको उदाहरण दिएर देशप्रतिको गतिविधितर्फ ध्यानाकर्षण गर्ने नीति रहेको छ । देश टुक्रनु भनेको परिवार टुक्रनु जस्तै हो भन्दै देशप्रेमको भावना लिएको नाटकले संरचनाप्रेमी भावको साथ उद्देश्य लिएको छ ।

### ५.१.६ नाटककार शरद अधिकारी

वि.सं. २०३५ साल असोज १३ गते ढिकपुर गा.वि.सं. वडा नं. ७ मा बस्दै आएका छन् । पिता पद्मप्रसाद शर्मा र माता शान्तादेवी शर्माका पुत्रले शिक्षाको क्षेत्रमा समाजशास्त विषयमा एम. ए. उपाधि हाँसिल गरेका छन् । राप्ती पोष्ट दैनिक पत्रिकामा पत्रकारितातिर लागेका शरद अधिकारी वि.सं. २०६१ देखि राप्ती साहित्य परिषद्का सदस्यका रूपमा कार्यरत छन् ।

### ५.१.६.१ नाटककार शरद अधिकारीको 'विद्रोह' नाटकको संक्षिप्त परिचय अध्ययन

(२०६७ : ४२ : २७) पृ. २९ मा प्रकाशित भएर फुटकर नाटकको रूपमा रहेको छ । यस नाटकमा पार्टी भित्र देखिएको विभिन्न विसङ्गतिको चित्रण गरेर राजनीतिक बहस अनुसार विषयवस्तु अगाडि बढाइएको छ । 'विद्रोह' भन्ने त्यस्तो

प्रतिकात्मक शब्द हो जसबाट नेताहरूले एक आपसमा गुनासोको चित्रण गरेका हुन्छन् । विगतका दिनमा घटेका घटनासँगै पात्रहरूको गहिरो सोचाइँबाट नाटक विस्तार भएको छ । आफ्नै कार्यप्रति पश्चतापको भावना राख्ने नेताहरू उद्देश्यविहिन भएको खेद प्रकट गर्दै अर्को दलमा जाने निधोमा पुगेका छन् । त्यस्तै देशको नीति र जनताको फैलदो विचारलाई आधार बनाएर शीर्षक सार्थक बनेको छ ।

प्रारम्भमा गाउँको दृश्य देखाउँदै राजनीतिक बहस अनुसार अगाडि बढ्दै नेताले पार्टी नै परिवर्तन गरेको घटनामा नाटक समाप्त भएको छ । यस बिचमा गाउँका सामन्त वर्गहरूका बारेमा वर्णन गर्दै, सर्वसाधरण जनताहरूको अवधारणा व्यक्त गरिएको छ । यिनै सामन्तलाई जनताहरूले दुई कोणबाट हेरेका छन् । वैचारिक र परिवर्तनशील विचार धाराबाट प्रारम्भ भएको नाटकले अरविन्द, श्याम, कल्पना, संकल्प, ब्रमाण्ड र विक्रम जस्ता पात्रहरूबाट गतिशील बनेको छ । अरविन्दबाट क्रान्तिकारी विचारधाराको वर्णन गर्दै ठाउँ ठाउँमा सत्ता कब्जा गर्ने, जमिनदारको सम्पत्ति लुटेको र अनेकौं चक्काजाम हड्तालको घटनामा आफू लागेको उल्लेख गरेका छन् । यसरी विभिन्न यातनामा रक्तिम इतिहासका बारेमा चर्चा गर्दै श्यामबाट सामूहिक निर्णय गर्ने सल्लाह राखिन्छ । महिलाहरूको हक हितलाई ख्यालै नगर्ने पार्टी भन्ने आलोचना कल्पनाको छ । यस्तै अरबिन्दका आधारबाट आफू नै दोषी बनेको सरकारको नीतिलाई सकारात्मक सोचमा केन्द्रीत गरेका छन् ।

नाटकको मध्यभागबाट विभिन्न राजनीतिक बहसको स्थिती देखापरेको छ । एक आपसबिच विश्वासर अविश्वासका चरणहरूविस्तार भएका छन् ।

आफ्नै दलका साथीबीच राजनीतिक गुनासाका क्रिया प्रतिक्रियाको घटनाक्रम विस्तार भएर हुन्छ । विगतका राजनीतिक गतिविधि कोट्याउँदै पश्चातापको वहन गर्दै नेताहरूविच बैचारिक परिवर्तन भएको हुन्छ । इतिहासको कालक्रमलाई कोट्याउँदै कम्युनिष्ट पार्टीका हस्ती मार्क्स, लेनिन तथा जनताको बहुदलिय जनवाद सैद्धान्तिक हतियारको रूपमा लाग्नु भन्दा वैचारिक रूपमा लाग्नु नै श्रेयष्कर रहेकोछ । यसरी क्रान्तिकारी विचारधारा सँगै गोलबन्दको आधार लिदै अर्को दलमा गएको घटनाबाट

नेताकार्यकर्ताहरू विद्रोह गरेर समाप्त हुन्छ ।  यस नाटकलाई निम्न आधारबाट जानकारी लिन सकिन्छ :-

**पात्र**

यस नाटकमा अरविन्द ,श्याम, कल्पना, विक्रम, संकल्प, ब्रह्माण्ड जस्ता पात्रहरू रहेका छन् । सबै पात्रहरूका बिच राजनैतिक दलहरूका विषयमा गहिरो छलफल गरिएको छ ।

**परिवेश**

यस नाटकको परिवेश ग्रामीण समाजलाई लिइएको छ । राजनीतिक वहस अनुसार प्रारम्भ भएको नाटकमा विभिन्न संस्था संगठनका बैठक समेत परिवेशका रूपमा आएका छन् ।

**द्वन्द्व**

यस नाटकको द्वन्द्व राजनीतिक घटनाक्रममा आधारित छन् । गाउँघरका सामन्त वर्ग र सर्वसाधरणको द्वन्द्वको विजारोपण भएको छ ।

**भाषाशैली**

यस नाटकको भाषाशैली सामान्य ग्रामीण समुदायको रहेको छ । यहाँ अव्यय र अनुकरणात्मक शब्दको प्रयोगले व्याकरणात्मक कोटीलाई प्रभावकारी बनाएका छन् ।

**उद्देश्य**

यस नाटकले राजनीतिको विषयवस्तुलाई समेटेर सन्देशमूलक उद्देश्य लिएको छ । यहाँ शक्तिको पुजारी जनता हो भन्दै जनमानसको मतलाई उद्देश्यको रूपमा लिइएको छ ।

### ५.१.७ नाटककार नारायण प्रसाद शर्मा

वि.सं. १९८८ मा दाङ बर्गदीमा जन्मेका नारायण गुरुका नामले चिनिने नारायण प्रसाद शर्मा सुप्रसिद्ध साहित्यकार एवम् पत्रकार पनि हुन् । उनका प्रकाशित

कृति दुई दर्जन छन् । 'राप्ती साहित्य परिषद्', 'प्रगतिशील लेखक संघ' जस्ता साहित्यिक संस्था तथा 'अन्तध्र्वनि', 'युगबोध', 'राप्तीदूत' तथा नयाँ युगबोध जस्ता पत्रिकाहरूको सम्पादन , प्रकाशन कार्य समेत गरी दाङका प्रतिभाहरूलाई साहित्य सिर्जनामा उत्प्रेरित गर्नमा महत्वपूर्ण भूमिका खेल्दै आएका छन् । यसरी दाङको साहित्यलाई अग्रगतितिर लग्ने शर्माले राष्ट्रिय प्रगति पुरस्कार, प्रेस काउन्सिल पुरस्कार तथा साहित्य सन्ध्या पुरस्कारबाट सम्मानित पनि भैसकेका छन् । नारायण प्रसाद शर्माका कृतिहरू निम्न लिखित छन् ।

(क) जेल दर्शन (२०२२)

(ख) हिमाली रत्न (२०३५)

(ग) अन्तर्द्वन्द्व (२०३५-३५)

(घ) मातेको मान्छे र प्रजातन्त्र (२०५३)

(ङ) इन्दुमती नाटक (२००९)

(च) पच्चिस विगाह (२०२१)

(छ) चोखो मान्छे (२०६२) आदि रहेका छन् ।

### ५.१.७ .१ नाटककार नारायण प्रसाद शर्माको 'चोखो मान्छे' नाटकको अध्ययन

'चोखो मान्छे' नाटक नारायण प्रसाद शर्माको वि.सं. २०६२ सालतिर 'नवयुग' स्मारिकामा प्रकाशित सामाजिक यथार्थवादी एकाङ्की नाटक हो । यहाँ नेपालमा रहेको विभिन्न किसिमको राजनैतिक अस्थिरता र अनियमिततालाई व्यङ्ग्य प्रहार गरिएको छ । सरल भाषाशैली भएको नाटकले नेपालमा दिनहुँ उर्लीरहेको बजार भाउका कारण एउटा परिवारको जिम्मेवारी व्यक्तिलाई मार खपीनसक्नु भएको अवस्थालाई देखाइएको छ ।

यस नाटकमा प्रमुख पात्रका रूपमा रहेका बुढालाई आर्थिक समस्याले पिरोलेको छ । बुढाको आर्थिक अस्तव्यस्थताका कारण गम्भिर भएको अवस्थाबाट प्रारम्भ भएर चोखो मान्छेको विशेषताको वर्णनसँगै नाटक अन्त्य भएको छ ।

'चोखो मान्छे' भनेको त्यस्तो मान्छे हो, जसले आफ्नो चोखो कमाईले आर्थिक अवस्थालाई सुधार गरेको हुन्छ । जसले चोखो मनले आफ्नो सेवा , परिवारको सेवा र

देश नरेशको सेवा गरेको हुन्छ त्यही मान्छे नै 'चोखो मान्छे' को रूपमा साबित हुन्छ । बिच बिचमा बुढाको मनमा धेरै समस्या आइपरे तापनि अन्त्यतिर भने समस्याको समाधान भएको छ । यस नाटकमा 'चोखो मान्छे' को खोज र अनुसन्धान बृहत रूपमा भएको र विशेषताहरूलाई औल्याएको कारणले गर्दा शीर्षक सार्थक भएको छ ।

प्रस्तुत 'चोखो मान्छे' नाटक समसामयिक मूल्य वृद्धि र त्यसको असर राजनीतिक अस्तव्यस्थता र सामाजिक अवैध कार्यलाई मध्य नजर गरेर निर्मित भएको छ । आर्थिक चपेटामा परेका बुढाबुढीलाई मुख्य पात्र बनाएर यस नाटकको सुरुवात भएको छ । बुढाको मनमा आर्थिक समस्या पैदा हुँदै छोराछोरीको आधारभूत आवश्यकताको समेत समाधान गर्नै नसक्ने स्थिति यहाँ देखिन्छ । नाटकको मध्य भागमा हरेक पात्रको स्थितिमा एकरूपता छैन । यहाँ सामान्य पारिवारिक पृष्ठभूमिबाट प्रारम्भ भएको नाटकले देश लगायत विदेशका विभिन्न समस्यालाई विस्तार गरेको छ । परिवारमा सन्तानलाई हेर्ने दृष्टिकोण र देशमा बढ्दै गएका विभिन्न समस्याको गतिवितधि हुँदै अन्तराष्ट्रिय समस्यालाई समेत केन्द्रित गरेर लेखिएको नाटकले समस्याको धरातल खडा गरेको छ । सबै पात्रहरूको मनस्थितिमाथि ध्यानाकर्षण गरी नाटकको विषयवस्तुलाई अगाडि बढाइएको छ । विभिन्न प्रकारका समाजमा घट्ने अपराधजनक स्थिति, जाँड रक्सी सेवन र बहु विवाहको घटना लिएको नाटकले देशको गम्भिर स्थितिलाई मध्यनजर गरेको छ । प्रारम्भ र बिच भागमा नाटकले घटनै घटनाको रूप लिए पनि अन्त्यतिर भने मानवताको नैतिक विचारधारा, देशप्रेमी भावना र चोखो कर्मको सन्देश दिँदै नाटकले बिदा लिएको छ ।

प्रस्तुत नाटकलाई निम्नलिखित आधारबाट चित्रण गरिन्छ :-

**पात्र**

यस नाटकमा सपना, मन, जेठो, माइलो, साइँलो, छोरी, बिनोद र माने जस्ता पात्रहरू रहेका छन् । सपना र मनबाट प्रारम्भ भएको नाटकले व्यक्ति, परिवार ,समाज र राष्ट्र लगायत अन्तराष्ट्रको समेत समस्यालाई विस्तार गर्न अनेक पात्रको भूमिका खेलेको छ ।

**परिवेश**

यस नाटकको परिवेशमा सामान्य घर परिवारदेखि समाज, राष्ट्र लगायत अन्तराष्ट्रलाई समेत मध्यनजर गरेर लिइएको छ । विशेषत राजनीतिक परिवेशको घटनाक्रमलाई विस्तार गर्दै देशका विभिन्न समस्याबारे वर्णन गरिएको छ ।

**द्वन्द्व**

यस नाटकमा परिवारका अग्रज व्यक्तिसँग अन्य सदस्यहरूको द्वन्द्व देखाइएको छ । परिवार, समाज, राष्ट्र लगायत अन्तराष्ट्रको समेत विसङ्गती देखिँदै आउँदा नाटकमा द्वन्द्वको चरमोत्कर्ष चित्रण गरिएको छ ।

**भाषाशैली**

यस नाटकको भाषाशैली सरल, उखान टुक्का र बिच बिचमा अङ्ग्रेजी शब्दबाट प्रभावकारी देखिन्छ । सामान्य ग्रामीण समाजका क्रियाकलापबाट विस्तारित नाटकमा कतैकतै झर्रा शब्दहरू पनि देखा पर्दछन् ।

**उद्देश्य**

यस नाटकको उद्देश्य पारिवारिक समस्या, सामाजिक लगायत राष्ट्रकै समस्यामा गम्भिर ध्यानाकर्षण रहेको छ । देश विकासका लागि नागरिकहरूले नराम्रा गतिविधिको रोकथाम गरी इमान्दारी र नैतिकतातिर लाग्नु यसको उद्देश्य सन्देशयुक्त रहेको छ ।

### ५.१.८ नाटककार कर्णप्रिय 'प्रकृति' धिताल

वि.सं. २०२९ सालमा सल्यान जिल्लाको डाँडागाउँ गा.वि.स.वडा नं. ८ ढारखानीमा जन्मेका कर्णप्रिय पिता वेदप्रसाद र माता गौरीकुमारीको एक मात्र सन्तान हुन् । सानैदेखि जिज्ञासु स्वभावका कर्णप्रिय सबैसँग परिचित हुँदै गए । स्कुले जीवनदेखि नै नाटकीय क्षेत्रमा प्रवेश गरी निरन्तरता दिँदै गएका कर्णप्रियले वि.सं. २०४९ सालदेखि आफ्नो नाट्य यात्रा प्रारम्भ गरेका हुन् । उनले खेलेका नाटकमा सडक नाटक, रेडियो नाटक, टेलिभिजन लगायत चलचित्र निर्माणमा समेत भूमिका रहेको छ । यिनका नाटकहरूमा समाजमा भएका विभिन्न विकृति विसङ्गति र

कुरितीहरूलाई चिरफार गर्दै सुन्दर समाजको निर्माणमा उत्कृष्ट व्यक्तित्वको चित्रण पाइन्छ । विभिन्न संघ संस्थाहरूमा आवद्ध हुँदै आएका कर्णप्रिय हाल आएर आफ्नो व्यवसायतर्फ लागि परेका छन् । विभिन्न तिथिमितिका आधारमा उनका नाटकहरू लोकप्रिय बन्दै आएका छन् । वि.सं. २०५४ सालमा रेडियो नेपालमा 'अर्को नयाँ जीवन' भन्ने नाटक रेकर्ड गरिएको थियो भने उनकै 'शान्तीप्रति ऐक्यवद्धता' शीर्षकको नाटक क्षेत्रीय प्रसारण रेडियोमा रेकर्ड हुँदै प्रसारण भएको थियो । वि.सं. २०६०/०२/२३ मा पुनः 'एकजोडी परेवा' नामक नाटक क्षेत्रीय प्रसारण केन्द्र रेडियो सुर्खेतमा रेकर्ड भएर पटक पटक प्रसारण भएको छ । वि.सं. २०५६ साल भदौ २६ गते उनको 'नवयुग सांस्कृतिक समूह' नामक संस्थाको गठन भएको थियो । वि.सं. २०५६ आश्विन २१ गते धितालकै लेखन तथा निर्देशनमा 'यात्रा' नामक लघु नाटक प्रदर्शन गरिएको थियो । वि.सं. २०५६ माघको वसन्त पञ्चमीका दिन 'दाइजो' शीर्षकको चेतना प्रदर्शन गरियो ।

### ५.१.८ .१नाटककार कर्णप्रिय 'प्रकृति' धितालको'सेतो परेवा' नाटकको अध्ययन

'सेतो परेवा' नाटक कर्णप्रियको वि.सं. २०६२ सालमा नवयुग नाट्य सांस्कृतिक समूह दाङबाट प्रकाशित युद्धको कहालीलाग्दो अवस्थालाई समेटेर लेखिएको सामाजिक यथार्थवादी, युद्धकालीन लघु एकाङ्की हो । जम्मा तीन दृश्यमा विभाजित यस एकाङ्की दाजु र बहिनी बिचको वार्तालापबाट प्रारम्भ भएर शान्तीको प्रवेशमा एक जोडी परेवा उडाइ सम्पूर्ण देशबासीहरूलार्यइ सन्देश दिन खोजिएको छ । 'सेता परेवा' भनेको त्यो चरा हो जहाँ सिङ्गो देश वा राष्ट्रको सबै सदस्यहरू रमाएर खुशीसाथ एक अर्काको सुख दुःखमा सहयात्री भएर बस्नुपर्छ । बिच बिचमा विभिन्न बाधा अवरोधहरू आइपरेतापनि अन्त्यतिर भने शान्तीको दियो बलेको पाइन्छ । यस नाटकमा दाजु र बहिनी बिचको संघर्ष र गतिशीलताको उद्घाटन गरिएको छ । आक्रमणमा परेको सेतो परेवा गन्तव्य विहीन बन्न पुगी अशान्तीको कालो पर्दालाई चित्रण गरिएको छ । यहाँ विभिन्न नकरात्मक अवरोधक चिज र दुष्परिणामको अन्त्यसँगै शान्तीको विजय देखाइएको हुँदा यस अर्थमा प्रस्तुत नाटकको शीर्षक सार्थक भएको छ ।

प्रस्तुत 'सेतो परेवा' नाटक जयुद्धमा भएको दुखदायी घटनालाई समेटेर निर्माण भएको छ । खतरनाक युद्धको चपेटामा परेका दुई दाजु बहिनीलाई मुख्य पात्र बनाएर यस एकाङ्कीको सुरुवात गरिएको छ । दाजुको मनमा युद्धका ज्वालाहरू दन्किएर बाध्य भएर घर त्याग्न पुगेको परिस्थिति यहाँ देखिन्छ । यस्तै कोमल हृदय भएकी बहिनी दाजुको अघाद प्रेमलाई त्याग्न नसकी धुरुधुरु रोइरहेकी छ । नाटकको बिच बिचमा शान्तीलाई पराजय गर्न विभिन्न अवरोधहरू आइपरेतापनि अन्त्यतिर भने शान्तीको दियो बलेको छ । समस्यै समस्याको यात्रामा हिँडिरहेका दुवै दाजु बहिनीले विभिन्न हन्डर र ठक्कर खाएका छन् । युद्धकालीन परिस्थिति खतरनाक हुन्छ भन्दै सामना गर्न गाह्रो हुन्छ भन्नु यसको भाव पक्ष रहेको छ । मल्लयुद्ध सरह भएको जनयुद्धले विभिन्न दिदी बहिनीको माया हनन गरी आमाको काख समेत रित्तो बनाएको छ । यहाँ असङ्ख्य नेपाली नारीहरू सहायता विहिन बन्न पुगेका छन् । नेपाल आमा रोइरहेको र सन्तानले कुनै पनि वास्ता नगरेको तितो यथार्थ यहाँ पाइन्छ । शान्तीको सूचक परेवा अनन्त क्षितिजपारी गएकोमा नेपाल आमा दृष्टिविहिन बनेकी हुन्छिन् । नेपालमा कुना काप्चामा बसेका युवा वर्गको भोगाई र दौडाईलाई यस नाटकबाट देखाउन खोजिएको छ । घरबार विहिन बालक, सिन्दुर पुछिएकी नारी, अशान्तीमा मुछिएका युवायुवतीहरू र वृद्ध आमा जस्ताको पिडालाई यथार्थ रूपमा प्रस्तुत गरिएको छ । यहाँ नरसंहारी रूप लिएको आगोको ज्वालाले जनयुद्ध र सन्त्रासको वातावरण देखाइएको छ । दुई दाजुभाइ बिचको लडाइँबाट सम्पत्तिको खिचतानी देखाउँदै अशान्तीको कालो पर्दा मार्फत नाटक चरमोत्कर्षमा पुगेको छ । विभिन्न युद्धकालीन परिवेशमा आफ्नै खुट्टा भाँच्नै लागेको सेतो परेवा पुनः घाउमा मलम लगाउने घटनासँगै नाटकले युगीन विषयवस्तुलाई समेटेको छ । दाजु र भाइ बिचको एकता, अशान्ती रूपी कालो पर्दाको लोभ र बुद्धको आगमन सहित यस नाटकको विषयवस्तु समेटिएको छ । अन्त्यमा 'सेतो परेवा'को शान्तीमय उडानसँगै यस नाटकको दृश्य पर्वको रूपमा समाप्त भएको छ ।

प्रस्तुत नाटकलाई निम्न लिखित आधारबाट चिनाउन सकिन्छ :-

**पात्र**

पात्रगत रूपमा हेर्दा यहाँ बहिनी, दाइ, प्रवल, युवक, युवती, बालक, आमा, दाजुभाई र उछरो रहेका छन् । दाइ र बहिनीको भूमिकाबाट नाटक विकसित देखिन्छ भने  अन्य पात्रहरूबाट पनि नाटक गतिशील भएको छ ।

**परिवेश**

यस नाटकमा द्वन्द्व कालको परिवेशसँगै सामान्य गाउँघरका कटेरा, पाली लगाएर पहाडी निष्छलपनलाई चित्रण गरिएको छ । चौपाया, खरको छानो, पानीपँधेरा र गोरेटा बाटाहरू रहेका छन् ।

**द्वन्द्व**

यहाँ द्वन्द्व कालको दुई पक्ष बिचको घटनाक्रमलाई विस्तार गरिएको छ । युद्धको पूर्ण रूप र यथार्थको चित्रण गर्नु नै नाटकीय कार्य व्यापार रहेको छ । सामान्य जनताहरूको जीवन घर न घाटको बनेको दृश्यलाई देखाउँदै द्वन्द्वलाई चरमोत्कर्षमा लिइएको छ ।

**भाषाशैली**

यस नाटकको भाषाशैली सरल, सुबोध्य, झर्रा शब्द र ठाउँ ठाउँमा अनुकरणात्मक शब्दको प्रयोग गरिएको छ । सामान्यगाउँघरको बोलिचाली तथा व्यवहारमा प्रयोग गर्ने शब्दावलीको प्रयोग देखिन्छ ।

**उद्देश्य**

युद्धको परिणाम भयावह हुन्छ । जसले विभिन्न दुर्भाग्यलाई निम्त्याउँछ भन्दै भाइ भाइ बिचको युद्धबाट नेपाल आमा रोइरहेकी देखाउँदै यहाँ शान्तीको कामना गरिएको छ । एकताको मन अनि समानताको भाव राख्दै यसबाट युगीन सन्देश दिने उद्देश्य राखिएको छ ।

## ५.१.९ नाटककार दिपकराज आचार्य

दिपकराज आचार्यको जन्म वि.सं. २०३६ साल दाङ जिल्लाको तुल्सीपुर नगरपालिका वडा नं. ९ बेलुवामा भएको थियो । साहित्य लेखन र अभिनयमा चाँसो राख्ने आचार्यले बि.बि.एस. उत्तीर्ण गरेका छन् । विभिन्न संघ संस्थाको माध्यमबाट

नाटकको प्रस्तुत गर्दै उनले जनचेतनामूलक छाप राखेका छन् । अप्रकाशित कृतिहरूमा कविता लगायत अन्य साहित्यिक विधाहरू रहेका छन् ।

### ५.१.९.१ नाटककार दिपकराज आचार्यको'ओइलाएका फूल' नाटकको अध्ययन

'ओइलाएका फूल' नाटक दीपकराज आचार्यको वि.सं. २०६२ सालमा नवयुग स्मारिका दाङबाट प्रकाशित सामाजिक यथार्थवादी नाटक हो । जम्मा जम्मी दुई दृश्यमा विभाजित भएको नाटक छोराछोरीको पढ्न पाउने अधिकार र अभिभावकको कर्तव्यसँगै समाप्त भएको छ ।

घरका परिवार भनेका त्यस्ता महान हुन् जसले आफ्ना बालबालिकाहरूलाई शिक्षाको प्रकाश दिन नितान्तै आवश्यक हुन्छ । यस्तो महान विचारधारा लिएको नाटकले शिक्षामूलक जनचेतनाको उद्देश्य लिएको छ । ग्रामीण समाजमा विभिन्न शोषणवर्गबाट पीडित बाबु आमाले डर त्रासबाट आफ्ना सन्ततीहरूलाई उचित शिक्षा दिन सकेका हुँदैनन् भन्ने तर्क यहाँ खुलस्त भएको छ । निम्न वर्गको दयानीय अवस्थाबाट बालबालिकाहरूको अवस्था पशुसरह हुन्छ भन्ने अर्थमा प्रस्तुत नाटकको शीर्षक सार्थक भएको छ ।

साधुले हरिलाई सोधेको प्रश्नबाट सुरु भएको नाटक अभिभावहरूले सन्तानहरूलाई शैक्षिक अधिकार दिने कर्तव्यसँगै अन्त्य भएको छ । यसले बाल शिक्षाको पाठ सिकाउँदै पठनपाठनमा निरन्तरता दिनुपर्ने दायित्वबोध गरेको छ । यस बिचमा गाउँका शोषक वर्गहरूको डर त्रासमा मुछिएको हरिले आफ्ना छोराछोरीहरूलाई काममा लगाउन चाहान्छ । विस्तारै आफ्ना सबै सदस्यहरूसँग झगडै झगडामा मुछिएको हरि चेतनाविहीनि बनेको छ । साहुको अपहेलनामा बाँधिएको हरिले आफ्नो निर्णय दिन नसक्दा ऊ घर न घाटको भएको छ । यसरी आफ्ना सन्तानहरूलाई उचित शिक्षाको निर्णय दिन नसक्ने हरिको क्रियाकलापबाट नाटकले चरमोत्कर्षको रूप लिएको छ । यहाँ बालकहरूको अवस्था नाजुक र पिडित बनाउँदै लेखेको एकाङ्की शीर्षकको सार्थकता बनेको छ ।

यो नाटकको मध्य भागमा मानसिक विक्षिप्त यूवतीबाट विकसित हुँदै गाउँका शोषक वर्गहरूलाई तिखो घोचपेच गरिएको छ । अबोध बालबालिकाहरूलाई

अवरोधकर्ता नै सामन्त हुन् भन्ने आधारबाट नाटकको चरमोत्कर्ष बनेको छ । अन्त्यतिर नाटकले विभिन्न पात्रहरूको सकारात्मक सोचबाटआधार लिदै बालबालिकाको शैक्षिक स्तरमा ध्यान दिनुमा अभिभावकहरूलाई केन्द्रित गराएको छ । परिवारका सम्पूर्ण सदस्यहरूको सकारात्मक सोच तयार हुँदै संयोगान्तकै घटनामा नाटकले टुङ्गो लिन्छ ।

प्रस्तुत नाटकलाई निम्न लिखित आधारबाट चिनाउन सकिन्छ :-

**पात्र**

यस नाटकलाई पात्रगत रूपमा हेर्दा साध, हरि, राजन, सुनिता, जमुना, चन्दन र युवती रहेका छन् । साधु र हरिको भलाकुसारीबाट  सुरु भएको नाटक हरिलाई बाँकी सबै पात्रहरूले बाल शिक्षाको सकरात्मक नीति प्रकाश पारेका छन् ।

**परिवेश**

यस नाटकको परिवेश सामान्य ग्रामीण समाजबाट चित्रण गरिएको छ । ग्रामीण समाजका अनपढ व्यक्तिहरूले गरिवमाथि गरिने निच व्यवहारबाट सोझो निमुखा जनताहरूको जीवन पद्धतिलाई देखाइएको छ । गाउँघरका उकाली ओराली र पानी पँधेरो जस्ता प्रकृतिप्रेमी परिवेशको आधार रहेको छ ।

**द्वन्द्व**

यहाँउच र निचवर्ग बिच द्वन्द्वकोविजारोपण भएको छ । गरिव वर्गका बालबालिकाको शैक्षिक अधिकार हनन गर्न विभिन्न सामन्ती वर्गहरूको खेलवाडलाई चित्रण गरिएको छ ।

**भाषाशैली**

यस नाटकको भाषाशैलीसामान्य ग्रामीण बोलीचालीमा आधारित रहेको छ । व्याकरणात्मक कोटीमाअनुकरणात्मक शब्द, अव्यय र कतैकतै निपातको प्रयोग गरिएको छ ।

**उद्देश्य**

यस नाटकमा बाल शिक्षाको सर्वाङ्गिन विकासको लागि समय सापेक्ष आवाज उठाउनु नै प्रमुख  उद्देश्यको रूपमा चित्रण गर्न सकिन्छ । विशेषत शिक्षाको क्षेत्रमा अभिभावक वर्गहरूले सचेतपन अपनाउँदै बाल अधिकारको उद्देश्य रहेको छ ।

### ५.१.१० नाटककार कमल गाउँले

वि.सं. २०३० साल असार १६ गते प्युठान जिल्लाको भिङ्ग्रीमा जन्मेका कमल गाउँले हाल आएर घोराही नगरपालिका वडा नं. ६ मसिनामा बस्दै आएका छन् । पारिवारिक स्थितिमा आमा, श्रीमती, छोरा र छोरीसँग जीवन बिताइरहेका गाउँले एक हाँस्य कलाकारको रूपमा परिचित भइरहेका छन् ।

कलाकारिता र अभिनयका सहयात्री बनेका गाउँले विगत १५ वर्ष अगाडिदेखि नै विभिन्न अभिनय, टेलीश्रृङ्खला, म्युजिक भिडियो र फिल्मतिर व्यस्त देखिन्छन् । यिनले पाउका सम्मान पुरस्कारमध्ये वि.सं २०५७/५८ तिर राष्ट्रिय पुरस्कार, वि.सं. २०६० तिर राष्ट्रिय मादल प्रतियोगितामा सर्वोत्कृष्ट पुरस्कार हुन् । यिनका अभिनय र कलाकारिताबाट तत्कालीन समाजमा भएका सम्बन्धित घट्ने घटनालाई केन्द्रित गरेर एक दर्जन गाईजात्रे क्यासेट बजारमा उपलब्ध गरिएको छ ।

विभिन्न राजनीतिक विकृति र विसङ्गती बोकेको तत्कालीन समाजलाई तिखो घोचपेच गर्नु गाउँलेको विशेषता मानिन्छ । अन्त्यमा गाउँले परिवेशलाई चित्रण गर्दै विभिन्न समुदायमा मात्र आधारित नभएर सामान्य कृषि पेशामा आवद्ध हुने किसानलाई समेत तीखो व्यङ्ग्य गर्नु यिनको प्रमुख विशेषता रहेको छ ।

### ५.१.१०.१ नाटककार कमल गाउँलेको 'मेरो गाउँ' नाटकको अध्ययन

'मेरो गाउँ' नाटक कमल गाउँलेको वि.सं. २०६२ सालतिर 'नवयुग स्मारिका'मा प्रकाशित सामाजिक यथार्थवादी एकाङ्की नाटक हो । यहाँ मुगलानी कान्छो छोरा घर फर्केको घटनाबाट प्रारम्भ भएर विदेशी बनेको साइलो छोराको देशप्रेमी विचारसँगै अन्त्य हुन्छ ।

'मेरो गाउँ' त्यो ठाउँ हो, जहाँ गाउँले समाजका सबै व्यक्तिहरू रमाएर खुसीसाथ एक अर्काको दुःख सुखमा सहयात्री भएर बस्नु पर्छ । अनेकतामा बाँडिएका

वर्ग वा समुदायका व्यक्ति भएतापनि एकता अनि समान सहयोग हुने सन्देश यहाँ छ । नाटकको सुरुवात मुगलानबाट आएको कान्छो छोरा हुँदै क्रमशः जेठो र माइलाको द्वन्द्व र त्रासमय वातावरण देखाएतापनि अन्त्यतिर भने एकता र सहयोगको भावना व्यक्त भएको छ । नाटकको बिच भागमा भाइ भाइ बिचको द्वन्द्व र त्रासमय वातावरण देखाएतापनि अन्त्यतिर भने एकता र सहयोगको भावना व्यक्त भएको छ । यसरी एकता र सहयोगको सन्देशबाट नै नाटकको शीर्षक सार्थक छ ।

यो नाटक मुगलानबाट फर्केको कान्छो छोराबाट प्रारम्भ भई विदेशतिर आएको साइला छोराको देशप्रेमी विचारसँगै अन्त्य हुन्छ । यस बिचमा विभिन्न विचारधारा भएका सन्तानहरूको क्रिया प्रतिक्रिया देखापर्दछ । बाबु आमाको एउटै निवासमा हुर्के खेलेका सन्तानहरूको विभिन्न चरित्र तथा वैचारिक पात्रले नाटकको मध्य भागलाई विकसित बनाएको छ । घरको कुनैपनि परिवेशलाई बुझ्न नसकेको कान्छो सन्तान एक मुगलानीको रूपमा देखापरेको छ । ऊ देशको कहालीलाग्दो परिस्थिति माथि ख्यालै गर्न सफल छैन । यस्तै नाटकलाई गतिशील बनाउने जेठो सन्तान जनयुद्धको कारक बनेको छ । बिचबिचमा सरकारी सैनिकको रूपमा देखिएको माइलो सन्तानबाट नाटक रोमाञ्चक बनेको छ । यी दुवै बिचको संघर्ष र खिचातानीबाट नाटकको विषयवस्तु छर्लङ्ग हुन्छ । युद्धकालीन समयमा आफ्ना सन्तानलाई गोप्य सुरक्षा दिन खोज्ने अभिभावकको योगदान रहेको छ । नाटकको अन्त्य भागमा विदेशतिर आएको साइलो छोरा देखिदै भाइ भाइ बिचको सहयोग र सुझावलाई पनि समेटिएको छ । यसरी एउटै बाबु आमाबाट जन्मेका सन्तानको फरक फरक विचारधाराबाट देशको स्थितिलाई देखाउँदै नाटकको अन्त्य गरिएको छ ।

प्रस्तुत नाटकलाई निम्न लिखित आधारमा चिनाउन सकिन्छ :-

**पात्र**

पात्रहरूको दृष्टिले हेर्दा 'मेरो गाउँ' नाटकमा बुबा, आमा, ठूले, माइलो, साइलो र कान्छो रहेका छन् । बुबा र आमाको सन्तानप्रति माया, ठूले र माइलो बिच जनयुद्ध, साइलोको देशप्रेमी भावना र कान्छोलाई देशको स्थितिबारे कुनैपनि जानकारी छैन ।

**परिवेश**

यो नाटक सङ्कटकालीलन युद्ध र अशान्तीको परिवेशलाई लिएर लेखिएको हो । यस्तो भयावह परिवेशबाट सामान्य जनाताहरू दुवै पक्षबाट त्रसिद थिए भन्ने बुझिन्छ ।

**द्वन्द्व**

प्रस्तुत नाटकमा एकै आमाका सन्तानको रूपमा आएका पात्र बिच देशको स्थितिलाई मध्यनजर गरेर द्वन्द्वको विजारोपण भएको छ । वास्तविक रूपमा दुई विपरीत पक्ष बिच द्वन्द्व देखाउँदै नाटकलाई हरेक कोणबाट उद्घाटन गरिएको छ ।

**भाषाशैली**

यसमा सामान्य ग्रामीण समाजका बोलीचालीमा आधारित सरल भाषाशैली, अनुकरणात्मक शब्द र कतैकतै विश्मयादीबोधक शब्दको पनि प्रयोग गरिएको छ ।

**उद्देश्य**

यहाँ युद्धको स्वरूप देखाउँदै नेपाल आमामाथि आइलागेको वेदना प्रस्तुत गरिएको छ । समय समयमा समेटिएका सन्तानहरूको फरक फरक नीति चित्रण गर्दै देशको स्थितिमाथि गम्भिर ध्यानाकर्षण रहनु नै यसको उद्देश्य देखिन्छ । विशेष गरी शान्तीको सन्देश दिनु नै मूल उद्देश्य रहेको छ ।

## ५.१.११ नाटककार मित्रलाल पार्दे 'हिमाल'

वि.सं. २०३६ साल फाल्गुण १७ गते शुक्रबारका दिन जन्मिएका मित्रलाल पार्देका बाबुको नाम प्रेमनारायण पार्दे र आमाको नाम यमादेवी पार्दे हो । दाङ जिल्ला स्युजा खाडामा जन्मिएका पार्देका स्थायी ठेगाना लक्ष्मीपुर-७ सुन्दर गाउँ हो । साहित्य र अभिनयमा रुची भएका पार्देले नाट्यकलालाई अगाडि बढाएको देखिन्छ । पार्दे आफू विद्यालयमा अध्ययन गर्ने समयदेखि नै कविता लेख्ने काम गर्दथे । उनका विभिन्न पत्र पत्रिकाहरूमा फुटकर रचना प्रकाशित भएका छन् । आफ्ना रचना र कृतिहरूमा उनले समाजमा रहेका विकृति र विसङ्गतीहरू माथि जोडदार प्रहार गरेका छन् ।

### ५.१.११.१ नाटककार मित्रलाल पार्दे 'हिमाल' को 'के बुद्ध जन्मिदैन'? नाटकको अध्ययन

'के बुद्ध जन्मिदैन?' नाटक मित्रलाल पार्देको वि.सं. २०६२ सालमा नवयुग स्मारिकामा प्रकाशित सामाजिक यथार्थवादी नाटक हो । यो नाटकमा समस्त राष्ट्रकै प्रतिकूल अवस्थालाई मध्यनजर गरेर लेखिएको छ ।वर्तमान अवस्थामा मुलुक विभिन्न हत्या, हिंसा, बलत्कार, षड्यन्त्र, कुनीति तथा अराजकतर्फ पाइला चाली रहेको छ । यहाँ विकास भन्दा विनासको सङ्ख्या बढ्दै जाँदा मुलुक कहाँ जाने हो ? भन्ने प्रश्न राख्दै देशको कहाली लाग्दो परिस्थितिबारे सन्देश दिन खोजिएको छ ।

बुद्ध महान् व्यक्ति हुन्,जसको प्रेरणाबाट सन्देशमात्र नभएर विदेशमा समेत शान्तिको प्रभाव फैलिएको छ । वर्तमान अवस्थामा सत्पात्र भन्दा असत्पात्र बढ्दै जानु, चारैतिर कालो बजारी फैलनु, हत्याा हिंसाले सीमा नाघ्दै जानु तथा भयत्रासको वातावरण फैलनु आदि विषय परिस्थितिबाट मानवताको धरातल दानवतातिर प्रवेश हुँदैछ । यसरी विभिन्न विसङ्गती र वज्रपातको वेदना बोकेको वर्तमान अवस्थाबाट मानवको जीवन प्रभावमय बन्दै गएको छ । यसैको मध्यनजर गरेर शान्तिलाई सम्भmदै लेखेको शीर्षक सार्थक छ ।

प्रस्तुत नाटक सङ्कटकालको अवस्था र जनयूद्धलाई मध्यनजर गरेर लेखिएको हो । नाटकको प्रारम्भ जङ्गलमा बन्दुकहरू पड्किरहेका छन्'भन्ने वाक्यबाट शुरूभई बुद्धको पुनः जन्महुने वाक्यसँगै अन्त्य भएको छ । यस बिचमा साधु र जड्याहा दुइ पात्रको विवाद उग्र बनेको छ  विभिन्न बलत्कारीको सोच लिने जड्याहाबाट यूवतीको समेत यहाँ सतित्व लुटिएको छ । पीडित युवतीको रोदन र चित्कारबाट हिँड्दै गरेका साधुको नजरबाट अचानक उनी होसमा आउँछिन् । आफ्ना सम्पूर्ण भोगाईहरू सुनाउँदै गरेकी युवतीले साधुबाट नै प्रेरणा लिएर पाइला अगाडि बढाउँछिन् । अन्यायको विरुद्ध पाइला चाल्दै जाँदा युद्धसँग बुद्धको पराजय भई गरिवी, शोषण र भ्रष्टचारको प्रवेशबाट नाटकले चरमोत्कर्षको रूप लिन्छ ।

यसरी विभिन्न विषय परिस्थितिसँग बन्दुकको चारैतिर आक्रमण, चेलीबेटीको अस्मिताको चोरी र भय त्रासलाई सम्भmँदै गरेका साधु र युवक बिच शान्तीको कामना गरिएको छ । निर्दयी बनेको युद्धबाट कयौं चेलीहरूको सिउँदो पुछिँदै जाँदा नाटक उत्कर्षमा पुगेको छ  । नाटकलाई प्रभावकारी देखाउँदै चार शहिद र देश भक्तिको इतिहास समेटिएको छ । विभिन्न प्रकारका सुराकी र आतङ्ककारी बनेका सन्तानप्रति

नेपाल आमा दृष्टिविहिन बन्न पुगेकी छन् । अन्त्यमा साधुबाट एक जोडी परेवा उँडाउँदै पुनः बुद्धको जन्म हुने विश्वासका साथ नाटक टुङ्गिएको छ ।

प्रस्तुत नाटकलाई निम्न लिखित आधारबाट चिनाउन सकिन्छ :-

**पात्र**

यस नाटकमा साधु, जड्याहा, अस्मिता, बुद्ध, यूद्ध, यूवक, श्रीमान, श्रीमती र शहिदह रहेका छन् ।साधु र जड्याहा बाट विकसित भएको नाटक अन्यपात्रहरू बाट पनि गतिशील देखिन्छ ।

**परिवेश**

यो नाटक युद्ध र अशान्तीको परिवेशलाई लिएर लेखिएको हो । यी दुवै तत्वबाट नै वर्तमान अवस्था भयावह बन्दै गएको छ ।

**द्वन्द्व**

यस नाटकमा युद्ध र शान्ती बिच द्वन्द्व बढ्दै चरमोत्कर्षको रूप लिएको छ । बिच भागमा द्वन्द्वले घटनाको रूप लिएतापनि अन्त्यतिर भने शान्तीकै पक्षमा नाटक टुङ्गिएको छ ।

**भाषाशैली**

यसमा सामान्य ग्रामीण समाजका बोलीचालीमा आधारित सरल भाषाशैली, अनुकरणात्मक शब्द र कतैकतै आध्यात्मवादी चिन्तनको चित्रण गरिएको छ ।

**उद्देश्य**

विभिन्न युद्ध र अशान्तीको चपेटामा परेको मुलुकलाई नयाँ सितलता प्रदान गर्न शान्तीको नितान्त आवश्यक हुने उद्देश्य रहेको छ । पिडादायी र दुःखदायी सन्त्रासका क्षणहरू हट्नु नै यसको मुख्य उद्देश्य रहेको छ ।

### ५.१.१२ नाटककार लोकराज अधिकारी

वि.सं. २०३७ साल चैत्र ११ गते दाङको लक्ष्मीपुर गा.वि.स. वडा नं. ९ लक्ष्मीपुर गाउँमा जन्मिएका लोकराज अधिकारीका बाबुको नाम ओमप्रकाश शर्मा अधिकारी र आमाका नाम सुभद्रादेवी अधिकारी हो । बि. ए. तहको अध्ययनमा गतिशील भएका अधिकारी रेडियो स्वर्गद्वारीमा चार वर्ष अगाडिदेखि कार्यरत भइरहेका

छन् । अधिकारीका प्रकाशित नाट्य कृतिमा साधना, एल्वम डिभोर्स र प्रतिष्ठा हुन् । यिनको पहिलो नाटक 'आवेग' वि.सं. २०६२ हो ।

### ५.१.१२.१ नाटककार लोकराज अधिकारीको 'आवेग' नाटकको अध्ययन

'आवेग' नाटक लोकराज अधिकारीको वि.सं. २०६२ सालमा नवयुग स्मारिकाबाट प्रकाशित सामाजिक यथार्थवादी एवम् अल्लारे पनका युवा युवतीहरूलाई मध्य नजर गरेर लेखिएको नाटक हो । वर्तमान समयमा विभिन्न शैक्षिक संस्थामा अध्ययन गरिरहेका युवा युवतीको अल्लारेपन र उद्देश्यविहिन कार्यलाई समेटेर लेखिएको नाटक सन्देशयुक्त बनेको छ ।

आवेग त्यस्तो शब्द हो, जसबाट कुनै पनि कार्य सफल नभई सम्बन्ध नै टुट्ने स्थिति देखापर्दछ । यहाँ युवावर्गका केटाकेटीहरूलाई चित्रण गरेर तिनकै कार्य व्यापारलाई समेटी नाटकको उद्घाटन गरिएको छ । यसबाट उग्ररूप बढ्दै सम्पूर्ण जीवन नै बर्वाद तुल्याउने घटनाक्रम बढेको देखिन्छ । आफू परिपक्व नहुँदै गरेको निर्णय फलदायी विहिन भएर एक तनाको स्थिति देखापर्छ, भन्नु नै यसको सन्देश हो । यस्तो घटनाक्रमबाट मुक्ती पाउनका लागि घरका अभिभावहरूको चित्त राख्न सक्नु पर्छ भन्दै नाटकीय कार्य व्यापारमा पनि यस्तै उताड चढाव आएकोले शीर्षक सार्थक छ ।

यहाँ क्याम्पसको वातावरणमा केटाकेटीको प्रेमकहानी सुरु हुँदै सफल प्रेमको उद्घाटन भएर नाटकको अन्त्य भएको छ । यस बिचमा युवा युवतीको चित्रण गरिएको छ । करिव आधा दर्जन पात्रहरूले यस नाटकलाई प्रभावकारी तुल्याएका छन् । प्रारम्भमा अल्हारे केटा केटी बिच गफ हुँदै क्याम्पसको पढाइ पनि समेटिएको छ । नाटकीय कार्य व्यापारमा यौवनको मातमा तड्पिएको हरिसले शोभामाथि शारीरिक खेलवाड गर्न खोज्दा छुट्टै घटनाक्रम लिएको छ । नाटकको मध्य भागमा दुवै प्राणीबिच फाटो हुँदै एक्लोपनको महसुस गरिएको छ । आफ्नै मानिसले साथी हेमन्तसँग पूर्ण शोभा प्रेम प्रणयमा बाँधिन पुगेकी छ । परम्परामा हुर्केका हेमन्तका बाबु आमा जातीय कट्टर देखिन्छन् र श्याम शोभालाई अश्विकार गर्ने घटनासँगै नाटकको मोड देखापर्दछ । हेमन्तको परिवारमा आमाबाटै तिरस्कृत बनेकी शोभा पीडाको भार

बोक्दै फर्कन लाग्दा नाटकले उत्कर्षको रूप लिन्छ । यहाँ जीवनभर कसम खाएर ल्याएकी शोभाको पछिपछि ऊ रुन बाध्य भएको छ । नियतीको खेल यस्तै रहेछ, भन्दै उसले आमासँग आफ्नो गल्ती पेश गरेको छ । पूर्ण आमाबाट सहारा पाएको हेमन्तले आवेगमा आएर विनायोजना विवाह गरेको जवाफ पाउँदा नाटकको अन्त्यतिर पूर्ण शोभालाई ल्याउने प्रणका साथ आमाको आज्ञा शिरोपर गरी टुङ्गिएको छ । यसरी विभिन्न हन्डर र ठककरबाट नाटक अन्त्यतिर संयोगान्ततिर जाँदै विषयवस्तुले उद्देश्यको रूप लिएको छ ।

संक्षेपमा भन्दा मान्छेमा विभिन्न प्रकारका आवेग र संवेगहरू रहन्छन् । ती दुई चरणबाट मनोवैज्ञानिक असर पारेको हुन्छ भन्दै सहनशील नीतिले मानवलाई राम्रो बाटो लाग्ने प्रेरणा दिन्छ ।

प्रस्तुत नाटकलाई निम्न लिखित आधारमा चिनाउन सकिन्छ :-

**पात्र**

यस नाटकमा हरिश, हेमनत, बुद्धि, एलिना, सरला, शोभा र आमा पात्रका रूपमा रहेका छन् । प्रारम्भमा हरिश र शोभाबिच भएको घटनाक्रमसँगै हेमन्तमा प्रेमको गोरेटो जोडिएको छ ।

**परिवेश**

यस नाटकमा सामान्य ग्रामीण समाज, परम्परावादी संस्कार र क्याम्पसको सीमालाई राखिएको छ ।

**द्वन्द्व**

यस नाटकमा मध्य भागबाट द्वन्द्वको विजारोपण भएको छ । हरिश र शोभा बिचको द्वन्द्वबाट विस्तारित नाटक परम्परा र अल्लारेपन बिच पनि जोडिएको छ ।

**भाषाशैली**

यस नाटकको भाषाशैली समान्य ग्रामीण समाजमा बोलीचालीमा आधारित रहेको छ । बिच बिचमा अङ्ग्रेजी  शब्दको प्रयोग , झर्रा शब्द र अनुकरणात्मक शब्दबाट नाटक प्रभावकारी बनेको छ ।

**उद्देश्य**

यस नाटकको उद्देश्य आफ्नो योजना नबनाउँदै हिड्ने ठिटौलेहरूले वैवाहिक सम्बन्धमा हतारिएर बाँधिनु हुँदैन भन्ने रहेको छ । आफ्नो परिवारका बाबु आमाको निर्णयलाई मान्नुपर्ने सन्देशयुक्त उद्देश्य मानिन्छ ।

### ५.१.१३ नाटककार लोकराज पराजुली

वि.सं. २०२२ साल फाल्गुन ११ गते पवननगर ४ दाङमा जन्मेका पराजुलीले योग तथा प्राकृतिक चिकित्साका एम.डि.वाई.डि उपाधि प्राप्त गरेका छन् । विशेष गरी हास्यव्यङ्ग्य विधामा परिचित पराजुलीले दर्जनौं लोक गीत, दोहोरी गीत, आधुनिक गीत, स्वदेश गानको संकलन तथा रचना गरेका छन् । साथै नाटक, कविता, निबन्ध आदि प्रतियोगिताहरूमा जिल्ला, अञ्चलबाट राष्ट्रिय पुरस्कार समेत प्राप्त गरेका पराजुली रा.सा.प. का अतिरिक्त रेडियो स्वर्गद्वारी, नेपाल योग तथा प्राकृतिक चिकित्सा एशोसियसनसँग संलग्न छन् । राप्ती अञ्चल यातायात व्यवसायी संघमा कार्यरत डा. पराजुलीका उपहार हाइकू संग्रह २०६१ र पञ्चामृत (संयुक्त प्रकाशन) २०६२ प्रकाशित कृतिहरू हुन् ।पराजुलीको नवयुग स्मारिकामा प्रकाशित नाटक 'मन नफाटोस्' २०६२ हो ।

### ५.१.१३.१ नाटककार लोकराज पराजुलीको 'मन नफाटोस्' नाटकको अध्ययन

'मन नफाटोस्' लोकराज पराजुलीको वि.सं. २०६२ सालमा नवयुग स्मारिका दाङबाट प्रकाशित सामाजिक यथार्थवादी नाटक हो । यस नाटकमा छोराछोरीलाई समान शिक्षा दिनुपर्छ भन्ने अभिप्राय रहेको छ ।

'मन' भनेको त्यस्तो शब्द हो, जुन मानिसको हृदयमा पवित्र तरिकाले विजारोपण भएको बुझिन्छ । यसबाट अभिभावहरूले सन्तानप्रति गरिने माया र कर्तव्य एकनास हुनुपर्दछ । यहाँ सन्तानप्रतिको दायित्व सकरात्मक रहोस भन्दै शीर्षक सार्थकता भएको छ ।

नाटकको प्रारम्भतिर बालबालिकाको विषयमा बुढा बुढीको गफसँगै सकारात्मक सोचबाट नाटकको समाप्त गरिएको छ । बिचबिचमा दुवै जनाको विवाद बढेको छ । बुढीको विचारमा छोरीभन्दा छोरालाई राम्रो विद्यालय पढाउने धोकोसँगै बुढाको समान

नीति केन्द्रित छ । यसरी दुवै बुढा बुढीबिच वादविवाद र लेङ्गिक विभेदबाट नाटक विकसित भएको छ । परिवारका दुवै बालकले समेत समान शिक्षाको माग गरी निरपेक्षताको धारणा राखेका छन् । बिचबिचमा आमाले सन्तानलाई हकारेको र श्रीमानसँग पनि वाद विवाद गरे मार्फत नाटकले चरमोत्कर्षको रूप लिएको छ । यहाँ दुवै जनाबाट सम्पत्तिको तुलना गर्दै मनभेदको स्थिति देखिएको छ । शिक्षिका नम्रताको प्रवेशबाट नाटकले फरक मोड लिएको छ । आफ्नो बाल्यकालको समयबाट शिक्षाको उपयोगिता बढाउँदै उनले शिक्षामा बालबालिकाको सम्बन्धबारे प्रकाश पारेकी छिन् । दुवै बालबालिकाको मनोवैज्ञानिक पक्षको चित्रण गर्दै घरका अभिभावक एक आपसमा लडेका केटाकेटीको मन फाट्छ, भन्ने यहाँ अभिप्राय देखिन्छ ।

बाल्यकालमा विभिन्न हण्डर ठक्कर खाँदै मामाघर पढेकी नम्रता प्रेरणाकी स्रोत भएकी छिन् । अन्त्यमा शिक्षाको महिमा बताउँदै दुवै सन्तानलाई समान व्यवहार गर्ने र फाटेको मनलाई जोड्ने सर्तमा नाटकको विषयवस्तु टुङ्गिन्छ ।

प्रस्तुत नाटकलाई निम्न लिखित आधारमा चिनाउन सकिन्छ :-

**पात्र**

यस नाटकमा भक्त, रक्षा, कर्तव्य, शान्ती र नम्रता पात्रका रूपमा रहेका छन् । भक्त र रक्षाबाट उद्घाटन भएको नाटक अन्य पात्रबाट गतिशील बनेको छ । बिच बिचमा भक्त र रक्षाको विचारसँग नाटकले शैक्षिक स्तरमा पाइला चालेको छ ।

**परिवेश**

यस नाटकमा सामान्य ग्रामीण समुदाय हो । नाटकको प्रारम्भतिर सामान्य घरको आँगन, डोको, गाग्री, लोटा तथा गरिव परिवारको चित्रण गरिएको छ ।

**द्वन्द्व**

यस नाटकमा घरका बुढाबुढी बिचका द्वन्द्व फैलिएर सामाजिक परिवेशमा समेत बाधा पुऱ्याएको छ । शिक्षाको नीतिलाई महत्व मानेर देखाइएको हुँदा यसलाई शैक्षिक उद्देश्यमूलक द्वन्द्व पनि भनिन्छ ।

**भाषाशैली**

यस नाटकको भाषाशैली समान्य ग्रामीण समाजमा बोलीचालीमा आधारित रहेको छ । बिचबिचमा निपात र अनुकरणात्मक शब्दको प्रयोगबाट नाटक प्रभावकारी बनेको छ ।

**उद्देश्य**

यस नाटकको उद्देश्य शिक्षामा बालबालिकालाई समान अवसर दिनुपर्छ भन्दै छोरा छोरीको हकहितको लागि घरका अभिभावकहरूले राम्रो पाइला चाल्नु पर्छ भनिएको छ ।

## ५.१.१४ नाटककार कमलमणि देवकोटा

कमलमणि देवकोटाको जन्म वि.सं. २०१८ साल असार २ गते सल्यान जिल्लाको शिवरथ गा.वि.स.मा भएको थियो । उनको बाबुको नाम मयानिधि उपाध्याय र आमाको नाम कृष्ण देवी उपाध्याय हो । हाल दाङ जिल्ला त्रिभुवननगर नगरपालिका वडा नं. ११ आदर्शटोलमा स्थायी बसोबास गर्दै आएका देवकोटा निजामती सेवामा कार्यरत छन् । वि.सं. २०३१ सालमा भानुभक्त साधारण मा.वि. दमाचौर सल्यानबाट एस.एल.सी. उर्त्तीण गरेका कमलमणिले स्नातक तहसम्म अध्ययन पूरा गरेका छन् ।

निबन्ध, गीत, मुक्तक, कविता, उपन्यास, समालोचना र जनचेतनामूलक नाटक आदिमा कलम चलाउने देवकोटालाई मनपर्ने विधा भनेको हाँस्यव्यङ्ग्य निबन्ध हो । हाल राप्ती साहित्य परिषद्का सचिव पदमा कार्यरत देवकोटा मानव व्यवहारलाई नै साहित्य भन्दछन् । देवकोटाले समाजमा देखिएका कमी कमजोरीलाई औल्याउनु र सकरात्मक चेतनाको परिवर्तन गर्नु नै साहित्य लेखनको उद्देश्य भन्दछन् ।

राप्ती साहित्य परिषद् र लेखक संघ दाङका आजीवन सदस्य रहेका देवकोटाले राप्तीदूत, अन्तर्ध्वनि, नवपालुवा, राप्ती अञ्चलको संक्षिप्त चिनारी २०६२, स्मारिका ६३ लगायत विभिन्न पत्र पत्रिकाहरूको सम्पादन पनि गरेका छन् ।

### ५.१.१४.१ नाटककार कमलमणि देवकोटाको 'पत्रकार सम्मेलन' नाटकको अध्ययन

पत्रकार सम्मेलन कमलमणि देवकोटाको वि.सं. २०६२ सालमा नवयुग स्मारिकाबाट प्रकाशित कृति हो । सामान्य ग्रामीण समाजका जनताहरूको भेलासँगै प्रारम्भ भएको नाटक नेताहरूले देशलाई डुबाएको नीतिसँगै अन्त्य भएको छ ।
'पत्रकार' भनेको त्यस्तो शाब्दिक अर्थ हो, जसबाट देशको नीति नियमलाई समेटेर सरकारको कार्य तथा नेताहरूको समेत मूल्याङ्कन गरिएको हुन्छ । चुनावको समयमा लक्ष्य लिएर हिँड्दै गरेका नेताहरूको झुटो आश्वासनलाई पर्दाफास गरिएको छ । नेपालका नेता र सामान्य जनताहरूको भोगाइलाई ध्यान दिएर लेखिएकोले शीर्षक सार्थक छ ।

गाउँको चौतारीमा विभिन्न स्तरका मानिसको जमघटबाट विस्तार भएको नाटक नेताहरूले देश र जनताहरूलाई विकासमा बाधा तुल्याएको घटनासँग अन्त्य भएको छ । यस बिचमा सामान्य ग्रामीण समुदायमा पत्रकार र नेताको जमघटबाट नाटकको विस्तार भएको छ । पत्रकार र नेताको नेतृत्वमा हिँडेको नाटकलाई गाउँका निरक्षर व्यक्तिबाट खण्डन गरिएको छ । जनतालाई सानो लोभ लालचको मोह देखाउँदै हिँडेका नेताहरूको चाप्लुसीपनामाथि व्यङ्ग्य गरिएको छ । पत्रकारको उदयसँगै विस्तारित भएको नाटकले देशको अवस्थाबारे ध्यानाकर्षण गरेको छ । झुटा भाषण र छपाइको मोहमा फसेका जनताहरूलाई देशको युगीन परिस्थितिबारे बुझाउन खोजिएको छ ।

चुनावमा विजय भएर हिड्ने नेताहरू आफ्नै भुँडी भर्न तयार भएको र देश विकास भनेको कुन चराको नाम हो ? भन्ने विचारधारामा देखिएका छन् । यस्तै राजनीतिक आधारबाट विकसित भएको नाटक तत्कालीन नेताहरूको चाप्लुसीपन, आफ्नै दुनो सोझ्याउने नीति तथा जनतामाथि गरिएको रणनीति राख्दै नाटकको विस्तार भएको छ । अन्त्यतिर भोगाई र सुनाईको चपेटामा परेका सामान्य जनता मार्फछ नाटकले छुट्टै घटनाक्रम लिएको छ । यसरी नेताहरूका झुटा आश्वासनको खण्डन गर्दै नाटक टुङ्गिएको छ ।

प्रस्तुत नाटकलाई निम्न लिखित आधारबाट चिनाउन सकिन्छ :-

**पात्र**

यस नाटकमा जनता, बुद्ध, नेता र पत्रकार पात्रका रूपमा रहेका छन् । गाउँका सर्वसाधरण जनतामाथि गरिने चुनावी मैदानको क्रियाकलाप देखाउन खोजिएको छ । सुरुमा बुद्ध र नेता बिच भएको बहससँगै पत्रकार र जनताले नाटकलाई गतिशील बनाएका छन् ।

**परिवेश**

यस नाटकमा सामान्य ग्रामीण समुदायका चौतारी, वरपीपल र पाटीपौवा रहेका छन् । गाउँले जनता, नेता, पत्रकारबाट नाटक विकसित छ ।

**द्वन्द्व**

यस नाटकमा नेताहरू र ग्रामीण जनता बिच द्वन्द्वकोविजारोपण भएको छ । देश विकासमा बाधा पुऱ्याउने नेताहरूको फोस्रो आडम्बरीपन माथि वकालत गर्न खोजिएको छ ।

**भाषाशैली**

यस नाटकको भाषाशैली समान्य ग्रामीण समाजमा बोलीचालीमा आधारित रहेको छ । बिच बिचमा अनुकरणात्मक शब्द, हिन्दी उखान र उच्च आदरार्थी शब्दको प्रयोगबाट नाटक प्रभावकारी बनेको छ ।

**उद्देश्य**

यस नाटकको उद्देश्यसमयसापेक्ष रहेको छ । पिछडिएको स्थानलाई विकास योजनामा टेवादिनु, जनताको मर्म बुझ्नु र इमान्दारीको नीति फैलाउनु रहेको छ । देशलाई बिग्रँदो घटनातिर लैजादै हिडेका भुँडे नेता र पत्रकारको अनावश्यक छपाई हटाउनु नै प्रमुख उद्देश्य रहेको छ ।

### ५.१.१५ नाटककार अमर सुवेदी

वि.सं. २०३१ साल माघ ९ गते लक्ष्मीपुर ४ गोगली दाङमा जन्मेका अमर सुवेदी बुबा ऋषिराम सुवेदी र आमा तुलसा सुवेदीका छोरा हुन् । वि.ए. सम्मको अध्ययन गरेका सुवेदीले हाँस्य र कलाकारीताको क्षेत्रमा योगदान दिएका छन् । विभिन्न संघ संस्थातिर हात हाल्दै आएका सुवेदी हाल आएरु आफ्नै व्यवसायतिर उन्मुख

भएका छन् । सुवेदीको पहिलो नाटक प्रकाशन वि.सं. २०५३ सालमा सडक नाटक र अभिनयतिर रहेको थियो ।

### ५.१.१५.१ नाटककार अमर सुवेदीको 'शंका' नाटकको अध्ययन

'शंका' नाटक अमर सुवेदीको वि.सं. २०६२ सालमा नवयुग स्मारिकाबाट प्रकाशित सामान्य यथार्थवादी मानिन्छ । यहाँ आफ्नै दाम्पत्य जीवनमा घटना घट्न सक्ने अवस्थाको चित्रण गरिएको छ ।

आफ्नै जीवन साथीमाथि पनि विश्वास नगर्दा मानसिक रूपले आघात पुऱ्याउँछ भन्ने आधारबाट नाटकको उद्घाटन गरिएको छ । 'शंका' त्यस्तो आँच आउने शब्द हो, जसबाट प्रेमप्रेमीका बिचको सम्बन्ध टुट्ने मात्र नभएर जीवन नै नकरात्मक दिशातिर धकेलिन्छ । क्याम्पस जीवनबाट सुरुवात भएको नाटक बिचमा आरोह अवरोह देखिदै अन्त्यमा भने सफल जीवनको चित्रणमा नाटकले विदा लिन्छ । यस्तै अनेकौं सोचाई र कोरा भ्रमको सिर्जनाबाट नाटकको शीर्षक सार्थक छ ।

यस नाटक उमेर पुगेका केटाकेटी बिचको कहानीबाट सुरु भएर वास्तविक जीवनको चित्रणमा समाप्त भएको छ । यस बिचमा रञ्जन र विनोद जस्ता पात्रबाट प्रेमको निरन्तरता अगाडि बढेको छ । युवायुवतीका प्रेम प्रसङ्ग जोड्दै यस नाटकले माया, तिरस्कार र क्षमा जस्ता अनुभूतिहरू पार गरेको छ । बिच भागमा भने नाटक घटनातिर प्रवेश गर्दै युवायुवतिको सम्बन्ध टुट्ने स्थितिमा आएको छ । रञ्जन र भावना बिचको घटनाले नाटक चरमोत्कर्षमा पुगेको छ । चिन्ता र एकान्त सोचमा डुबेकी भावनाले हरेक स्थानमा हण्डर र ठक्कर खाएकी छ । विवेशसँग वैवाहिक सम्बन्ध गाँसी विभिन्न शंका उपशंका लिने भावना मनरोगी छ । नाटकको अन्त्यतिर शंका उपशंकाको सिकार बनेर उनी विगतका गल्तीहरूलाई सम्झन बाध्य भएकी छन् । साथी मात्र नभएर श्रीमानको समेत शंका गर्ने भावना पुन: रञ्जनसँग भेट हुँदै आफ्ना भूलहरू सच्याउने अवसर पाएकी हुन्छे । बिच भागमा नाटकले जेजस्तो घटना लिएतापनि अन्त्यतिर भने रञ्जन र गीताको विवाहसँगै नाटक टुङ्गिन पुगेको छ । यसरी अनावश्यक सोच र भ्रमतिर हिड्ने भावना शंकाको सीमाबाट मुक्त हुँदै नाटकको विषयवस्तु समाप्त हुन्छ ।

यस नाटकलाई निम्नलिखित आधारबाट चिनाउन सकिन्छ :-

**पात्र**

प्रस्तुत नाटकमा रञ्जन, विनोद, रवि, विमला, भावना र विवेक रहेका छन् । सुरुमा रञ्जन र विनोदको गफसँगै विस्तार भएको नाटकलाई अन्य पात्रहरूले गतिशील बनाएका छन् ।

**परिवेश**

प्रस्तुत नाटकको परिवेशमा क्याम्पस, नास्ता पसल र विभिन्न गोरेटाका घुम्तीहरू रहेका छन् । बिचबिचमा काठमाडौं र कार्यालय पनि परिवेशका उदाहरण बनेका छन् ।

**द्वन्द्व**

यस नाटकमा हरेक कोणबाट द्वन्द्वको चित्रण गरिन्छ । यहाँ केटाकेटी बिचको द्वन्द्व, प्रेमी प्रेमिका बिचको द्वन्द्व र श्रीमान श्रीमती बिचको द्वन्द्वबाट नाटक प्रभावकारी बनेको छ ।

**भाषाशैली**

यस नाटकमा सामान्य युवायुवती बिच प्रयोग हुने शब्द भाषाशैलीको रूपमा आउँदै बिच बिचमा अङ्ग्रेजी, हिन्दी र कतैकतै अनुकरणात्मक शब्दको प्रयोगले नाटक प्रभावकारी छ ।

**उद्देश्य**

यस नाटकको उद्देश्य मानवीय समस्याहरू धेरै आइपर्दछन् र त्यस्ता समस्याको निराकरण सजिलै गर्नुपर्दछ भन्दै विभिन्न भ्रमलाई मेटाउनु रहेको छ । अन्त्यमा 'शंकाले लंका जलाउँछ' भन्ने उक्ति सँगै नाटकले सन्देश लिएको छ ।

### ५.१.१६ नाटककार दामोदरप्रसाद सुवेदी

वि.सं. २०३३ साल कार्तिक १५ गते डोल्पा जिल्लाको काजुल ६ लिवाङमा जन्मेका सुवेदी 'मर्सिफूल' साहित्यिक उपनामले चिनिने व्यक्तित्व हुन् । शिक्षाको

क्षेत्रमा वि.एल.,वि.एड र एम.ए (राजनीति शास्त्र) बाट पूरा गरेका सुवेदी हाल अध्यापनतर्फ लागिरहेका छन् । उनले पाएको सम्मान तथा पदवीहरू निम्नानुसार रहेका छन् :-

(क) मानव अधिकार वर्ष (१९९८) को राष्ट्रिय समिति नेपाल

(ख) ललित साहित्य परिषद् रोल्पाबाट (२०६३) मा साहित्यिक अभिनन्दन

(ग) राप्ती साहित्यिक परिषद्बाट (२०६३) मा साहित्यिक पुरस्कार

(घ) लेखक संघ दाङबाट (२०६५) मा बमशङ्कर साहित्यिक पुरस्कार

**प्रकाशित कृतिहरू**

(क) दु:खान्त पल्लवी (खण्डकाव्य), २०५७

(ख) पञ्चामृत संयुक्त संग्रह, २०६२

(ग) त्रिवेणी संयुक्त गजल, २०६७ माघ र यसका साथै गीतहरूको लेखन सङ्कलन

### ५.१.१६.१ नाटककार दामोदरप्रसाद सुवेदीको 'कर्तव्य' नाटकको अध्ययन

'कर्तव्य' नाटक दामोदर प्रसाद सुवेदीको वि.सं. २०६२ सालमा नवयुग स्मारिकाबाट प्रकाशित कृति हो । यहाँ अशिक्षित ग्रामीण समुदायका व्यक्तिमाथि स्वास्थ्य र प्रजनन सम्बन्धी शिक्षा दिन खोजिएको छ ।

'कर्तव्य' त्यस्तो शब्द हो, जसबाट जानकारी भएका व्यक्तिमार्फत अशिक्षित नागरिक समक्ष राम्रो सल्लाह दिनु भन्ने बुझिन्छ । यहाँ परम्परामा हुर्के बढेका बलेका बाबु आमालाई उचित शिक्षा दिन खोजिएको छ । प्रारम्भमा दोजिया बनेकी सुन्तलीलाई बलेले स्वास्थ्य कार्यकर्तासम्म पुऱ्याएको घटनाक्रमबाट नाटकको विस्तार भएको छ । सन्तानको स्वास्थ्य सम्बन्धी जानकारी पाएको बलेले आफ्नो कर्तव्य पूरा भएको आधारबाट नाटकको शीर्षक सार्थक रहेको छ ।

स्वास्थ्य कार्यकर्ताले रोग सम्बन्धी किताब पढिरहेको अवस्थाबाट प्रारम्भ भएको नाटक सुरक्षित गर्भपतन र नवजात शिशुको स्याहार भन्ने विचारधारासँगै विदा लिन्छ । यस बिचमा बलेका दम्पत्ती स्वास्थ्य चौकीमा जाँदै उचित सरसल्लाह लिएको घटनासँगै नाटकको विस्तार भएको छ । अन्धविश्वास र पुरानै कुरीतिमा बस्ने बलेका आमा बुबाबाट नाटकले छुट्टै मोड लिएको छ । दोजिया बनेकी सुन्तलीको स्वास्थ्यबारे ध्यान दिने कुरा भन्दा दुवै बुढाबुढी तीन छक परेका हुन्छन् । पुरानो जमानासँग

आधुनिक जमानाको तुलना गर्न खोज्ने पात्र आफ्नै ढिपीपनमा व्यस्त छन् । स्वास्थ्य र प्रजनन भनेको कुन चराको नाम हो ? भन्ने पुरानै संस्कारका पात्र मार्फत नाटकले द्वन्द्वको रूप लिएको छ ।

अन्त्यमा स्वास्थ्यकर्मी मार्फत सम्झाइ बुझाइ गरी बुढाबुढीको मन जित्दै पुरानो सोचाईको निराकरण गरी नविन विचारधाराबाट आधुनिकतातिर फर्केको घटनासँगै नाटक टुङ्गिएको छ ।

यस नाटकलाई निम्न लिखित आधारबाट चिनाउन सकिन्छ :-

**पात्र**

यस नाटकमा बले, सुन्तली, स्वास्थ्यकर्मी, आमा र बुढो रहेका छन् । बले र सुन्तलीकै कार्य व्यापारबाट सुरु भएको नाटक स्वास्थ्य र प्रजनन सम्बन्धी नयाँ ज्ञान दिँदै स्वास्थ्य कार्यकर्ताले पुराना संस्कारमा हुर्केका बुढाबुढीलाई सम्झाई बुझाई गरेका छन् ।

**परिवेश**

यस नाटकको परिवेश ग्रामीण समाज हो । प्रारम्भमा स्वास्थ्य चौकीलाई देखाउँदै बिच भागमा पानीपँधेरा, घाँसदाउरा र विभिन्न गोरेटा बाटाहरू देखापरेका छन् ।

**द्वन्द्व**

यस नाटकमा पुरानो संस्कार र नयाँ संस्कार बिच द्वन्द्वको विजारोपण भएको छ । नाटकको बिच भागबाट द्वन्द्वको चित्रण हुँदै अन्त्य भागमा भने नयाँ विचारधाराको विजय देखाइ प्रजनन र स्वास्थ्य सम्बन्धी राम्रो जानकारी दिएको पाइन्छ ।

**भाषाशैली**

प्रस्तुत नाटकको भाषाशैली सामान्य ग्रामीण समाजमा आधारित रहेको छ । पुरानै संस्कारमा हुर्केका व्यक्तिले बोल्ने भाषा, झर्रा शब्द र संस्कृत तत्सम शब्दबाट नाटकको घटनाक्रम सरल, सुबोध्य र स्तरीययुक्त छ ।

**उद्देश्य**

यस नाटकको उद्देश्य अशिक्षित ग्रामीण समाजमा स्वास्थ्य सम्बन्धी उचित जानकारी दिनु रहेको छ । पुरानो संस्कारका व्यक्तिहरूको लापर्वाही र सोचाइको समन गर्न यस नाटकले जनचेतनामूलक उद्देश्य लिएको छ ।

### ५.१.१७ नाटककार सीता लम्साल

सीता लम्सालको जन्म वि.स. २०४० कार्तिक १६ गतेका दिन घोराही नगरपालिका वडा नं. ८ बडहरामा जन्मिएकी सीता लम्साल बुबा जगत प्रसाद लम्साल र आमा उमादेवी लम्सालको सुपुत्री हुन् । आई. ए. सम्मको अध्ययन गरेकी लम्सालले विभिन्न नाट्य विधामा कलम चलाएर प्रमाण पत्रहरू पाएकी छन् । उनको प्रकाशित कृति नभए तापनि फुटकर एकाङ्कीको रूपमा 'आमा' रहेको छ ।

### ५.१.१७.१ नाटककार सीता लम्सालकोआमा ' नाटकको अध्ययन

'आमा' नाटक सीता लम्सालको वि.सं. २०६२ सालमा 'नवयुग' स्मारिकामा प्रकाशित देशको वर्तमान स्थितिलाई केन्द्रीत गर्ने यथार्थवादी एकाङ्की नाटक हो । यहाँ नेपालमा भै रहेको विभिन्न घटनालाई समेटेर देशको गम्भिर स्थितिमाथि ध्यानाकर्षण गरिएको छ ।

'आमा' भनेकी त्यस्ती प्रेरणाकी स्रोत हुन्, जसले आफ्ना सन्तानहरूलाई खुसी शान्त र कर्तव्य परायणतामा राख्न चाहान्छिन् । यो नाटक विभिन्न युद्ध स्थलको चपेटामा परेकी आमाले आफ्ना सन्तानप्रतिको मायालाई देखाउँदै विस्तार गरिएको छ । वर्तमान देशको कहाली लाग्दो अवस्थालाई चित्रण गरी आमा छोराको भोगाईलाई केन्द्रीत गरेर लेखिएकाले शीर्षक सार्थक छ ।

यो नाटक आमाको दयानीय वेशभूषाबाट प्रारम्भ हुँदै मृतक अवस्थामा पुगेकी आमालाई दाहसंस्कार गर्ने एक्लो सन्तानको स्थितिमा अन्त्य भएको छ । यस बिचमा युद्धको भूमरीले आमा छोरालाई गम्भिर सोचमा पुऱ्याएको छ । आमाको खोक्रिएको अवस्था र छोराको गन्तव्य विहिन यात्रामा विस्तार भएको नाटक युगीन बनेको छ । वर्तमान अवस्थामा हुँदै गरेका अन्याय, अत्याचार, कुरीति, हिँसा तथा कुप्रथाको चित्रण गरी नेपाल आमाका सन्तानका भोगाईलाई केन्द्रित गरेर लेखिएको नाटक सन्देश युक्त

छ । युद्धकै कारण सिन्दुर पुछिएकी नारी र अभिभावक गुमाएका सन्तानबाट नेपाल आमा कुरुप बन्दै छिन् भन्दै देशको वर्तमान अवस्थालाई केन्द्रित गरिएको छ । यस्तो भयावह अवस्थाबाट नेपाल आमाको अन्त्य हुने घटनासँगै खोलानाला लगायत विभिन्न जलासयहरू रगतले रातो भैसकेको स्थिति देखिन्छ । यसरी नेपाल आमाको आयु छोटिँदै छ भन्दै नाटकलाई उत्कर्षमा पुऱ्याइएको छ । अन्त्यमा देशको विभिन्न गम्भिर परिणती सन्तानको अवस्था र नेपाल आमाको गम्भिरतासँगै नाटक टुङ्गिएको छ ।

यस नाटकमा निम्न लिखित आधारबाट चिनाउन सकिन्छ :-

**पात्र**

यस नाटकमा पात्रका रूपमा आमा र छोरा रहेका छन् । यी दुवैले देशको गम्भिर स्थितिलाई मध्यनजर गरी नाटकको विस्तार गरेका छन् ।

**परिवेश**

यस नाटकले संकटकालको रक्तिम इतिहासलाई चित्रण गरेको छ । चारैतिरका बन्दुक, बारुदहरू, निराहार जङ्गल र आक्रमणको मारबाट धमेलिएका पानीका मुहानहरूलाई परिवेशका रूपमा चित्रण गर्न सकिन्छ ।

**द्वन्द्व**

प्रस्तुत नाटकमा द्वन्द्वकोचरमोत्कर्ष देखाइएको छ । दुवै पक्ष बीचको द्वन्द्वले युगलाई मध्यनजर गरी संकटकालको चित्रण गरेको छ ।

**भाषाशैली**

यस नाटकमा सामान्य भाषाशैलीसरल, स्तरीय र कतैकतै अनुकरणात्मक शब्दको प्रयोग गरिएको छ ।

**उद्देश्य**

यस नाटकबाट युद्धको परिणाम देखाउँदै शान्ती र प्रजातन्त्रको खोजिलाई उद्देश्यको रूपमा राखिएको छ । नेपालमा बढ्दै गएको युद्ध कालीन परिवेशलाई मध्यनजर गरेर लेखिएको नाटकले युगीन सन्देश दिएको छ ।

# छैटौं परिच्छेद
# शोधसार/ निष्कर्ष

नेपालका ७५ जिल्लाहरूमध्ये दाङ जिल्ला मध्यपश्चिम विकास क्षेत्रमा पर्ने एउटा तराई क्षेत्र अन्तर्गतको जिल्ला हो । एसिया महादेशकै ठूलो उपत्यकाका रूपमा चिनिने दाङ भौगोलिक दृष्टिकोणले मात्र नभएर साहित्यिक र सांस्कृतिक दृष्टिले पनि महत्वपूर्ण छ । राप्ती अञ्चलमा पर्ने पाँच जिल्लाहरूमध्ये दाङ जिल्ला एउटा तराईमा पर्ने जिल्ला हो । राष्ट्रिय स्तरका कवि तथा साहित्यकार र कलाकारहरू यस जिल्लाले जन्माएको छ । तिनीहरूमा वरिष्ठ पत्रकार तथा साहित्यकारहरूमा नारायणप्रसाद शर्मा, कवि गणेश विषम, उपन्यासकार तथा राजनीतिज्ञ बलदेव मजगैयाँ, कथाकार उत्तम कृष्ण मजगैयाँ, केशव सुवेदी, नेत्र एटम, रत्नाकर देवकोटा, गायक शिशिर योगी, गायिका चन्द्रकला शाह, कोमल वली, सिन्धु मल्ल, विणा रजौरे जस्ता प्रतिभाहरूले दाङ जिल्लाको परिचय मात्र दिएका छैनन् दाङ जिल्लाको गरिमालाई बढाएर राष्ट्रिय स्तरमै चिनाएका छन् । त्यसैले आज आएर नेपाली साहित्य संसारमा यस जिल्लाले महत्वपूर्ण भूमिका निर्वाह गरेको देखिन्छ ।

दाङ जिल्लाको नाटक विधामा महत्वपूर्ण भूमिका निर्वाह गर्ने सुखदेव लामिछाने र डिल्ली बस्नेत कृतिकारको रूपमा रहेका छन् । त्यस्तै फुटकर नाटक लेख्नेमा नारायणप्रसाद शर्मा, भागवत शर्मा, विज्ञान शर्मा, दुर्गालाल के.सी. , विष्णुप्रसाद पोखेल, डिल्ली बस्नेत, कर्णप्रिय धिताल, दिपकराज आचार्य, कमल गाउँले, मित्रलाल पार्दे, लोकराज अधिकारी, लोकराज पराजुली, कमलमुनी देवकोटा, अमर सुवेदी, दामोदरप्रसाद सुवेदी जस्ता व्यक्तिहरू रहेका छन् ।

दाङ जिल्लाको पहिलो नाटक, 'अभिमन्यु', हो, जसको लेखन गर्ने श्रेय नारायणप्रसाद शर्माको रहेको छ । यस्तै नाटकको पहिलो 'च्यारिटी सो', 'पच्चिस विघा' शर्माकै लेखनमा रहेको थियो । यी नाटकहङ क्रमशः २००४ र २०२१ सालमा प्रदशर्न भएका थिए ।

विभिन्न पत्र पत्रिकाको आधार अनुसार भागवत शर्माले वि.सं. २०६१ वैशाख महिनामा राप्तीदूत पत्रिकामा 'छहारी' शीर्षकको पूर्वीय दर्शनमा आधारित नाटक लेखेका छन् । यस नाटकबाट विभिन्न कुलतमा फसेका युवायुवतीहरूलाई सत् मार्गमा आउन आधार प्रदान गरेको छ । विगत र वर्तमान बिचको तुलना गर्दै मानवीय व्यवहार दानवीयमा जाँदै गरेको घटनालाई लिएर विस्तार भएको सत मार्गको चित्रण गर्नु यसको सन्देश रहेको छ ।

विज्ञान शर्मा दाङ जिल्लाका युगलाई ध्यान दिएर लेख्ने साहित्यकार हुन् । उनी विशेष गरी पत्रकारको रूपमा अध्ययनशील रहेका छन् । उनको पहिलो प्राप्त भएको नाटक 'साँचो मुक्तिको बाटो' वि.सं. २०६० मा राप्तीदूत पत्रिकामा प्रकाशित एकाङ्की नाटक हो । यसमा युद्धलाई हटाउने प्रयत्न गरिएको छ । सङ्कटकालको वातावरणलाई देखाउँदै मानवतावादी जनयुद्धतिर लाग्न बच्चाहरूलाई रोकथाम गरी शान्ती बन्दुकबाट नआएर कलमबाट आउँछ भन्ने सन्देश रहेको छ ।

त्यस्तै अर्का नाटककार दुर्गालाल के.सी. समाजका अन्धविश्वास र कुरीति विरुद्धको यथार्थ चित्रण गरेर लेख्ने व्यक्ति हुन् । उनको प्राप्त नाटक 'परिवर्तन' 'अन्तर्ध्वनि' (२०६४ : ४१ : १) मा प्रकाशित फुटकर रूपमा रहेको छ । यसका आधारमा ग्रामीण समाजमा उपेक्षित बनेका विधवाहरूको दयनीय जीवन पद्धति वर्णन गर्दै र हेर्ने दृष्टिकोण समेत चित्रण गरिएको छ । शोषक सामन्ती र रुढीवादी परम्परालाई हटाउँदै विधवा पनि अन्य नारी जस्तै अधिकारमा बाँधिन सक्छन् भन्दै पुर्नविवाहले उद्देश्यमूलक बाटो लिन सक्छ भन्ने सन्देश पाइन्छ ।

त्यस्तै अर्का नाटककार विष्णु प्रसाद पोखेलल राजनीतिक परिवेशबाट समाजका असमान रीतिलाई ध्यान दिएर लेख्ने व्यक्ति हुन् । पाखेलले आफ्नै कथा आफ्नै व्याथा शीर्षक राप्तीदूत, (२०६५ : ३१ : ८) मा प्रकाशित सामाजिक यथार्थवादी नाटक हो । यस नाटकमा विभिन्न गरिव वर्गका जनताहरूमाथि आइपरेको समस्यालाई ध्यानमा राख्दै देशका प्रत्येक ठाउँमा विकाश गर्दै स्वास्थ्य, शिक्षा, रोजगार र गरिवी निवारण जस्ता सबल पक्षमा ध्यान दिनु देखिन्छ ।

त्यस्तै अर्का नाटककार डिल्ली बस्नेत देशको वर्तमान गतिविधिलाई मध्यनजर गरेर लेख्ने व्यक्ति हो । उनले 'अंशवण्डा', 'अन्तर्ध्वनि', (२०६७ : ४२ : २८)मा

प्रकाशित फुटकर नाटकको रूपमा रहेको छ । यहाँ ग्रामीण समाजको उदाहरण दिएर देशप्रतिको वर्तमान गतिविधिमाथि ध्यानाकर्षण गर्ने नीति रहेको छ ।देश टुक्रिनु भनेको परिवार टुक्रिनु जस्तै हो भन्दै देशप्रेमको भावना लिएको नाटकले संरचनावादी नीति लिएको छ ।

त्यस्तै अर्का नाटककार शरद अधिकारीले 'विद्रोह' अन्तर्ध्वनी (२०६७:४२:२७ ) मा प्रकाशित फुटकर नाटकको रूपमा रहेको छ । यसमा अन्याय, अत्याचार र शोषण भएमा विद्रोह हुन्छ भन्दै नेताहरू बिच धेरै प्रकारका धारणा व्यक्त भएका छन् । यस नाटक जमिन्दारहरूको विरुद्धमा लेखिएको हो । नवयूग नाट्य साँस्कृतिक समूह दाङबाट विभिन्न स्रष्टाहरूबाट उल्लेख गर्दा :

नारायण प्रसाद शर्माकोबाट लेखिएको 'चोखो मान्छे' नामक शीर्षकबाट मान्छेमा हुनुपर्ने चारित्रिक गुण र विशेषता औल्याउँदै लेखिएको नाटकले युगीन सन्देश दिन खोजेको छ । प्रारम्भमा पारिवारिक समस्या देखाउँदै अग्रगति लिएको नाटकले समाज लगायत राष्ट्रकै अवस्थालाई केन्द्रित गरेको छ ।

नवयुग स्मारिका (२०६२) बाट नाटकलाई उल्लेख गर्दा नाटककार कर्णप्रिय 'प्रकृति' धितालको 'सेतो परेवा' शीर्षक द्वन्द्वकालको परिवेश चित्रण गर्दै युद्धको परिणाम भयावह हुन्छ र जसले दुर्भाग्यलाई निम्त्याउँछ भन्ने तर्क प्रस्तुत गरिएको छ । यसबाट मुक्त हुन शान्तीको कामना गर्दै युगीन सन्देश दिन खोजिएको छ ।

यसैगरी नाटककार दिपकराज आचार्यको 'ओइलाएका फूल' शीर्षकमा बालबालिकाको सर्वाङ्गिण विकासका लागि अभिभावकको दायित्व उल्लेख गरिएको छ । शिक्षा, स्वास्थ्य लगायत विभिन्न आवश्यकताहरू पूरा गर्न आफ्ना बालबालिकाहरूप्रति अभिभावकहरूको कर्तव्य उल्लेख गर्दै सन्देश दिन खोजिएको छ ।

यसैगरी नाटककार कमल गाउँलेको 'मेरो गाउँ' शीर्षकमा जनयुद्धबाट नेपाल आमामाथि आइपरेको प्रतिकूल अवस्थाबारे वर्णन गरिएको छ । यसबाट परिवारका सन्तानहरूको उदाहरण उल्लेख गरी देशमा शान्तीको सन्देश दिनु रहेको छ ।

यसैगरी मित्रलाल पार्देको 'के बुद्ध जन्मिँदैन' शीर्षकमा युद्धकै परिणतीलाई मध्यनजर गरेर यसबाट जिवनस्तर भयग्रस्त र चिन्ताजनक उल्लेख गरिएको छ ।

जनताहरूले मुक्ति पाउन अन्याय, अत्याचार त्याग्दै शान्तीतिर जागरूप हुने सन्देश दिन खोजेको छ ।

यसैगरी लोकराज अधिकारीको 'आवेग' नामक शीर्षकबाट ग्रमीण भन्दा शहरिया परिवेशलाई चित्रण गर्दै यूवा यूवतीहरूले अचानक उग्रतामा आएर निर्णय लिन उचित हुँदैन भन्ने मनोबैज्ञानिक असरबारे वर्णन गरिएको छ ।

यसैगरी नाटककार लोकराज पराजुलीको 'मन नफाटोस्' शीर्षकबाट बालशिक्षाको जानकारी दिएर प्रत्येक घरका अभिभावक वर्गहरूले सन्तानहरू प्रति समान धारणा राख्नु पर्ने सन्देश दिन खोजेको छ ।

यसैगरी नाटककार कमलमणि देवकोटाको 'पत्रकार सम्मेलन' शीर्षकमा पिछडिएको स्थानलाई विकास योजनामा टेवा दिनु, जनताको मर्म बुझ्नु र इमान्दारीताको नीति फैलाउनु सन्देश रहेको छ ।

यसैगरी नाटककार अमर सुवेदीको 'शङ्का' शीर्षकबाट मानवीय समस्यामा मनोवैज्ञानिक असरबारे प्रकाश पार्न खोजिएको छ । यहाँ युवायुवती बिच बढ्दो उमेरमा भएको शंका उपशंका फैलिएको र ती भ्रम तथा तनावका सूचक हुन् भन्दै घटनाक्रमको विस्तार गर्न खोजिएको छ । त्यस्ता कुण्ठाहरूलाई तत्कालै हटाउँदै नयाँ विचारधारामा परिणत हुने बताइएको छ ।

यसैगरी नाटककार दामोदर प्रसाद सुवेदीको 'कर्तव्य' नाटकबाट ग्रामिण अशिक्षित समुदायलाई नयाँ सन्देश दिन खोजेको छ । स्वास्थ्य र सरसफाइको उचित सल्लाह लिदै स्वास्थ्य, प्रजनन् र अन्य विभिन्न अवधारणाबाट जनचेतनामूलकजानकारी दिन खोजिएको छ ।

यसै गरी नारी स्रष्टा नाटककार सीता लम्सालको 'आमा' शीर्षकबाट देशको अवस्थासँग वर्तमान स्थितिको चित्रण गर्दै विभिन्न राजनीतिक परिवेश, हत्या हिंसा, जस्ता कुकार्यको चित्रण गरी स्वदेश निर्माणमा मानवतावादी चिन्तनलाई विस्तार गरिएको छ ।

यसरी झण्डै २००४ देखि सुरुवात भएको दाङको नाट्य परम्परा विभिन्न कालक्रममा अझै विस्तार हुँदै आएको छ । बिच बिचमा प्रकाशनको अभाव रहेको नाट्य विधाले थोरै आयाममा भूमिका खेलेको छ । हाल प्राप्त जानकारी अनुसार

विभिन्न पत्रपत्रिकाम छापिएका  पूर्णाङ्की कृतिका रूपमा दुई वटा नाटकहरू प्रकाशित रहेका छन् । यस्तै एकाङ्कीको रूपमा करिब १८ जनाको भूमिका उल्लेख गरिएको छ । यहाँ वास्तविक अध्ययनबाट करिब १०५ वटा नाटकहरु रहेको देखिन्छ । यी नाटककारहरूबाट दाङ जिल्लाको धार्मिक अवस्था, राजनैतिक अवस्था, शैक्षिक अवस्था, अन्धविश्वासको धारणा र जनचेतनामूलकको सन्देश दिन खोजिएको छ । विभिन्न विसङ्गती र परिणतिको घटनासँगै नाटकले वैचारिक नीतिको माग राख्दै तत्कालीन समाजका अन्याय, अत्याचार, शोषण तथा कुरीतिको अन्त्यसँगै सुन्दर समाजको निर्माण गर्ने भाव व्यक्त भएको छ । वर्तमान समयमा नाटक क्षेत्रतिर समाज उदासिन हुँदै विभिन्न चलचित्रले स्थान लिएतापनि दाङको नाटककार र तिनका कृतिहरूले नेपाली साहित्य भण्डारको संमृद्धी र श्रीवृद्धिमा अमूल्य योगदान दिएका छन् । यसैलाई मध्यनजर गरेर विभिन्न स्रष्टाहरूले कदम चलाउदै साहित्यको उर्वरभूमि बनाउन आ-आफ्नो क्षेत्रबाट योगदान दिइरहेको देखिन्छ ।

# सन्दर्भ सामग्री सूची


**पुस्तकहरू**

आचार्य, गोविन्द. २०६३. **राप्ती लोक साहित्य**. काठमाडौं : पैरवी प्रकाशन ।

पोखरेल, रामचन्द्र. २०६२. **नेपाली नाट्य सिद्धान्त र समीक्षा**. काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

लामिछाने, सुखदेव. २०६०. **प्रायश्चित**. तुलसीपुर : गौतम छापाखाना ।

भट्टराई, घटराज र भट्टराई शरदचन्द्र. **२०४९. प्राचीन नेपाली गद्य**. काठमाडौं : साझा प्रकाशन ।

सुवेदी, केशव. २०६५. **राप्तीको साहित्यको रूपरेखा**. काठमाडौं : एकता बुक्स ।

**पत्रिकाहरू**

कंसाकार, प्रेमबहादुर. २०१९. हाम्रो नाटक परम्परा. **हिमाली** : वर्ष १. अङ्क १ ।

गिरी, अमर. २०५०. दाङको संक्षिप्त साहित्यिक इतिहास : **अन्तर्ध्वनि**. वर्ष २७. अङ्क १

देवकोटा, इव. २०५०. दाङको साहित्यिक सेरोफेरो संक्षिप्त .अवलोकन : **सञ्चिता**. वर्ष १ अङ्क १ ।

देवकोटा, रत्नकर. २०६३. नेपाली साहित्यको श्रीवृद्धिमा दाङ, देउखुरीको योगदान **उन्नयन** : अङ्क ५९ ।

बस्नेत, डिल्ली. २०६४. ज्यूँदो लाश. **उत्साह गजलकुञ्ज** : वर्ष ३ अङ्क ८ ।

मजगैयाँ, उत्तम कृष्ण. २०६२. नवयुग नाट्य संस्कृति समूह दाङ. **स्मारिका** : वर्ष १ अङ्क १ ।

मजगैयाँ, उत्तम कृष्ण. २०६३. **प्रवाह**. लेखक संघ : वर्ष १ अङ्क ३ ।

**शोधपत्रहरू**

गौतम, राजेन्द्र. २०६९. **नेपाली साहित्यमा छहरा पत्रिकाको योगदान**. अप्रकाशित. स्नातकोत्तर शोधपत्र. काठमाडौं : नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय ।

गौतम, किरण. २०६९. **नेपाली साहित्यमा दाङका साहित्यिक पत्रिकाको योगदान.** अप्रकाशित. स्नातकोत्तर शोधपत्र. काठमाडौं : नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय ।

पाण्डे, श्यामलाल. २०६६. **नेपाली साहित्यमा ज्योत्सना पत्रिकाको योगदान.** अप्रकाशित. स्नातकोत्तर शोधपत्र. काठमाडौं : नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय ।